
भदौ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १० | २०८० भदौ १६-३१ | पूर्णाङ्क ७४८



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ७ | इजलास नं. ६ | ७ |
| इजलास नं. २ | १५ | इजलास नं. ७ | १ |
| इजलास नं. ३ | ९ | इजलास नं. ८ | १ |
| इजलास नं. ४ | १६ | इजलास नं. ९ | १ |
| इजलास नं. ५ | ४ | | |
| **जम्मा** | **५१** | **जम्मा** | **१०** |

**कूल जम्मा ५१ + १० = ६१**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८...,  ... .... – १ वा २, पृष्ठ ....**

**(साल)  (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, भदौ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - ८** |
| १. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शेख अमरूदिन भन्ने कमरूद्दिन शेख | १ |
| २. | डाँका चोरी | नेपाल सरकार वि. ललित वलीसमेत | २ |
| ३. | फैसला बदर, बिगो भरिभराउ बदरसमेत | टिकाहाङ जबेगु वि. अषिम नेम्वाङसमेत, सुर्य कुमार नेम्वाङ वि. अषिम नेम्वाङसमेत | ३ |
| ४. | बन्दी प्रत्यक्षीकरण | सोनालाल प्रसाद यादवसमेत वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | ४ |
| ५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. टोपबहादुर रावत | ५ |
| ६. | बन्दी प्रत्यक्षीकरण | देवीप्रसाद अर्याल वि. स्याङ्जा जिल्ला अदालत, स्याङ्जासमेत | ६ |
| ७. | बन्दी प्रत्यक्षीकरण | सुरेश मटाम वि. कारागार कार्यालय, मकवानपुरसमेत | ७ |
| **इजलास नं. २** | | | **८ – १९** |
| ८. | बन्दी प्रत्यक्षीकरण | रत्नलाल श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत | ८ |
| ९. | कर्तव्य ज्यान | रामबली यादव वि. नेपाल सरकार | ८ |
| १०. | जबरजस्ती करणी | नेपाल सरकार वि. धनबहादुर विष्ट | ९ |
| ११. | बन्दी प्रत्यक्षीकरण | पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, संखुवासभासमेत | १० |
| १२. | बन्दी प्रत्यक्षीकरण | सरस्वती सञ्जेल वि. इलाका प्रहरी कार्यालय, सुनसरीसमेत | १० |
| १३. | बन्दी प्रत्यक्षीकरण | हंश कुमाल वि. इलाका प्रहरी कार्यालय, बिर्तामोड अनारमनी, झापासमेत | ११ |
| १४. | उत्प्रेषण / परमादेश | ऋषिराम खनाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ११ |
| १५. | उत्प्रेषण / परमादेश | अर्जुनबहादुर थापा वि. नेपाल कृषि अनुसन्धान परिषद्, काठमाडौंसमेत | १२ |
| १६. | अंश चलन | गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ | १२ |
| १७. | कर्तव्य ज्यान | कुशे साह वि. नेपाल सरकार | १५ |

| | | | |
|---|---|---|---|
| १८. | बन्दी प्रत्यक्षीकरण | गिरेन्द्रमान सिंह राउत वि. डोल्पा जिल्ला अदालत, डोल्पासमेत | १५ |
| १९. | बैंकिङ कसुर | नेपाल सरकार वि. विश्वराज कोइराला | १६ |
| २०. | जबरजस्ती करणी | दीपक रावत वि. नेपाल सरकार | १६ |
| २१. | उत्प्रेषण | प्रल्हादप्रसाद शाहसमेत वि. निर्वाचन आयोग, काठमाडौंसमेत | १७ |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धि भन्ने किरण राई | १८ |
| **इजलास नं. ३** | | | १९ – २८ |
| २३. | उत्प्रेषण / परमादेश | गगनदेव साह तेली वि. सशस्त्र प्रहरी बल, पाथीभरा गण, झापासमेत | १९ |
| २४. | बन्दी प्रत्यक्षीकरण | सन्तोष भन्ने शान्ति प्रसाई वि. झापा जिल्ला अदालतसमेत | २० |
| २५. | उत्प्रेषण | देबेन्द्रराज सापकोटा वि. उच्च अदालत पाटनसमेत | २१ |
| २६. | अंश चलन | ललितादेवी साह वि. डा. तिलकचन्द साह | २३ |
| २७. | उत्प्रेषण | रितेशराज पन्त वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौं | २४ |
| २८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रिन्की न्यौपाने | २५ |
| २९. | वैदेशिक रोजगार कसुर | भरत भट्टराई वि. नेपाल सरकार | २६ |
| ३०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. पारस लोहनी | २७ |
| ३१. | वैदेशिक रोजगार कसुर | सगिर खान वि. नेपाल सरकार | २८ |
| **इजलास नं. ४** | | | २८ – ४५ |
| ३२. | अपुताली एवम् शेषपछिको बकसपत्रसमेत | नानीमाया भन्ने बेलमाया गिरी वि. मिनाकुमारी गिरी | २८ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | निता प्रसाई वि. झापा जिल्ला अदालतसमेत | २९ |
| ३४. | दूषित लिखत दाखेल खारेज बदरसमेत | मनकुमारी खत्री (खड्का) वि. सुरेन्द्र विक्रम बुढा | ३० |
| ३५. | जालसाजी | निर कुमारी लिम्बुसमेत वि. महेन्द्रनाथ कायस्थसमेत | ३० |
| ३६. | अंशसहित सम्बन्ध विच्छेद | लक्ष्मण खनिया वि. अनु पाण्डे | ३१ |
| ३७. | अंश चलन | सिता कोइरालासमेत वि. प्रतिक्षा कोइरालासमेत, शोभाकान्त कोइराला वि. प्रतिक्षा कोइरालासमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ३८. | अंश | नजामुद्दिन धुनिया वि. मकरूद्दिन मुसलमान | ३५ |
| ३९. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. कृष्णदेव यादवसमेत | ३५ |
| ४०. | उत्प्रेषण | रामचन्द्र यादवसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमान्डौंसमेत | ३६ |
| ४१. | अंश चलन | प्रज्ञान शम्शेर ज.ब.रा. वि. प्रदीप शम्शेर ज.ब.रा. | ३८ |
| ४२. | उत्प्रेषण, प्रतिषेध एवम् परमादेशसमेत | सुशिल कुमार झा वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ३८ |
| ४३. | उत्प्रेषण | नीरा कुमारी शर्मा वि. नेपाल सरकार मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३९ |
| ४४. | निषेधाज्ञा | दिलिपकुमार श्रेष्ठ वि. भैरवमान श्रेष्ठसमेत | ४० |
| ४५. | निर्णय दर्ता बदरसमेत | हरिप्रसाद जोशी वि. तीर्थराज शाक्यको नाउँमा नानी छोरी शाक्य, जनार्दन शर्मा वि. तीर्थराज शाक्यको नाउँमा नानी छोरी शाक्य | ४१ |
| ४६. | करारबमोजिम बहाल रकम भराइपाउँ | कुमुदप्रसाद गौतम वि. प्रेमकुमार गौतमसमेत | ४२ |
| ४७. | कर्तव्य ज्यान | हरिहर कार्की वि. नेपाल सरकार | ४३ |
| **इजलास नं.५** | | | ४५ – ४८ |
| ४८. | हाल साबिक निर्णय दर्ता बदर दर्तासमेत | तारादेवी डंगोल वि. महचाम महर्जनसमेत | ४५ |
| ४९. | उत्प्रेषणसमेत | भरतबहादुर बानियाँ वि. कृषि विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत | ४६ |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. राजन घोर्सानि भन्ने राजिन्द्र घोर्साइने | ४७ |
| ५१. | अपुताली हक कायम | सितादेवी कनुईन वि. बाबुलाल साह कानूसमेत | ४७ |
| **इजलास नं.६** | | | ४८ – ५५ |
| ५२. | बन्दी प्रत्यक्षीकरण | नेगन के.सी.समेत वि. कपिलवस्तु जिल्ला अदालतसमेत | ४८ |
| ५३. | विष सेवन गराई कर्तव्य ज्यान | नेपाल सरकार वि. संगितादेवी साह | ४९ |
| ५४. | क्षतिपूर्ति (उपभोक्ता) | निजामती कर्मचारी अस्पताल, काठमाडौं वि. दीपादेवी ऐर | ५१ |

| | | | |
|---|---|---|---|
| **५५.** | उत्प्रेषण | प्रा. डा. मनराज कोलाक्षपति वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | **५१** |
| **५६.** | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. विजयप्रसाद थारू | **५३** |
| **५७.** | बाटो निकास खुलाइपाउँ | ललिता कुमारी साह वि. खुमादेवी अधिकारी आचार्यसमेत | **५३** |
| **५८.** | जग्गा खिचोला | इनमाया वि.क. वि. प्रेम दमै | **५४** |

| | | | |
|---|---|---|---|
| **इजलास नं.७** | | | **५५ – ५८** |
| **५९.** | मानव अपहरण तथा शरीरबन्धक तथा डाँका | नेपाल सरकार वि. कुमार गुरूङसमेत | **५५** |
| **इजलास नं.८** | | | **५८ – ६०** |
| **६०.** | कर्तव्य ज्यान | गोमती भन्ने गीता मगर वि. नेपाल सरकार | **५८** |
| **इजलास नं.९** | | | **६०** |
| **६१.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. विन्दु शर्मासमेत | **६०** |

## इजलास नं. १

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१२२५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शेख अमरूदिन भन्ने कमरूद्धिन शेख*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा बिना इजाजत कसैले वैदेशिक रोजगारमा व्यवसाय सञ्चालन गर्न नहुने र दफा ४३ मा कसैले बिना इजाजत कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन वा प्रलोभनमा पारी रकम लिएका वा विदेश पठाएमा वैदेशिक रोजगार कसुर ठहर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा निवेदक तथा जाहेरवालाको भनाइलाई हेर्दा प्रतिवादीले वैदेशिक रोजगारको लागि विदेश पठाइदिन्छु भनी रकम लिएको वा प्रलोभनमा पारी विदेश पठाएको देखिँदैन । त्यस्तै निजले आफूसँगै काम गर्ने व्यक्तिहरूलाई कुवेतकै राम्रो पैसा आउने काममा लगाइदिने भनी पैसा लिएको भनी केही पीडित भनिएका व्यक्तिहरू तथा निजका हकवालाहरूले आफ्नो निवेदन तथा जाहेरीमा उल्लेख गरेपनि निजहरूले नै दिएको अर्को निवेदन जाहेरीमा यी प्रतिवादीको साथमा घर दिन भनी नासोको रूपमा पठाएको पैसा निजले घरमा नदिएको भनी उल्लेख गरिदिएको पाइन्छ । यस्तो फरक फरक भनाइबाट यी प्रत्यर्थी/प्रतिवादीले कुवेतमा राम्रो कम्पनीमा काम लगाइदिने भनेर नै पैसा लिएको रहेछन् भन्ने पनि यकिन हुन सक्दैन । घरमा दिन भनेर नासोको रूपमा पैसा लिएको वा अन्य कुनै प्रयोजनका लागि पैसा लिएको विषयलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर मान्न मिल्ने नदेखिने ।

अभियोग दाबी अनुसारको वैदेशिक रोजगार ऐनको दफा १० बमोजिमको कसुर कायम हुनको लागि कसैले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको देखिनुपर्ने र ऐनको दफा ४३ बमोजिमको कसुर कायम हुन कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाइ वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएको वा विदेश पठाएको प्रमाणित हुनुपर्दछ । यसबाहेकको प्रयोजनको लागि पैसा लिएको वा विदेश पठाएकोमा वैदेशिक रोजगारसम्बन्धी कसुर मान्न सकिँदैन । प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको भन्ने नै कतैबाट देखिन नआएको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजात पत्र लिएको वा नलिएको भन्ने प्रश्न नै रहेन । त्यस्तै निजले रकम नै लिएको भएपनि उक्त रकम आफूसँगै कुवेतको एउटै कम्पनीमा काम गर्ने सहकर्मीहरूबाट लिएको देखिन्छ । दुवै पक्ष रकम लिनु दिनुभन्दा अगाडिदेखि नै वैदेशिक रोजगारीमा कुवेतमा रहेको देखिन आएको छ । पीडित भनिएकाहरूको र निजहरूका हकमा निवेदन तथा जाहेरी दिने व्यक्तिहरूले एउटा निवेदन जाहेरीमा राम्रो कम्पनीमा काम लगाइदिने भनी रकम लिएको भन्ने उल्लेख गरेका छन् भने निजहरूले नै अर्को निवेदनमा घरमा दिने भनी नासोको रूपमा पैसा लगेको भनी उल्लेख गरिदिएबाट पैसा लग्नुको उद्देश्य तथा प्रयोजन नै यकिन हुन सकेको छैन । यस्तै प्रलोभनमा पारी कुवेतबाट अन्य मुलुकमा पठाएको पनि देखिन नआउने ।

वैदेशिक रोजगारबाट आर्जन गरेको रकम लिएको विषयलाई वैदेशिक रोजगारसम्बन्धी कसुर मानिने गरी ऐनले व्यवस्था गरेको नभई वैदेशिक रोजगार कसुर हुन बिनाइजाजत वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गरेको वा वैदेशिक रोजगारमा लगाई दिने आश्वासन दिई रकम लिएको वा विदेश पठाएको हुनुपर्ने गरी ऐनले व्यवस्था गरेको छ । यसमा ऐनले उल्लेख गरेको कुनै पनि अवस्था नि:सन्देह पुष्टि हुन सकेको छैन । त्यसैले यी प्रत्यर्थी प्रतिवादीले वैदेशिक

रोजगारसम्बन्धी कसुर गरेको भन्न सकिएन। अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरु फैसला मिलेको नै देखिने।

अतः वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रत्यर्थी / प्रतिवादी शेख अमरूदिन भन्ने कमरूद्दिन शेखलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी मिति २०७५।१।२५ मा भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने ठहर्छ। निजलाई अभियोग दाबी अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा(सुस्मिता)

इति संवत् २०७८ साल असार ६ गते रोज १ शुभम्।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-१२९२, डाँका चोरी, नेपाल सरकार वि. ललित वलीसमेत*

प्रत्यर्थी/प्रतिवादीहरू सिपाही ललित वली र सिपाही सिताराम चौधरीउपर किटानी जाहेरी परेको देखिन आएको छैन। निज प्रत्यर्थी/प्रतिवादीहरूले अभियोग मागदाबीमा उल्लिखित देवीसरा डाँगीसमेतको गरगहना डाँका चोरी गरेको मुद्दामा इन्कार रही सैनिक अनुसन्धान समिति र सैनिक विशेष अदालतसमक्ष बयान दिएको देखिन्छ। निजहरूले आफ्नो बयानमा आफूहरूलाई डाँका चोरी योजनाको सम्बन्धमा कुनै पनि जानकारी नभएको गैरसैनिक व्यक्तिहरूसँग साथित्वको नाताले भेट गर्दा डाँका चोरी मुद्दामा फस्न गएको भनी उल्लेख गरिदिएको पाइन्छ। प्रतिवादीहरू घटना हुँदाको अवस्थामा पक्राउ परेको पनि देखिँदैन र निजहरूबाट तथा निजहरूको घरबाट चोरी भएको भनिएको धनमालसमेत बरामद भएको पाइँदैन। आरोपित गैरसैनिक व्यक्तिहरूको बयानको आधारमा मात्र प्रतिवादीहरूलाई प्रहरीद्वारा पक्राउ गरिएको प्राप्त मिसिल कागजातहरूबाट खुल्न आएको छ। प्रस्तुत मुद्दाका जाहेरवाला तथा अन्य सरकार पक्षका साक्षीहरूलाई यस अदालतमा बकपत्रको लागि उपस्थित गराउन पत्राचार गर्दा उपस्थित गराई बकपत्र गराएको नभई प्रहरीबाट निजहरू फेला नपरेको भन्ने मुचुल्का प्राप्त भएको देखिन आउने।

अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरू न्यायिक परीक्षणका क्रममा समर्थित हुन सक्नुपर्दछ। अदालतमा समर्थित हुन नसकेका अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरूलाई निर्विवाद र शंकारहित मान्न मिल्दैन। दोषी ठहर गर्न निर्विवाद तथा शंकारहित प्रमाणको आवश्यकता पर्ने फौजदारी विधिशास्त्रको सामान्य मान्यता भएकोले सोको अभावमा कसैलाई दोषी ठहर गर्नु न्यायोचित हुन सक्दैन। त्यसैले सैनिक अनुसन्धान समितिसमक्ष गरिदिएको बयानलाई आधार लिनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

यसरी मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा यी प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको भनी भन्न सकिने कुनै ठोस आधार प्रमाणहरू रहेभएको देखिँदैन। निजहरूउपरको कसुर प्रमाणित हुन सक्ने प्रमाणहरू वादी नेपाल सरकार पक्षले पेस गर्नुपर्नेमा सो नगरी केवल अनुसन्धानका क्रममा प्रतिवादीहरू र सहप्रतिवादीहरूले गरिदिएको बकपत्रका आधारमा मात्र निजहरूलाई दोषी ठहर गर्न मिल्दैन। यसरी प्रत्यर्थी/प्रतिवादीहरूको अभियोग मागदाबी प्रमाणित हुने पर्याप्त तथा शंकारहित आधार प्रमाणहरूको अभाव रहेको देखिएकोले निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई सैनिक विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रत्यर्थी/प्रतिवादीहरू सिपाही ललित वली र सिपाही सिताराम चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी सैनिक विशेष अदालतबाट मिति २०७१/१०/१५ मा भएको फैसला मिलेकै

देखिएकोले सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा(सुस्मिता)

इति सवंत् २०७८ असार ६ गते रोज १ शुभम् ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०६९-CI-००५१, ०६९-CI-०३७६, फैसला बदर, बिगो भरिभराउ बदरसमेत, टिकाहाङ जबेगु वि. अषिम नेम्वाङसमेत, सुर्य कुमार नेम्वाङ वि. अषिम नेम्वाङसमेत*

वादी देउकुमारी नेम्वाङ र निजका छोराहरू तथा प्रतिवादी सूर्यकुमार नेम्वाङको बिचमा पतिपत्नी, बुबा र छोराको नाता सम्बन्ध रहेको कुरामा विवाद देखिँदैन । वादी प्रतिवादीहरू बिचमा रीतपूर्वक अंशबन्डा भएको कुरा मिसिलबाट पुष्टि हुन सकेको छैन । यिनीहरूको बिचमा अंशबन्डा नभएको स्थितिमा एकासगोलकै अंशियार रहेको मान्नुपर्ने हुन्छ । प्रतिवादी सूर्यकुमार नेम्वाङले वादी टिकाहाङ जबेगुलाई कपाली तमसुकको लिखत गरिदिँदा यी वादी देउकुमारी नेम्वाङलाई मन्जुरी साक्षीमा राखिएको देखिँदैन । बिगो भरिभराउको प्रक्रियामा दर्तावालालाई बुझिएको अवस्था पनि देखिँदैन । त्यसै गरी जग्गा दर्तावालाको मन्जुरीबेगर निजको नाउँदर्ताको सम्पत्ति अरूलाई दिन पाउने कानूनी व्यवस्थासमेत रहेभएको देखिँदैन । दर्तावालाको मन्जुरीबेगर प्रतिवादी सूर्यकुमार नेम्वाङले वादी देउकुमारी नेम्वाङ नाउँको जग्गा बिगोबापत दिएको कानूनसम्मत देखिँदैन । प्रतिवादी सूर्यकुमार नेम्वाङले ऋण लिँदा यी वादी अषिम र अनुषको उमेर १२ वर्षमुनिको रहेको देखिन्छ । आमा देउकुमारी नेम्वाङ नाउँ दर्ताको उक्त सम्पत्तिमा यी नाबालक वादीहरूको समेत अंशहक रहेकोमा सो सम्पत्तिबाट बिगो भरिभराउ गर्दा तत्कालिन मुलुकी ऐन, दण्डसजायको महलको २६ नं. को कानूनी व्यवस्थासमेतले मिल्ने नदेखिने ।

वादी देउकुमारी नेम्वाङ नाउँ दर्ताको उल्लिखित कि.नं.३०४५, १८७८, १८८० र १८८२ का ४ कित्ता जग्गाहरू लेनदेन मुद्दाका वादी टिकाहाङ जबेगुलाई बिगो भरिभराउ मुद्दामा प्रतिवादी सूर्यकुमार नेम्वाङले बिगोबापत सो जग्गा दिने सहमतिको निवेदन दिएको आधारमा वादी टिकाहाङ जबेगुको नाउँमा दा.खा. भएको देखिन्छ । तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८६ नं.मा फैसला डिसमिस,मिलापत्र,खारिज भएका मुद्दामा सो फैसला डिसमिस, मिलापत्र, खारेज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएका पैंतिस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस, खारिज, मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हक जतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनुपर्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । लेनदेन मुद्दाका वादी प्रतिवादीले आपसी सहमति (मिलापत्र) गरेको आधारमा वादी देउकुमारी नेम्वाङसमेतको हकमा असर परेको देखिँदा निजले बिगो भरिभराउको कारबाहीउपर बदरमा मुद्दा गरेकोलाई अन्यथा मान्न मिलेन । वादीलाई मुद्दा गर्ने हक तथा हदम्याद नरहेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सुरू सुनसरी जिल्ला अदालतले वादीदाबी नपुग्ने फैसला गरेकोमा सो फैसला तत्कालीन मुलुकी ऐन अ.ब. ८३ नं. विपरीत रहेको भनी पुनरावेदन अदालत विराटनगरबाट सुरू फैसला उल्टी भई सम्पूर्ण जग्गा वादीको नाउँमा दर्ता हुने ठहर भएको देखिन्छ । वादीदाबीको वादी देउकुमारी नेम्वाङ नाउँ दर्ताको ४ कित्ता जग्गा वादी प्रतिवादी एकासगोलमा रहँदाको अवस्थामा वादीको नाउँमा राजीनामाको लिखतबाट आएको कुरा मिसिल संलग्न लिखतहरूको प्रतिलिपिबाट देखिन्छ । वादी देउकुमारी नेम्वाङसमेत र प्रतिवादी सूर्यकुमार नेम्वाङसमेत गरी जम्मा ४

जना अंशियार रहेको देखिन्छ । दाबीको जग्गामा प्रतिवादी सूर्यकुमार नेम्वाङको पनि ४ भागको १ भाग अंशहक लाग्ने देखिँदा प्रतिवादी सूर्यकुमार नेम्वाङले लिए खाएको ऋणमा निजको अंशहक भागबाट बिगो भरिभराउ गर्नुपर्नेमा सो ऋण नखाने अंशियार वादीहरूसमेतको अंश भागसमेतबाट बिगो भरिभराउको कामकारबाही भएको प्रक्रिया कानूनसम्मत मान्न मिलेन । वादी दाबीको देउकुमारी नेम्वाङ नाउँ दर्ताको जग्गाको वादीहरूको अंशहक भागसम्म बिगो भरिभराउको कामकारबाही तथा प्रतिवादी टिकाहाङ जबेगु नाउँको दर्तासमेत बदर गर्नुपर्नेमा ऋणी प्रतिवादी सूर्यकुमार नेम्वाङसमेतको भागबाट भएको बिगो भरिभराउको कामकारबाही तथा दर्ता बदर गर्ने गरेको हदसम्मको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको देखिन नआउने।

पुनरावेदक वादी टिकाहाङ जबेगुसँग ऋण लिनेखाने प्रतिवादी सूर्यकुमार नेम्वाङको अंश भागबाट बिगो भरिभराउ गर्नुपर्नेमा वादी देउकुमारी नेम्वाङसमेतको अंश भागबाट बिगो भराउने गरी भएको कामकारबाही कानूनसम्मत नभएको हुँदा दाबीको कि.नं. ३०४५, १८७८, १८८० र १८८२ जग्गाको वादीहरूको अंशहकको ४ भागको ३ भागसम्म बिगो भरिभराउको कामकारबाही सो आधारमा भएको दर्तासमेत बदर गर्नुपर्नेमा प्रतिवादी ऋणी सूर्यकुमार नेम्वाङको ४ भागको १ भाग अंशबाट भएको बिगो भरिभराउको कार्यसमेत बदर गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।०७।२३ मा भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल माघ २५ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७५-CR-२०३०, ०७५-CR-२०३१, जालसाजी, सुर्य कुमार नेम्वाङ वि. अषिम नेम्वाङसमेत, टिकाङ जबेगु वि. अषिम नेम्वाङसमेत

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-००८८, बन्दीप्रत्यक्षीकरणसमेत, सोनालाल प्रसाद यादवसमेत वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

निवेदक सुविन श्रेष्ठ विरूद्ध उच्च अदालत पाटनसमेत भएको ०७६-WH ०३०६ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७७।३।३० मा आदेश हुँदा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम बढिमा तीन वर्षसम्म कैद सजाय हुने मागदाबी लिई अभियोगपत्र दायर भएको मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) को प्रयोग गरी प्रतिवादीलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न मिल्दैन भनी व्याख्या भई सिद्धान्त कायम भएको देखिन्छ । यसरी भएको व्याख्या र कायम गरिएको सिद्धान्तभन्दा अन्यथा फरक दृष्टिकोण राख्नुपर्ने कुनै कारण देखिँदैन । उल्लिखित विवादका सन्दर्भमा प्रतिपादित सिद्धान्त यस विवादका सन्दर्भमा पनि आकर्षित हुने नै देखियो । उल्लिखित व्याख्या वा सिद्धान्त प्रतिकूल हुने गरी निवेदकहरू सोनालाल प्रसाद यादवसमेतलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) को त्रुटिपूर्ण प्रयोग गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने भनी गरिएको काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।२।१६ को आदेश कानूनप्रतिकूल देखिँदा सो आदेश निवेदकहरू सोनालाल प्रसाद यादव, गोपाल प्रसाद यादव र शोयब अन्सारीको हकमा उत्प्रेषणको

आदेशले बदर हुने ।

यसमा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी निजबाट धरौट वा जमानत लिई तारिखमा राख्नुपर्ने हो, होइन ? धरौट वा जमानत लिनुपर्ने भए के कति लिनुपर्ने हो ? अथवा तारिखमा राख्नुपर्ने हो ? भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ वा ६९ समेतका कानूनबमोजिम पुनः आदेश गर्नु भनी हाल मुद्दा विचाराधीन रहेको उच्च अदालत, पाटनका नाउँमा परमादेश जारी हुने ।

निवेदकहरूलाई न्यायिक प्रक्रियाको सन्दर्भमा थुनामा राखिएको र उपर्युक्तअनुसारको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर १० गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CR-०२०९, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. टोपबहादुर रावत*

मौकामा कागज गर्ने चक्रबहादुर रावत, देवेन्द्र प्रकाश वली, कुलबहादुर डाँगी, भक्तबहादुर वलीसमेतका मानिसहरूले प्रतिवादी टोपबहादुर रावतलगायत निजका भाइहरूले पीडितलाई भरूवा बन्दुक फायर गरी घाइते बनाएको भन्नेमा पूर्ण बिश्वास लाग्छ भन्ने बेहोरा लेखाएको देखिए तापनि कसैले हामीहरूले प्रत्यक्ष देखेका हौँ भनी भन्न सकेको देखिँदैन । यस अवस्थामा निजहरू उक्त घटनाका प्रत्यक्षदर्शी नरहेको भन्ने देखिन आयो । प्रत्यक्षदर्शी नरहेका व्यक्तिहरूले मौकामा विश्वास लाग्छ भनी भनेको कुरालाई प्रमाणमा ग्रहण गरी फौजदारी कसुरमा कसुरदार कायम गर्नु न्यायोचित नहुने ।

पीडितलाई के-को प्रहारबाट, के-कस्तो घाउ चोट लागेको हो भन्ने कुराको स्पष्ट यकिन हुने गरी घाउ जाँच केस फारामसमेत गराएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिँदैन । मिसिल संलग्न बेस्टर्न हस्पिटल नेपालगञ्जको प्रेस्क्रिप्सन्समा पीडितलाई बन्दुकले गोली लागेको र सोही चोटबाट पीडित घाइते भएको वा पीडितको शरीरमा ज्यानै मर्नेसम्मको घाउचोट परेको भन्ने कुरा उल्लेख भएकोसमेत नदेखिने ।

जाहेरवाला रेशमबहादुर वलीसमेत उक्त घटनाको प्रत्यक्षदर्शी रहेको देखिँदैन । जाहेरी दरखास्तले आफैमा प्रमाणको रूप ग्रहण नगर्ने र यसले अन्य साक्षी प्रमाणको सापेक्षतामा प्रमाणको रूप ग्रहण गर्ने भएको हुँदा अनुसन्धानबाट सङ्कलित प्रमाण कागजले जाहेरी बेहोरालाई समर्थन गर्छ वा गर्दैन भन्ने मुख्य विषय रहेको हुन्छ । यस अवस्थामा घटना परिस्थितिसँग जोडिएका साक्षी प्रमाणहरूले जाहेरी बेहोरालाई पुष्टि गर्ने अवस्था भएमा मात्र जाहेरी दरखास्तले प्रामाणिक मुल्य प्राप्त गर्दछ । प्रस्तुत वारदातमा सङ्कलित प्रमाणहरूबाट जाहेरीलाई पुष्टि गर्न सकेको अवस्था देखिँदैन । फौजदारी कसुरमा अभियुक्तउपरको कसुर वादीले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्ट रूपमा व्यवस्था गरेको पाइन्छ। कसुर शङ्कारहित तवरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्दछ । सङ्कलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एकआपसमा बाझिएमा र आफैँमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई दोषी

ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुन जान्छ । प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरमा पुष्टि हुन नआएकाले अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँगसमेत सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी टोपबहादुर रावतले ज्यान मार्ने उद्योगको कसुर गरेकोमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद हुने गरी सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी निज प्रतिवादी टोपबहादुर रावतले अभियोग दाबीबाट सफाइ पाउने गरी तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।१।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम् ।

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२८७, बन्दीप्रत्यक्षीकरण, देवीप्रसाद अर्याल वि. स्याङ्जा जिल्ला अदालत, स्याङ्जासमेत*

निवेदकको पिता ७५ वर्षको वृद्ध भएकोले ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ (१)(ग) बमोजिम सुविधा पाउँ भन्ने निवेदन बेहोरातर्फ विचार गर्दा, ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ मा कैद सजायमा छुट दिन सकिने भन्ने कानूनी व्यवस्था भई उपदफा (१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिने छ" भनी (क) पैंसट्ठी वर्ष पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म, (ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म (ग) पचहत्तर वर्ष उमेर पूरा भएको ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म भन्ने व्यवस्था रहेको देखिन्छ । यस अवस्थामा ज्येष्ठ नागरिकलाई संविधान र कानूनले प्रदान गरेको सुविधा प्रदान गर्नुपर्ने हुन्छ तर कानून र नियममा ज्येष्ठ नागरिकलाई सजायमा छुट दिने अधिकारी को हो वा कार्यान्वयन गर्ने अधिकारीको बारे स्पष्ट व्यवस्था नभएको सन्दर्भमा निज निवदेकलाई मागबमोजिम कैदको छुट दिन सक्ने अवस्था देखिएन । यसै सन्दर्भमा "कानून र नियममा ज्येष्ठ नागरिकलाई सजायमा छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको छुट दिन सक्ने अधिकारी तत्काल‌ै किटान गर्नुपर्ने " भनी पेम्बा गुरूङ विरूद्ध कारागार कार्यालय नख्खु, ललितपुरसमेत (ने.का.प २०७६, अङ्क-३, नि.नं. १०२१९) भएको परमादेश मुद्दामा उक्त निर्देशात्मक आदेशसमेत जारी भएको स्थितिमा हालसम्म पनि कार्यान्वयन गर्ने अधिकारी नतोकिएकोले ज्येष्ठ नागरिकले पाउने सुविधा कार्यान्वयन गर्ने अधिकारीको अभावमा निवेदकको पिता वर्ष ७६ का छविलाल अर्यालले उक्त सुविधा पाउने नदेखिने ।

निवेदकका पिता छविलाल अर्याललाई हाडनाता करणी, जारी र चोरीको कसुरमा कैद सजाय भएकोमा जारीको महल खारेज भएकोले सो अन्तर्गतका अभियोगमा कसुरदार ठहराई भएका फैसलाबमोजिमका सजाय पनि स्वतः खारेज हुने भएकोले जारीको कसुरमा भएको सजायबाहेक गरी हाडनाता र चोरीको सजायमा कैदको लगत कायम राखी कैदी पुर्जी दिनुपर्नेमा निज पक्राउ परेको मिति २०७७।१०।११ गतेदेखि लागु हुने गरी जारीको महलबमोजिम जारीतर्फको ८ महिना कैद सजाय कायम हुने गरी स्याङ्जा जिल्ला अदालतबाट च. नं. २५९६ मिति २०७७।१०।१३ मा ठेकिएको कैदी पुर्जी मिलेको देखिन आएन । अतः निज छविलाल अर्याललाई निज पक्राउ परेको मिति २०७७।१०।११ गतेदेखि लागु हुने गरी हाडनाता करणीतर्फ भएको

सजाय ४ महिना कैदको कैदीपुर्जी दिनु भनी विपक्षी स्याङ्जा जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल वैशाख १४ गते रोज ३ शुभम्।

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२९७, बन्दीप्रत्यक्षीकरण, सुरेश मटाम वि. कारागार कार्यालय, मकवानपुरसमेत*

नकबजनी चोरीतर्फको जरिवानाको हकमा विचार गर्दा, निज सुरेश मटामलाई स.फौ.नं. २५२७ को नकबजनी चोरी मुद्दामा मुलुकी ऐन, चोरीको १४(१) नं. बमोजिम जरिवाना रू.३,४९,५००।- र स.फौ.नं. ३३१५ को नकबजनी चोरी मुद्दामा जरिवाना रू.१६,१४,४४६।५० हुने ठहराएको देखिन्छ । हाल तत्कालीन मुलुकी ऐनलाई प्रतिस्थापन गरी मुलुकी संहिताहरू कार्यान्वयन भइरहेको अवस्था छ । जसमा फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ मा घटी सजाय हुने शीर्षकअन्तर्गत “कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ” भन्ने कानूनी व्यवस्था रहेको र केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा “कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ” भन्ने सोही (ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ । तर त्यस्तो सजाय मलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी निवेदकलाई नकबजनी चोरी मुद्दामा तत्काल प्रचलित मुलुकी ऐन, चोरीको महलको १४/१ नं. बमोजिम जरिवाना रू.१९,६३,९६६।५० ठहर भएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को देहाय ३ मा "नकबजनी चोरीको कसुर गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तिस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त विवेचित कानूनी व्यवस्थाबमोजिम निज निवेदक सुरेश मटामलाई स.फौ.नं. २५२७ र स.फौ. नं. ३३१५ को नकबजनी मुद्दामा रू.३०/३० हजारको दरले जम्मा रू.६०,०००।– (साठी हजार) जरिवाना हुन सक्ने युक्तिसङ्गत देखिन आउने।

काठमाडौं जिल्ला अदालतबाट निवेदक सुरेश मटामलाई ठहर भएको कैद ५ वर्ष निज मिति २०७२।९।१० गते पक्राउ परी सोही दिनदेखि थुनामा रहेको देखिँदा मिति २०७७।९।९ गते भुक्तान भइसकेको र लागुऔषध खैरो हिरोइन मुद्दामा रू.८,०००।- जरिवाना भएकोमा सोबापत मिति २०७७।९।१० गतेदेखि मिति २०७७।१०।६ गतेसम्म थुनामा बसी सो जरिवानाबापतको कैदसमेत भुक्तान गरेको देखिन्छ । नकबजनी चोरीतर्फको मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को देहाय ३ मा विवेचित कानूनी व्यवस्थाबमोजिम निज निवेदक सुरेश मटामलाई स.फौ. नं. २५२७ र स.फौ.नं. ३३१५ को २ वटा मुद्दामा रू.३०/३० हजारको दरले जम्मा रू.६०,०००।- (साठी हजार) जरिवाना तिर्न बुझाउन तयार हुँदाहुदै निजलाई थुनामा राखिरहने कार्य गैरकानूनी देखियो । अब, निज निवेदक मिति २०७७।१०।७ देखि आज

मिति २०७८।१।१४ गतेसम्म थप ३ महिना ८ दिन थुनामा रही कैद बसेको देखिँदा निजलाई ठहरेको जरिवाना रू.६०,०००।- (साठी हजार) बाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम दैनिक रू.३००।- का दरले रू.२९,४००।- घटाई बाँकी रहेको जरिवाना रू.३०,६००।- सम्बन्धित कैदको लगत रहेको जिल्ला अदालतमा बुझाउन ल्याए निजलाई लागेको जरिवानाको रकम बुझी निवेदक सुरेश मटामलाई अन्य मुद्दाको रोहमा थुनामा राख्नुपर्ने अवस्था नरहेमा प्रस्तुत मुद्दाको हकमा थुनामुक्त गरिदिनु भनी निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल वैशाख १४ गते रोज ३ शुभम्।

## इजलास नं. २

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७७-WH-००५६, बन्दीप्रत्यक्षीकरण, रत्नलाल श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत*

निवेदक अनुसन्धानको क्रममा प्रहरी हिरासतमा नै रहेको अवस्थामा आफू अस्वस्थ भएकोले अस्पतालबाट उपचार गराइपाउँ भनी मिति २०७७।५।२४ गते मौखिक निवेदन गरेकोले निवेदकलाई तत्कालै उपचारको लागि पाटन अस्पताल पठाई निजको आफन्तसमेतको उपस्थितिमा उपचार गराउने क्रममा निवेदकलाई थप उपचारको लागि अन्यत्र लगी उपचार गराउनु भनी अस्पतालको सल्लाहबमोजिम अन्यत्र सुविधा सम्पन्न अस्पतालमा लगी उपचार गराई निवेदक निको भएपछि हाजिर गर्ने गरी यी निवेदकको श्रीमती शर्मिला प्रधान श्रेष्ठको जिम्मामा लगाई हाजिरी जमानीमा छाडिएको भन्ने लिखित जवाफबाट देखिन्छ। यो तथ्यलाई निवेदकले अन्यथा भन्न सकेको पनि देखिँदैन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि बन्दी गैरकानूनी थुनामा रहेको देखिनुपर्दछ। प्रस्तुत रिट निवेदनका निवेदकलाई कानूनबमोजिम प्रक्रिया पुऱ्याई निवेदकको श्रीमतीको जिम्मामा छाडिसकेको अवस्था रहेको देखिँदा हाल निवेदक गैरकानूनी ढङ्गले थुनामा रहेको अवस्थाको विद्यमानता नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन । बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ आश्विन २ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CR-१२७०, कर्तव्य ज्यान, रामबली यादव वि. नेपाल सरकार*

प्रतिवादी रामबली यादवले अदालतसमक्ष बयान गर्दा आफू कसुरमा इन्कार रही छोरा रामसोगारथ यादवले मृतक बुहारी रितादेवी (कुमारी) यादवलाई मारेको होला भनी गरेको बयान, प्रतिवादी रामसोगारथ यादवले आफू कसुरमा साबित रही प्रतिवादी रामबली यादवलाई कसुरबाट उन्मुक्ति दिई गरेको बयान, प्रतिवादी रामबली यादवको अदालतको बयान निजको साक्षीको बकपत्रबाट समर्थित भएको अवस्था, प्रतिवादी रामसोगारथ यादवले मात्र आफ्नी बहिनीको हत्या गरेको थाहा पाएको भनी जाहेरवालाले अदालतमा गरेको बकपत्र, प्रतिवादी रामबली यादवको अनुसन्धानको क्रममा काठको चिर्पटजस्तो मुड्ग्रोले मृतकलाई प्रहार गरेको भनिएकोमा धारिलो हतियार फट्टाले प्रहार गरेको भनी लिएको अभियोग दाबी अनुसन्धानसमेतका कागजप्रमाणबाट समर्थित भएको नदेखिएबाट यी प्रतिवादीउपर लिएको अभियोग दाबी

शङ्कारहित तवरबाट पुष्टि हुन सकेको नदेखिएकोले पुनरावेदक प्रतिवादी रामबली यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला सदर गर्ने गरी साबिक पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।१८ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी भई पुनरावेदक प्रतिवादी रामबली यादवले अभियोग दाबीबाट सफाइ पाउने।

अर्का प्रतिवादी रामसोगारथ यादवको हकमा माथि विवेचित आधार र कारणबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७३।२।११ मा भएको फैसला साधकको रोहमा उच्च अदालत जनकपुरबाट सदर हुने ठहऱ्याई मिति २०७४।११।१६ मा भएको फैसला मिलेकै देखिएकोले साधक सदर हुने ठहर्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुनेगरी निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिनुका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) को प्रतिबन्धात्मक वाक्यांशमा तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिएकोले निज प्रतिवादी रामसोगारथ यादवलाई सर्वस्वको सजाय नहुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: रवि दुवाल
इति संवत् २०७७ असार ३१ गते रोज ४ शुभम्।

**१०**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७५-CR-०९४२, जबरजस्ती करणी, नेपाल सरकार वि. धनबहादुर विष्ट*

पीडितको कागज तथा बकपत्रबाहेकका वस्तुस्थिति मुचुल्का, घटना विवरणको कागज, जाहेरवालाको अदालतको बकपत्र, पीडितबाहेकका सरकारी गवाहहरूको अदालतको बकपत्र, प्रतिवादीको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान, प्रतिवादीको साक्षीको अदालतको बकपत्र, पीडित तथा पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका कागजप्रमाणबाट पीडित चैनपुर "ग" लाई प्रतिवादीले जबरजस्ती करणी गरेकै हो भन्ने तथ्य सो हदसम्म वस्तुगत प्रमाणबाट स्पष्ट रूपमा पुष्टि हुन सकेको देखिएन। यस आधारमा अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर अपराधमा प्रतिवादीलाई सजाय गरी पीडितलाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराई फैसला गर्नुपर्नेमा जबरजस्ती करणी उद्योगको कसुर कायम गरी सजाय गरेको उच्च अदालतको फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर सो हदसम्म मनासिब रहेको भन्ने देखिने।

प्रतिवादीले पैसा दिने निहुँ गरी घरमा रातको समयमा आई ढोका खोल्न लगाई नाबालिगलाई खेतमा लगेको कुरा स्थापित भएको पाइन्छ भने घट्नास्थल प्रकृति मुचुल्का र घट्नास्थलको फोटोसमेतबाट गहुँबारी मडारिएको, गहुँको बिरूवा भाँचिएको तथा

पीडितको सुरूवालमा माटो लागेको र च्यातिएको तथ्यबाट यी प्रतिवादीले पीडितलाई गहुँबारीमा लगी जबरजस्ती करणी गर्ने उद्योगको कसुर गरेको स्थापित भएको हुँदा आफूले सफाइ पाउनुपर्दछ भनी दायर गरेको पुनरावेदन र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीले पीडित चैनपुर "ग" लाई जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन नसकी जबरजस्ती करणीको उद्योग गरेको तथ्य स्थापित भएको स्थितिमा मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं.बमोजिम जबरजस्ती करणी उद्योगको कसुरमा ऐजनको ३(२) नं.अनुसार ८ देखि १२ वर्षसम्म कैद हुनेमा ८ वर्ष कैद सजायको आधाले हुने ४ वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत दिपायलबाट भएको फैसला मनासिब रहेको देखिने।

तसर्थ, अभियोग दाबीबाट सफाइ दिने गरी बझाङ जिल्ला अदालतबाट मिति २०७४।१।१९ मा भएको फैसला केही उल्टी गरी जबरजस्ती करणी उद्योगको कसुरमा जबरजस्ती करणीको ३(२) अनुसार ८ देखि १२ वर्ष कैदको सजाय हुनेमा ऐजनको ५ नं. बमोजिम ८ वर्ष कैद सजायको आधा ४ वर्ष कैद सजाय हुने ठहर गरी भएको उच्च अदालत दिपायलको मिति २०७५।२।८ को फैसला सदर हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ पौष १५ गते रोज ४ शुभम्।

**११**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-WH-००४४, बन्दीप्रत्यक्षीकरण, पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, संखुवासभासमेत*

रिट निवेदक चन्द्रबहादुर चन्दलाई फरक विचार र आस्था राखेकै आधारमा यस अदालतबाट मिति २०७७।५।९ मा सम्बन्धित जिल्ला अदालतको जिल्ला न्यायाधीशको रोहबरमा थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भए लगत्तै अदालतबाट भएको आदेशको पालनामा संवेदनशीलता नअपनाई अनिवार्यरूपमा अवलम्बन गर्नुपर्ने कानूनी प्रक्रियाको अवलम्बन नगरी निवेदकप्रति प्रवृत्त भावना राखी पटक पटक पक्राउ गरी बिना आधार र कारण निरन्तररूपमा गैरकानूनी थुनामा राखेको देखिएकोले यस प्रकारको थुनालाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२) र (३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक चन्दबहादुर चन्दलाई संखुवासभा जिल्ला अदालतको जिल्ला न्यायाधीशको रोहबरमा थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ भदौ २६ गते रोज ६ शुभम्।

**१२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२५३, बन्दीप्रत्यक्षीकरण, सरस्वती सञ्जेल वि. इलाका प्रहरी कार्यालय, सुनसरीसमेत*

निवेदक भीमसेन घिमिरेलाई थुनामुक्त गर्ने यस अदालतको आदेशपश्चात् पनि पक्राउ गरी निवेदकलाई निरन्तर थुनामा राख्ने बदनियतसाथ निज विरूद्ध ललितपुर जिल्ला अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा अदालतको आदेशले माग गरिएका धरौट रकम निवेदकबाट दाखेल गरेपश्चात् पनि निजलाई पुनः पक्राउ गरी सुनसरी जिल्ला पुऱ्याई निवेदकलाई थुनामा राख्न सुनसरी जिल्ला अदालतबाट अनुमति लिई निवेदकलाई निरन्तर थुनामा राख्ने प्रवृत्त भावनाद्वारा प्रेरित भई निवेदकलाई थुनामै राखेको देखिन आएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(४) अनुसार अनुसन्धान अधिकारीले मुद्दा हेर्ने

अधिकारीसमक्ष हिरासतमा राख्ने अनुमति माग गर्दा निजलाई हिरासतमा राखी अनुसन्धान गर्नुपर्ने स्पष्ट आधार र कारण उल्लेख गर्नुपर्ने तथा ऐ.को १४(६) बमोजिम मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक भएको वा नभएको विचार गरी बन्दीलाई अनुसन्धानको लागि हिरासतमा राखिराख्न आवश्यक देखिएमा मात्र हिरासतमा राख्ने आदेश दिनुपर्नेमा सो केही उल्लेख नगरी भएको आदेश कानूनसम्मत नदेखिएको र निवेदकलाई थुनामै राखी मुद्दाको अनुसन्धान गर्नुपर्ने कानूनसम्मत आधार, कारण विपक्षीहरूको लिखित जवाफबाट खुल्न आएको नदेखिएको समेत हुँदा निवेदकलाई राखिएको थुना कानूनसम्मत मान्न मिल्ने देखिन नआएकोले नेपालको संविधानको धारा १३३(२) र (३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक भीमसेन घिमिरेलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुन २८ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२२८, बन्दीप्रत्यक्षीकरण, हंश कुमाल वि. इलाका प्रहरी कार्यालय, बिर्तामोड अनारमनी, झापासमेत*

स्पष्ट आधार र कारण बिना प्रवृत्त भावनाले निवेदकलाई सर्वोच्च अदालतको पटक पटकको बन्दीप्रत्यक्षीकरणको आदेशपश्चात् पनि पुनः पुनः अनुसन्धानको क्रममा भनी निवेदकलाई निरन्तर थुनामा राख्ने कार्य प्रवृत्त धारणा प्रस्टतः व्यक्त भएको र निवेदकलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने स्पष्ट आधार र कारण विपक्षीहरूको लिखितजवाफबाट खुल्न आएको नदेखिएकोले निवेदकलाई निरन्तर थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२) र (३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक नन्दबहादुर बोहोरालाई गैरकानूनी थुनाबाट थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुन २८ गते रोज ६ शुभम् ।

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WO-०४२७, उत्प्रेषण / परमादेश, ऋषिराम खनाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदक ऋषिराम खनाल आफैँ इजलासमा उपस्थित भई प्रमाणित गरी इजलाससमक्ष पेस गरेको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको च.नं. २३८ मिति २०७७/१०/२७ को सरूवाबारे विषयको पत्रमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको मिति २०७७/१०/१९(मा. मन्त्रीस्तर) को निर्णय र मिति २०७७/१०/२३ को पत्रानुसार तत्कालीन नगर विकास प्रशिक्षण केन्द्र, पोखराका व्यवस्थापन अधिकृत ऋषिराम खनाललाई प्रतिष्ठानको प्रशासन सेवाको अधिकृत पदमा रही कामकाज गर्ने गरी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा सरूवा गरिएको भन्नेसमेतको बेहोरा उल्लेख भएको, प्रत्यर्थी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको तर्फबाट उपस्थित कानून व्यवसायीले निज रिट निवेदक ऋषिराम खनाललाई निज कार्य गर्न इच्छुक रहेकै प्रतिष्ठानको प्रशासन सेवाको अधिकृत पदमा रही कामकाज गर्ने गरी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा सरूवा भइसकेकोले रिट निवेदनको प्रयोजन समाप्त भइसकेको भनी बहस

गरेको र रिट निवेदक ऋषिराम खनालले आफूले रोजेकै स्थानमा सरूवा भइसकेको भन्नेसमेतको बेहोरा इजलाससमक्ष राखेको देखिँदा रिट निवेदनको प्रयोजन समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदनका सन्दर्भमा थप विवेचना गरिरहनु नपर्ने।

तसर्थ, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको च.नं. २३८ मिति २०७७/१०/२७ को पत्रबाट रिट निवेदक ऋषिराम खनालको निजले रोजेकै स्थानमा सरूवा भइसकेको र निवेदक आफैँ इजलासमा उपस्थित भई उक्त सरूवा पत्रको प्रतिलिपिसमेत प्रमाणित गरी इजलाससमक्ष पेस गरी आफूले रोजेकै स्थानमा सरूवा भइसकेको भनी आफ्नो भनाइ बेहोरासमेत इजलाससमक्ष राखेकोले रिट निवेदनको प्रयोजन समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ चैत्र १८ गते रोज ४ शुभम्।

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७५-WO-०९५८, उत्प्रेषण परमादेश, अर्जुनबहादुर थापा वि. नेपाल कृषि अनुसन्धान परिषद्, काठमाडौंसमेत*

निवेदकको नागरिकताको प्रमाणपत्र २०३३।१।२४ मा लिँदा १७ वर्ष लेखिएको देखिन्छ भने एस.एल.सी. उत्तिर्ण गरी विद्यालयबाट जारी भएको चरित्र प्रमाणपत्र र त्रिभुवन विश्वविद्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्रमा २०१६।८।१५ उल्लेख भएको अवस्थामा उक्त मिति २०३३।८।१५ सम्म निवेदक १७ वर्ष नै रहने देखिन आउँछ । निजको उमेरको अन्तर करिब ७ महिना मात्र रहेको देखिँदा शैक्षिक प्रमाणपत्रमा महिना र गतेसमेत उल्लेख भएकोलाई नै मान्यता प्रदान गरी उमेरको गणना गर्नुपर्ने देखिन आएको।

कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम ५८ को सम्बन्धमा २०५८।१०।२३ मा भएको निर्णयको सम्बन्धमा नै केशवप्रसाद ढुङ्गाना विरूद्ध कृषि अनुसन्धान परिषद् समेत भएको ०७४-WO-०६७१ को उत्प्रेषणको रिटमा शैक्षिक योग्यताको प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको उमेर मात्र खुलेको नागरिकताको प्रमाणपत्रबिच १ वर्षभन्दा बढी अन्तर रहेको नपाइएमा उमेर खुलेको प्रमाणपत्रलाई ग्रहण गर्नुपर्ने भनी सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तका आधारमा समेत रिट निवेदकको जन्म मिति खुलेको शैक्षिक प्रमाणपत्रका आधारमा उमेर गणना गर्नुपर्ने देखियो।

तसर्थ, निवेदकलाई मिति २०३३/१/२४ मा निवेदकले लिएको नागरिकताको प्रमाणपत्रका आधारमा निजको जन्म मिति कायम गरी अनिवार्य अवकाश दिने गरी कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन महाशाखाबाट जारी भएको च.नं.३७८८ मिति २०७५/२/४ को पत्रको क्र.सं. ४८ मा मिति २०७६।१।२४ मा निवेदकले अनिवार्य अवकाश पाउने मिति उल्लेख भएको पत्र र सो पत्र लेख्नको लागि भएको निर्णयसमेत निवेदकको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको । अब निवेदकको शैक्षिक योग्यताको प्रमाण पत्रमा उल्लेख भएको जन्म मिति २०१६/८/१५ लाई आधार मानी निवेदकको अनिवार्य अवकाशको मिति गणना गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ आषाढ ३० गते रोज ३ शुभम्।

**१६**

**मा.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-०६९७, अंश चलन, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ*

भक्तपुर जिल्ला अदालतबाट भएको

फैसलाउपर परेको पुनरावेदनमा उच्च अदालत पाटनले मिति २०१२।०३।१५ मा भएको बन्डापत्रमा उल्लेख भएअनुसार बन्डा गर्न बाँकी रहे नरहेको सम्बन्धमा यकिन नै नगरी शेषपछिको बकसपत्रको सम्पत्ति र अपुतालीका बारेमा दाबी गरिएको विषयमा केही बोल्दै नबोली फैसला भएको भनी सुरूको फैसला बदर गरी जो जे बुझ्नुपर्छ बुझी निर्णय गर्नु भनी पुन: सुरू जिल्ला अदालतमा पठाएको देखियो । न्याय प्रशासन ऐन, २०७३ को दफा १४ ले पुनरावेदन अदालतलाई मातहत अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्न सक्ने अधिकारका साथै मातहत अदालतले प्रमाण बुझ्न छुटाएको रहेछ भने पनि आफैले प्रमाण बुझ्न सक्ने अधिकारसमेत प्रदान गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाका आधारमा प्रस्तुत मुद्दाको सन्दर्भमा पनि उच्च अदालत पाटन आफैँले सो सम्बन्धित प्रमाण बुझी फैसला गर्न सक्नेमा पुन: निर्णय गर्न मिसिल सुरू अदालतमा पठाउने निर्णय भएको देखियो । यस प्रकारको उच्च अदालतको फैसलाले अदालतको महत्त्वपूर्ण समय खर्च हुनका साथै पक्षहरूलाई पनि अनावश्यक हैरानी हुने हुन्छ । मातहतका अदालतले गरेका फैसलामा छुटेका विषयवस्तु हुन् या बुझ्नुपर्ने प्रमाण सम्पूर्ण बुझ्ने अधिकार उच्च अदालतलाई रहेको हुँदा मिसिल सुरूमा पठाउनु भन्ने फैसलासँग सहमत हुन नसकिने।

उच्च अदालत पाटनले फैसला गर्दा शेषपछिको बकसपत्रको सम्पत्ति र अपुतालीको विषयमा केही नबोलेको भनी बुझ्नुपर्ने प्रमाण बुझी पुन: फैसला गर्नु भनी जिल्ला अदालतमा पठाएकोमा पुनरावेदकले चित्त नबुझाई सुरू जिल्ला अदालतको मिति २०७३।०१।१५ को फैसला सदर कायम गरिपाउँ भन्ने जिकिर लिई आएको देखिन्छ। न्याय प्रशासन ऐन को दफा १४ बमोजिम यस अदालतलाई उक्त सम्पूर्ण अधिकार भए तापनि प्रस्तुत मुद्दाको सन्दर्भमा विचार गर्दा जिल्ला अदालतले उल्लिखित विषयवस्तुको सम्बन्धमा नबोलेको भन्ने उच्च अदालतको ठहर रहेको छ। सो सम्बन्धमा प्रमाण मूल्याङ्कन गरी निर्णय गरिएपछि एक तह पुनरावेदनको अधिकार प्रत्येक पक्षको कानूनी अधिकार रहेको हुन्छ। यसै अदालतबाट तथ्यमा प्रवेश गरी निर्णय गरेपछि पक्षहरूको उक्त पुनरावेदन गर्ने अधिकारमा आघात पुग्न जाने हुन्छ । उच्च अदालत स्वयंले आवश्यक प्रमाण बुझी सम्पूर्ण विषयमा निर्णय गरेको अवस्थामा एक तह पुनरावेदन गर्न पाउने पक्षहरूको अधिकार पनि सुरक्षित हुने हुँदा सोही अदालतबाट निर्णय गर्न उपयुक्त हुने।

अतः यसमा न्याय प्रशासन ऐनको दफा १४ बमोजिम उच्च अदालत आफैँले आवश्यक प्रमाण बुझी फैसला गर्न सक्ने नै देखिएको हुँदा मिसिल सुरू अदालतमा पठाउने गरी भएको उच्च अदालत पाटनको मिति २०७५।०४।१४ को फैसला कानूनअनुकूल नहुँदा बदर गरिदिएको।

इजलास अधिकृत: सुसन दाहाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ चैत्र १ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CR-२५७१, जालसाजी, नन्दकुमारी तिमल्सिना वि. दिनेश श्रेष्ठ
- ०७५-CR-०७१५, दूषित लिखत बदरसमेत, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१२, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०८, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१०, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०७, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-१२१७, दूषित लिखत बदर, दर्ता,

नन्द कुमारी तिमल्सिना वि. दिनेश श्रेष्ठ

- ०७५-CI-०४०७, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०२, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०२, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५७, जालसाजी, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०६९९, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६६०, जालसाजी, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५८, जालसाजी, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४८, जालसाजी, गौरीकृष्ण श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४९, जालसाजी, गौरीकृष्ण श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०५, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५९, जालसाजी, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०३, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठसमेत वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०१, दूषित लिखत बदरसमेत, गौरीकृष्ण श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५५, जालसाजी, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५३, जालसाजी, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५२, जालसाजी, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१७, दूषित लिखत बदरसमेत, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१६, दूषित लिखत बदरसमेत, भागवत श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१३, दूषित लिखत बदरसमेत, रघुवर श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५१, जालसाजी, रघुवर श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५०, जालसाजी, गिरिधर श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१८, दूषित लिखत बदरसमेत, गिरिधर श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५६, जालसाजी, रमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७००, दूषित लिखत बदरसमेत, रमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६६२, जालसाजी, रमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६६१, जालसाजी, रमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०६९८, दूषित लिखत बदरसमेत, रमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७१४, दूषित लिखत बदरसमेत, उमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६५४, जालसाजी, उमेश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७६-CI-००२८, दूषित लिखत बदर, मनहरी भण्डारी वि. दिनेश श्रेष्ठ
- ०७६-CR-०१३०, जालसाजी, मनहरी भण्डारी वि. दिनेश श्रेष्ठ
- ०७६-CR-०१३१, जालसाजी, मनहरी भण्डारी वि. दिनेश श्रेष्ठ
- ०७६-CI-००२९, दूषित लिखत बदर, मनहरी भण्डारी वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४१, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४२, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४६, जालसाजी, जगदीश

श्रेष्ठ वि. दिनेश श्रेष्ठ

- ०७५-CR-१६४३, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४७, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४५, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CR-१६४४, जालसाजी, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०९, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७०६, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ
- ०७५-CI-०७११, दूषित लिखत बदरसमेत, जगदीश श्रेष्ठ वि. दिनेश श्रेष्ठ

१७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१९१३, कर्तव्य ज्यान, कुशे साह वि. नेपाल सरकार*

मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी घटना घटेको भनी मान्ने स्थिति नरहेको साथै बन्चरो जोखिमी हतियारमै पर्ने र बन्चरोकै प्रहारबाट मृत्यु भएको कुरा पुष्टि भएबाट पुनरावेदन जिकिरबमोजिम ज्यानसम्बन्धी महलको १४ नं.आकर्षित हुन सक्ने अवस्था नदेखिँदा पुनरावेदक/प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गर्ने गरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालतको फैसला मनासिब देखिने।

अतः प्रतिवादी कुशे साहले वादी दाबीबमोजिम मुलकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम सोही महलको १ नं. र १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मिति २०७३।०९।०६ मा भएको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७५।०८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। हाल प्रचलित मुलुकी अपराध संहिता,२०७४ को दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२)(ख) मा भएको व्यवस्थाबमोजिम पुनरावेदक प्रतिवादी कुशे साहलाई सर्वस्वको सजाय नहुने भई जन्मकैदको सजाय मात्र हुने।

इजलास अधिकृत: सुसन दाहाल / रबिना फुयाँल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ चैत्र १ गते रोज १ शुभम्।

१८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-००३०, बन्दीप्रत्यक्षीकरण, गिरेन्द्रमान सिंह राउत वि. डोल्पा जिल्ला अदालत, डोल्पासमेत*

मुलुकी ऐन खारेज भई आएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १६१(२) बमोजिम निवेदक जरिवानाबापत २३४ दिन कैदमा बस्नुपर्ने देखिँदा रिट निवेदक मिति २०७६।०४।०२ देखि जरिवानाबापत कैदमा बसेको भन्ने देखिन आयो। जसबाट निवेदकले जरिवानाबापतको पनि कैद भुक्तान गरिसकेको अवस्था देखिएकोले मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने देखिएन । रिट निवेदकलाई अदालतको फैसला अनुसार उल्लिखित ठगी मुद्दामा लागेको कैद तथा जरिवाना असूल भइसकेको देखिँदा निजलाई कैदमा राखिरहनु गैरकानूनी देखिएको।

तसर्थ, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, केही नेपाल

कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांश तथा हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ बमोजिम रिट निवेदकलाई अदालतको फैसलाअनुसार उल्लिखित ठगी मुद्दामा लागेको कैद तथा जरिवाना असुल भइसकेको देखिँदा निजलाई कैदमा राखिरहनु गैरकानूनी देखिँदा निजलाई अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नुपर्ने नदेखिए तत्काल कैदमुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ भदौ २२ गते रोज २ शुभम्।

**१९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-RB-००५६, बैंकिङ कसुर, नेपाल सरकार वि. विश्वराज कोइराला*

राजकुमार आचार्यको नामको रकम प्रतिवादीका नाममा गएकोले प्रतिवादीले रकम दाखिला गर्ने पत्र बुझ्न नामानेको भनी जाहेरी तथा सो बैंकका कर्मचारी वरिष्ठ सहायक नारायण प्रसाद मेहताले दिएको प्रतिवेदनबाट देखिन्छ । अतः सो रकम बुझाउने भन्ने सूचना प्रतिवादीले बुझेको वा अन्य कुनै स्रोतबाट जानकारी पाएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । मिति २०६७/५/१४ गते रू.५०,०००/- यी प्रतिवादीले निकालेको देखिन्छ भने मिति २०६७/१०/४ मा खाता बन्द गरेको देखिन्छ । द्वन्द्वको समयमा चक्रघट्टी शाखा र झुम्का शाखाको कार्य एकै ठाउँमा गाभी काम गर्दा यी प्रतिवादीको खाता नम्बर ३५३ र अर्का खातावाला राजकुमार आचार्यको खाता नम्बर एउटै ३५३ भएको कारणबाट राजकुमार आचार्यको नामको रकम यी प्रतिवादी विश्वराज कोइरालाको नाममा गएको भन्ने स्वयं जाहेरवाला बैंकको जाहेरी तथा बैंक कर्मचारीको प्रतिवेदनबाट देखिन आएको छ । बैंकको अभिलेख दुरूस्त राखी हिसाब भिडाई यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने दायित्व बैंक कर्मचारीको भएको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १४ मा परिभाषित कसुर गरेको अर्थात् यी प्रतिवादीले आफ्नो खातामा रहेको मौज्दात रकमभन्दा बढी भुक्तानी लिएको देखिन नआई जाहेरवाला बैंकले नै निजको खातामा रहेको मौज्दात रकम बारेमा जानकारी दिएपछि सोही आधारमा आफ्नो खाताबाट चेक काटी रकम भुक्तानी लिएको तथ्य स्थापित हुन आएकोले यी प्रतिवादीले बदनियत राखेर रकम झिकी खाता बन्द गरेको भन्ने अवस्था नदेखिने।

तसर्थ, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १४ को कसुरमा ऐ. ऐनको दफा १५(२)(क) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न सक्तैन भनी आरोपित कसुरबाट प्रतिवादी विश्वराज कोइरालालाई सफाइ दिने गरी पुनरावेदन अदालत विराटनगर वाणिज्य इजलासबाट मिति २०६९।९।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: राजकुमार आचार्य
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ चैत्र १६ गते रोज २ शुभम्।

२०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१२५०, जबरजस्ती करणी, दीपक रावत वि. नेपाल सरकार*

पीडितको मौकाको कागज तथा बकपत्रको बेहोरालाई मौकामा बुझिएका बसन्ती गुरूङ, गोकुल गुरूङ, छक्कबहादुर गुरूङ, कोली थापा, नृप थापासमेतका मानिसले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी लेखाइदिनुका साथै अदालतमा उपस्थित भई बकपत्र गर्ने बसन्ती गुरूङ, गोकुल गुरूङ, पीडित बुढीगंगा "ङ" का साथै जाहेरवालाको बकपत्रका साथै स्वास्थ्य जाँच गर्ने चिकित्सक डा. रोहितकुमार गिरीको बकपत्र, लामो समयपछि जाहेरी परी परीक्षण हुँदासमेत यौनजन्य अंग VULVA मा घाउ चोट देखिएकोले उक्त चोट

यिनै प्रतिवादीले जबरजस्ती करणी गरेको कारणबाट लाग्न गएको भन्ने देखिन आएसमेतबाट यी प्रतिवादी दीपक रावतले १० वर्ष नपुगेकी पीडित बुढीगंगा "ङ" लाई जबरजस्ती करणी गरी अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको।

पीडित र प्रतिवादी भेडा चराउने स्थान नौमुले जंगलमा सँगसँगै बसी रातिसमेत सँगै सुतेको तथ्यमा प्रतिवादी दीपक रावत अदालतमा समेत साबित रहेको, प्रतिवादीले राति सँगै सुतेको समयमा आफूमाथि चढी सिलसिलेवाररूपमा खुलाई मौकामा कागज गरी अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी पीडितले उल्लेख गरिदिएको अवस्था एवम् परिस्थितितर्फ विचार गर्दा यी प्रतिवादी प्रत्यक्षदर्शी एवम् साक्षी प्रमाण छैन भन्ने ठानी जबरजस्ती करणीको कसुर अपराधबाट उन्मुक्ति पाउनका लागि बयान बेहोरामा इन्कारी रहेको भन्ने देखिने

प्रतिवादी दीपक रावतलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं.को कसुर कायम गर्ने गरेको सुरू बाजुरा जिल्ला अदालतको मिति २०७४/१/१९ को फैसला मिलेको देखिए पनि वारदातको प्रकृति, परिस्थिति, प्रतिवादीको उमेर अवस्थाका साथै न्यायको रोहसमेतलाई विचार गरी हेर्दा सोही जबरजस्ती करणीको ३(१) नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय गर्दै रू.१,००,०००/- (एक लाख) क्षतिपूर्ति दिलाइदिने गरेको हदसम्म मिलेको नदेखिँदा सजाय तथा क्षतिपूर्तिको हदसम्म बदर हुने भई निज प्रतिवादी दीपक रावतलाई सोही जबरजस्ती करणीको ३ नं. को देहाय १ बमोजिम १०(दश) वर्ष कैद सजाय गरी निज प्रतिवादीबाट पीडितलाई रू.१५,०००/- (पन्ध्र हजार) क्षतिपूर्तिसमेत दिलाई भराइदिने ठहर गरेको उच्च अदालत दिपायलको मिति २०७५/०२/०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ फाल्गुन ९ गते रोज १ शुभम्।

## २१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-WO-०११८, उत्प्रेषण, प्रल्हादप्रसाद शाहसमेत वि. निर्वाचन आयोग, काठमाडौंसमेत*

निवेदकहरूले विपक्षी निर्वाचन आयोगको मिति २०७४।५।७ को निर्णय नेपालको संविधानको धारा १७(२)(ग), १८(१), २६९(१) र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५(३) र ३३(२) समेतको प्रतिकूल भएकोले विपक्षी निर्वाचन आयोगको मिति २०७४।५।७ को निर्णय नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम बदर गरिपाउन माग गरेकोमा विपक्षी निर्वाचन आयोगको मिति २०७४।५।७ को निर्णय नेपालको संविधानको तत् तत् धारा र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५(३) र ३३(२) को विपरीत हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो। निवेदक र विपक्षीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले मुख्य रूपमा यस विवादमा पशुपति शमसेर ज.ब.रा. अध्यक्ष रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) लाई निर्वाचन आयोगले दिएको मान्यता गलत भन्ने विवाद रहेको भए पनि विवादित सो पार्टी र कमल थापा अध्यक्ष भएको राष्ट्रिय प्रजातन्त्र पार्टी एककीरण भइसकेको भनी प्रस्तुत गर्नुभएको बहस विपक्षी निर्वाचन आयोगको मिति २०७४।५।७ को निर्णयबमोजिम दर्ता भएको विपक्षी पशुपति शमसेर ज.ब.रा. अध्यक्ष रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) र कमल थापा अध्यक्ष रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी आपसमा मिति २०७६।११।२७ मा एकीकरण गर्न सहमत भई दुवै पार्टी एकीकरण भई राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) भएको भन्ने कुरा मिसिल संलग्न राष्ट्रिय प्रजातन्त्र पार्टी केन्द्रीय कार्यालयले विपक्षी निर्वाचन आयोगलाई मिति २०७६।१२।१० मा दिएको जानकारी पत्रबाट समर्थित भएको देखिँदा विपक्षी निर्वाचन आयोगको मिति २०७४।५।७ को निर्णयले दर्ता भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) कानून विपरीत दर्ता भएको हो वा होइन भन्ने विवादको औचित्य समाप्त भई

रिट निवेदनको प्रयोजन समाप्त भएको देखियो । तसर्थ, औचित्यहीन प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला / खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ असार १५ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७४-WO-०११९, कमल थापा वि. निर्वाचन आयोग, काठमाडौं भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## २२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-RC-००४९, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुद्धि भन्ने किरण राई*

प्रतिवादीले मृतक हिन्दु भन्ने जयप्रसाद राईलाई काठको, दाउराले हानी सख्त घाइते बनाएकोले सोही चोट पीडाको कारणबाट जेठो छोराको मृत्यु भएको भनी मृतक एवम् प्रतिवादीका बाबु रन्जबहादुर राईले दिएको जाहेरी दरखास्त, घटनास्थलबाट २ फिट १० इन्च लम्बाइ भएको १ थान काठको दाउरा बरामद भई आएको बरामदी मुचुल्का, मृतक हिन्दु भन्ने जयप्रसाद राईको घाँटी, छाती, पेट र ढाडमा हरियो निलडाम र टाउकोको पछाडि भागमा टुटुल्को रहेको भन्ने घटनास्थल लासजाँच मुचुल्का, Hematoma present over occipital region and left parietal skull region अर्थात्, मृतकको टाउकोको Blood Vessel मा Clotted blood रहेको पाइएको र मत्युको कारण "Head Injury" भन्ने मृतकको शव परीक्षण, साथै, जाँडको विषयमा दाजुभाइबिच वादविवाद हुँदा दाजु हिन्दु भन्ने जयप्रसाद राईलाई मैले काठको दाउराले कुटपिट गरेकोले सोही कुटपिको चोटको कारण निजको मृत्यु भएको हो भनी कसुर स्वीकार गरी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयान, यी प्रतिवादीले आफ्नै दाजु हिन्दु भन्ने जयप्रसाद राईलाई काठको दाउराले कुटपिट गरेको कारण हिन्दु भन्ने जयप्रसाद राईको मृत्यु भएको भन्ने सुनेको हो भनी आशिष राई, गजेन्द्र राई, टंक राई र लक्ष्मी राईले गरेको बकपत्रसमेतबाट जाँडको विषयमा यी प्रतिवादी र मृतक दुई दाजुभाइबिचमा मिति २०७६।४।३ गते झगडा हुँदा यी प्रतिवादीले मृतक हिन्दु भन्ने जयप्रसाद राईलाई काठको दाउराले हिर्काई गम्भीर घाइते बनाएको र सोही चोटको कारण भोलिपल्ट मिति २०७६।४।४ गते मृतकको मृत्यु भएको पुष्टि भएको अवस्थामा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहऱ्याई प्रतिवादी बुद्धि भन्ने किरण राईलाई अभियोग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैद हुने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१) (झ) बमोजिमको क्षतिपूर्ति शुल्क रू.२,८००।- (दुई हजार आठ सय) सोही ऐनको दफा ४१(३) बमोजिम प्रतिवादीले क्षतिपूर्ति शुल्क कोषमा तिर्नु बुझाउनुपर्ने ठहऱ्याएको फैसला मिलेकै देखिने ।

प्रतिवादी २७ वर्षको रहेका, मृतक र प्रतिवादी बुद्धि भन्ने किरण राई एकै बाबुका छोराहरू दाजुभाइ नाताका भएको, मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी रहे भएको नदेखिएको, मृतकलाई मार्ने प्रतिवादीको मनसाय र पूर्वयोजना रहे भएको नदेखिएको, वारदातमा जोखिमी हतियार प्रयोग नभई दुई दाजुभाइबिच वादविवाद हुँदा मृतक दाजु आफूलाई कुट्न आउँदा प्रतिकारको रूपमा यी प्रतिवादीले मृतकलाई काठको दाउराले प्रहार गरेको चोटको कारण मृतकको मृत्यु भएको, अनुचित लाभ लिन प्रतिवादीले मृतकलाई मारेको नदेखिएको, आफूले कसुर गरेको कुरामा प्रतिवादी अदालतमा साबित रहेको हुँदा प्रतिवादीको उमेर र निजले कसुर गर्दाको परिस्थितिसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा बढी पर्ने हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम निजलाई १०(दश) वर्ष कैद हुन उपयुक्त देखिएकोले निज प्रतिवादीलाई १०(दश) वर्ष कैद सजाय हुन प्रस्ताव गरिएको राय मनासिब नै देखिने ।

तसर्थ, सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०७६।७।५ मा भएको कसुर ठहर र मिति २०७६।७।२२ मा भएको सजाय निर्धारण फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७७।३।२२ मा भएको फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिन आएकोले साधक सदर हुने । साथै, प्रतिवादी बुद्धि भन्ने किरण राईको साबिती बयान, कसुरको अवस्था तथा अपराध हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा, यी प्रतिवादी बुद्धि भन्ने किरण राईलाई जन्मकैदको सजाय गर्दा बढी पर्ने हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम निजलाई १०(दश) वर्ष कैद हुन उपयुक्त देखिएकोले उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट निज प्रतिवादी बुद्धि भन्ने किरण राईलाई १०(दश) वर्ष कैद सजाय हुन प्रस्ताव गरिएको रायसमेत सदर हुने ।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुन १० गते रोज २ शुभम् ।

## इजलास नं. ३

### २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-WO-१०२३, उत्प्रेषण परमादेश, गगनदेव साह तेली वि. सशस्त्र प्रहरी बल, पाथीभरा गण, झापासमेत*

निवेदक आफू खटिएको सुरक्षा बेसक्याम्पबाट बिनासूचना भागेर गई लामो अवधिसम्म खटिएको ड्युटीमा फर्केर नआएको अवस्थामा निजको स्थाई वतन भएको जिल्ला प्रहरी कार्यालय, बारामा निजलाई कार्यालयमा हाजिर हुनेसम्बन्धी सूचनाको पत्राचार दुई पटकसम्म पठाइएको पाइन्छ । सो सूचना यी निवेदकलाई तामेल गरिदिन भनी जिल्ला प्रहरी कार्यालय, बाराले नै ढिला गरी मातहतको प्रहरी चौकी, कचोर्वामा मिति २०६६।०२।१८ मा मात्र पत्र पठाई यी निवेदकलाई मिति २०६६।३।२८ मा प्राप्त भएको भन्ने निजको कथन रहेकोमा उक्त सूचना किन ढिलो तामेल हुन गएको भन्ने तथ्य नै संदिग्ध रहेको पाइन्छ । निवेदकलाई सेवाबाट बर्खास्त गर्ने निर्णय विपक्षी सशस्त्र प्रहरी बल, पाथीभरा गणबाट मिति २०६६।०१।२९ मा नै भएकोले सो निर्णय भएको मितिपश्चात गैरजिम्मेवारीपूर्वक तामेल भएको सूचनाको आधारमा यी निवेदकले सोको फाइदा उठाउन पाउने भनी भन्न मिल्दैन । जरूरी सूचना म्याद तामेल गर्न ढिलाई भएको अस्वाभाविक कार्यबाट सशस्त्र प्रहरी सङ्गठनमा काम गर्ने प्रहरीले बिनासूचना कार्यालय छाडी गएको भए तापनि हाजिर हुन पाउनुपर्ने भनी मान्नु कानून सङ्गतसमेत हुँदैन । यी निवेदक स्वयम्ले आफू खटिएको ड्युटीमा हाजिर हुन नसकेको मनासिब कारण परेको भनी जुनसुकै इकाइमा गई आफ्नो भएको वास्तविक बेहोरासहित उपस्थित हुनु निजको दायित्व र कर्तव्य रहेकोमा सो नगरी निजले सेवाप्रति इमानदारिता र उत्तरदायित्व नदेखाएको अवस्था स्पष्ट देखिने ।

तत्काल प्रचलित कानूनी प्रावधान हेर्दा, सशस्त्र प्रहरी नियमावली, २०६० मा बिदाको सम्बन्धमा नियम ११३ को उपनियम २ मा "... बिदा नलिई गैरहाजिर हुने सशस्त्र प्रहरीलाई अख्तियारवालाले सेवाबाट हटाउन सक्ने छ" भन्ने व्यवस्था रही सजायको सम्बन्धमा नियम ८७ को उपनियम १ को खण्ड (छ) मा "...बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको अवस्थामा त्यस्तो सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ..." भन्ने व्यवस्था रहेको पाइन्छ । निवेदक मिति २०६५।१२।३१ देखि बिदा स्वीकृत नगराई तथा कसैलाई जानकारीसमेत नगराई नियम विपरीत कार्यालय छाडेर गएपश्चात् पनि पन्ध्र दिनभन्दा बढी गैरहाजिर भएका हुँदा निजलाई सो नियमावलीको व्यवस्था अनुरूप भविष्यमा सरकारी

सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय भएको देखिन्छ । प्रहरी सङ्गठनमा रहेको कर्मचारीले यसरी लामो समयसम्म बिनासूचना सम्बन्धित अधिकारीलाई कुनै प्रकारको जानकारी नगराई भएको गैरहाजिर गैरजिम्मेवारीपन हुनुका साथै कानून सङ्गतसमेत नदेखिने ।

निवेदकलाई सफाइ पेस गर्ने मौका प्रदान नभएको भन्ने जिकिर छ, सो सम्बन्धमा सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९३ को खण्ड (ग) मा "...भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरीलाई विभागीय सजाय दिनुपरेमा विभागीय जाँचबुझ गराइरहनुपर्ने छैन..." भन्ने व्यवस्था रहेको पाइन्छ । सफाइ पेस गर्ने मौकाको सन्दर्भमा, मुकेश बस्नेत वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालयसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०७०, अङ्क ७, नि.नं. ९०३७) मा "...सम्पर्क मै नआउने, सम्पर्क गर्न खोज्दा पनि बेवास्ता गर्नेलाई सफाइको मौका दिन सकिने अवस्थै रहँदैन । सफाइको मौका खोज्नेले बोलाउँदा जानु पर्छ र उक्त मौका प्राप्त गर्नुपर्दछ । यसरी गैरहाजिर रहेको निवेदकलाई बुझ्न खोज्दा पनि अटेर गरी बुझिने कार्यलाई परास्त गर्ने तवरबाट हिँडेकालाई सफाइको मौका दिन सकिने अवस्था नै सिर्जित नहुने..." भनी न्यायिक व्याख्या भई निवेदकलाई सेवाबाट अवकाश दिने निर्णय कानून अनुरूपको हुँदा रिट निवेदन खारेज हुने ठहर गरेको देखिने ।

उक्त कानूनी व्यवस्था तथा न्यायिक व्याख्यासमेतको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा निवेदकले कुनै पनि पदाधिकारीको अनुमतिबिना कार्यालय छाडेर गएपछि निजलाई खोजतलास तथा सम्पर्क गरी उपस्थित गराउने प्रयासहरू पटकपटक हुँदा पनि निजसँग सम्पर्क स्थापित हुन सकेको देखिँदैन । विपक्षी कार्यालयहरूबाट जारी भएको सूचनाको पनि लामो समयसम्म बेवास्ता गरेको तथा निज पत्ता नलागेको अवस्थामा निजलाई सफाइको मौका नदिई भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णयहरू त्रूटिपूर्ण भन्न मिल्ने देखिन नआउने ।

अतः रिट निवेदक गगनदेव साह तेलीलाई मिति २०६५।१२।३१ बाट लागु हुने गरी भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी मिति २०६६।०१।२९ मा विपक्षी सशस्त्र प्रहरी बल, पाथीभरा गणबाट भएको निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरी पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनी, पकली, सुनसरीबाट मिति २०६८।१२।०३ मा भएको निर्णयसमेत कानूनसम्मत नै देखिएकोले निवेदन मागबमोजिम उक्त निर्णय तथा सो निर्णयबमोजिमको पत्राचार उत्प्रेषणको आदेशले बदर गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मनिता गुरूङ

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम् ।

**२४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७८-WH-०२०९, बन्दीप्रत्यक्षीकरणसमेत, सन्तोष भन्ने शान्ति प्रसाई वि. झापा जिल्ला अदालतसमेत*

फौजदारी न्याय व्यवस्थामा अदालतबाट भएको फैसलाको पूर्ण कार्यान्वयन एकदमै महत्त्वपूर्ण पक्ष हो । फैसलाको कार्यान्वयन नहुने हो भने कसुरदारउपर ठहर भएको दण्डको कुनै सार रहने हुँदैन । त्यसकारण कसुरदारउपर ठहर भएको दण्ड, जरिवाना, कैद असुलउपर गर्ने गराउने प्रयोजनको लागि प्रचलित नेपाल कानूनमा विस्तृत र व्यापक प्रावधानहरू रहेका पाइन्छन् । कुनै पनि कसुरदारले निज उपर ठहर भएको सजायबाट उन्मुक्ति नपाओस् भनेर नै बेरूजु कसुरदारले पाउने कतिपय कानूनी अधिकारसमेत कानूनले निषेध गरेको उल्लिखित कानूनी व्यवस्थाबाट स्पष्ट हुन्छ । बेरूजु रहेको सजाय असुलउपर गर्ने तथा लगत दुरूस्त गर्ने गराउने कार्यको लागि कानूनले जिल्ला अदालत र त्यसका प्रमुख न्यायाधीशमा अन्तिम जिम्मेवारी

सुम्पिएको देखिने ।

पुराना मुद्दाको कैदको लगत रहेको व्यक्ति अदालतमा अन्य कसुरमा उपस्थित गराई थुनामा राखी पछि भएको फैसला अनुसार कैद समेत भुक्तान भइसकेको अवस्थामा पनि पुरानो मुद्दाको कैदको लगत असुलउपर गर्नेतर्फ ध्यान नपुर्‍याउँदा अनावश्यक कैदको लगत बाँकी रहन जाने हुन्छ । यस अवस्थाबाट फैसला अनुसार ठहर भएको कैदमा बस्नुपर्ने व्यक्तिले कानूनले प्राप्त गर्ने सुविधाबाट वञ्चित भई बढी कैदमा बस्नुपर्ने स्थितिको सिर्जना हुन जानेसमेत देखिन्छ । फैसलाबमोजिम कैद, जरिवानाको लगत रहेका व्यक्तिहरूको लगत चुस्त, दुरूस्त र सही रूपमा अद्यावधिक गर्नुपर्ने हुन्छ । त्यस्तो लगत सजिलै हेर्न सकिने गरी प्रविधिसँग आवद्ध गरिनु जरूरी हुन्छ । यस कार्यलाई थप सहज र स्पष्ट गर्नका लागि अभियोगपत्र दायर गर्दाका बखत नै अभियुक्तले पहिले कुनै कसुरमा सजाय पाइसकेको कुरा उल्लेख गर्नुपर्ने र अदालतसमक्ष अभियुक्तको बयान गर्दासमेत सो सम्बन्धमा निजको प्रतिक्रिया लिनुपर्ने कानूनी व्यवस्था रहेको छ । यस दृष्टिबाट, फैसला कार्यान्वयनमा अदालतले निर्वाह गर्नुपर्ने कानूनी कर्तव्यतर्फ विशेष सजग रही प्रचलित कानूनले स्पष्ट रूपमा तोकेको कार्य गरी फैसलाबमोजिम कैद, जरिवानाको लगत रहेका व्यक्तिहरू अदालतमा कुनै कारणबाट उपस्थित भएमा लगत असुलउपर गर्नेतर्फ तत्काल कार्यान्वयन गर्नुपर्ने देखिन आउने ।

झापा जिल्ला अदालतबाट यी रिट निवेदक सन्तोष भन्ने शान्ति प्रसाईउपर मिति २०७८।१२।२८ मा जारी भएको कैदी पुर्जी कानूनसङ्गत नदेखिई यी निवेदकको थुना गैरकानूनी भएको हुँदा निज निवेदकलाई अन्य मुद्दा वा कारणबाट थुनामुक्त गर्न नपर्ने भए उल्लिखित थुनाबाट तुरून्त थुनामुक्त गरिदिनु भनी विपक्षीहरू झापा जिल्ला अदालत र कारागार कार्यालय, भद्रपुर, झापाको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने । यी निवेदकलाई तुरून्त थुनामुक्त गरिदिन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम तत्काल संक्षिप्त आदेश जारी गरिसकेको हुँदा यस सम्बन्धमा थप केही गरिरहन परेन । फैसलाबमोजिम व्यक्तिलाई लागेको कैद र जरिवाना लागेको लगत सही र ठिक ढङ्गबाट प्रविधिसँग आबद्ध गरी सहज र सरल तवरबाट हेर्न सकिने गरी अद्यावधिक गर्नु र फैसलाबमोजिम कैद, जरिवानाको लगत रहेका व्यक्तिहरू अदालतमा कुनै कारणबाट उपस्थित भएमा लगत असुलउपर गर्नेतर्फ तत्काल कार्यान्वयन गर्नु गराउनु भनी सबै जिल्ला अदालतहरूलाई विशेष ध्यानाकर्षण गरी परिपत्र गर्नु भनी प्रशासन शाखालाई लेखी पठाउने ।

इजलास अधिकृत: वसन्तप्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १३ गते रोज ६ शुभम् ।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-WO-११२६, उत्प्रेषण, देबेन्द्रराज सापकोटा वि. उच्च अदालत पाटनसमेत*

प्रत्यर्थी युरेन्द्र र निजकी श्रीमती मिरा नेपालले NPTC लाई जग्गा रू.१३,८३,०३४।३२ मात्र तिर्न बाँकी रहेको भनी NPTC लिमिटेडको च.नं.८८ मिति २०७७।१२।३० को पत्रबाट खुली आएको देखिन्छ । प्रत्यर्थीहरूले विभिन्न व्यक्तिहरूबाट ऋण लिएको देखिन्छ । निजहरूले आफ्नो नाउँको जग्गा न्यूनतम कर्जा लिएर NPTC मा रोक्का राखेको देखिन्छ । न्यूनतम कर्जा लिएर अनावश्यक बढी जग्गा रोक्का राखी यी निवेदकसमेतको रकम नतिर्ने नियतले रकम असुलीमा बाधा व्यवधान गरेको देखिन्छ । प्रत्यर्थीहरूले अदालतबाट भरिपाउने ठहरेको बिगो कार्यान्वयन नै हुन नसक्ने स्थिति उत्पन्न गर्ने दृष्टिकोण लिएको अवस्थालाई न्यायसङ्गत मान्न सकिँदैन । अदालतको अन्तिम फैसलाले तिर्नुपर्ने ठहरेको बिगो फैसला कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म नगदै दाखिल गर्नुपर्ने ऋणीको पहिलो दायित्व हो । अर्काको ऋण खाएपछि तिर्नु ऋण खानेको कर्तव्य नै हो । प्रस्तुत फैसला कार्यान्वयनको

सिलसिलामा ऋणी युरेन्द्र ओझा अदालतको म्यादमा हाजिर भएको समेत देखिँदैन भने भएको सम्पूर्ण जग्गा थोरै बिगो बापतमा रोक्का राखी फैसला कार्यान्वयनमा उदासीन रहेको देखिन्छ । प्रस्तुत मुद्दामा अप्रत्यक्ष रूपमा प्रत्यर्थी युरेन्द्र ओझाले फैसला कार्यान्वयन गर्नमा बाधा पुऱ्याएको मान्नुपर्ने हुन्छ । प्रत्यर्थीले अनन्तकालसम्म जग्गा फुकुवा नगरी फैसलाबमोजिम निवेदकको बिगो भराउन नसक्ने अवस्था सिर्जना भएको अवस्था छ। फैसला कार्यान्वयन बिना पक्षले न्यायको अनुभूति प्राप्त गर्न सक्दैनन्। फैसला कार्यान्वयन गर्नमा विपक्षीले कानूनका साना साना छिद्रहरू प्रयोग गरी बाधा व्यवधानको उपाय प्रयोग गरिरहन्छन्। त्यस्ता बाधाहरूलाई अदालतले पनि आफूले गरेको फैसला छिटो, छरितो र सजिलोसँग कार्यान्वयन गर्नमा सक्रियता देखाउनुपर्दछ । निवेदक देबेन्द्रराज सापकोटाले प्रत्यर्थी नाउँ दर्ताको कि.नं.४५६ को क्षेत्रफल ०-१-३-० कि.नं.४५९ को ०-२-२-० जग्गाहरूबाट बिगो असुल गरिपाउँ भनी निवेदन दिएको देखिन्छ। निवेदक देवेन्द्रराज सापकोटाको भरिपाउने ठहरेको बिगो जम्मा रू.२३,००,०००।– रहेको देखिन्छ । NPTC को जम्मा बिगो रू.१३,८३,०३४।३२ बापतमा जम्मा ८ कित्ता जग्गाहरूको क्षेत्रफल १-११-०-० जग्गा रोक्का राखेको देखिन्छ । यसर्थ निवेदकले बिगो भराइपाउँ भनी दिएको निवेदनमा खुलेको न्यूनतम मूल्याङ्कन र निवेदकले दिएका पूरक निवेदनसमेत हेरी निवेदक र NPTC समेतको बिगो असुल हुने नहुनेतर्फ विचार गरी निर्णय गर्नुपर्नेमा भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।०६।१४ मा जग्गा फुकुवा गर्न मिलेन भनी भएको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत, पाटनबाट मिति २०७३।११।०५ मा भएको आदेश त्रूटिपूर्ण देखिँदा उक्त आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने।

सहकारी संस्था नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को-अपरेटिभ लि. NPTC ले आफ्नो कर्जा युरेन्द्रप्रसाद ओझाबाट रू.२,३४,८३९।३६ र मिरा नेपाल ओझाबाट रू.११,४८,१९४।९६ गरी जम्मा रू.१३,८३,०३४।३२ रकम लिन बाँकी रहेको भनी यस अदालतको आदेश अनुसार खुलाइ पठाएको देखियो । विपक्षी सहकारी संस्था नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को-अपरेटिभ लि. NPTC ले न्यूनतम मूल्याङ्कनबमोजिम पनि रू.५२,४४,०००।- बराबरको जग्गा रोक्का राखेको देखिँदा नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को-अपरेटिभ लि. NPTC सहकारीको ऋण खाम्ने, ऋणीले राखेको जेथालाई असर नपर्ने गरी प्रस्तुत निवेदकको अदालतको फैसलाबमोजिम भरिभराई पाउने ठहरेको बिगो भरिभराउ हुने सम्मको जेथा अनावश्यक रूपमा नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को-अपरेटिभ लि. NPTC बाट रोक्का रहेको देखियो । निवेदकले खुलाएको उल्लिखित मूल्याङ्कनसमेत हेरी निवेदक र NPTC समेतको बिगो असुल हुने नहुने सोतर्फ समेत विचार गरी निर्णय गर्नुपर्नेमा सहकारी संस्थाको ऋण खाम्नेभन्दा बढि जग्गा रोक्का राखिरहँदा निवेदकले अदालतको फैसलाबमोजिम भरिपाउने रकम अनन्तकालसम्म भरिपाउन नसक्ने स्थिति देखियो । सहकारीमा थोरै रकम ऋण कर्जा लिई वा सहकारीमा आफ्नो प्रत्यक्ष अप्रत्यक्ष सम्पर्क रहेको आधारमा ऋणभन्दा बढी जग्गाहरू धितो राखी अदालतको फैसला कार्यान्वयन हुन बाधा पार्ने नियतले अनावश्यक सम्पत्ति रोक्का राख्ने कार्यलाई मनासिब र न्यायोचित मान्न नसकिने।

तसर्थ, निवेदकको बिगो भरिभराउको कारबाहीको सिलसिलामा नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स को-अपरेटिभ लि. सहकारीको ऋण खाम्ने धितो कायम गरी फैसला कार्यान्वयन गर्न आवश्यक पर्ने बिगोको मूल्याङ्कनको आधारबाट सो नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को-अपरेटिभ लि. (NPTC) ले सो हदसम्म जग्गा रोक्का राखेको उपयुक्त देखिएन। साथै अन्य विभिन्न व्यक्तिहरूको समेत बिगोको दाबी रहेको स्थितिमा के कति जेथाबाट मूल रोक्का कर्ता NPTC को रकम भरिपाउनुपर्ने हो हिसाब गरी गर्न लगाई सो हदसम्म जेथाबाट बाँकी राखी अन्य जेथाबाट आवश्यक प्रक्रिया अपनाई फैसला कार्यान्वयनको कारबाही अघि बढाउनु

भनी भक्तपुर जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः- सीताराम खड्का

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन २२ गते रोज १ शुभम् ।

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-CI-०३८६, अंश चलन, ललितादेवी साह वि. डा. तिलकचन्द साह*

मिति २०६५।०८।०२ मा प्रतिवादी तिलकचन्द साहले कि.नं. ८३७ को जग्गा खरिद गरेको देखिन्छ । निर्मला आचार्य साह वादी भई चलेको दे.नं.११६९ को अंश मुद्दाको अन्तिम फैसला मिति २०६४।०८।२७ मा पुनरावेदन अदालत, विराटनगरबाट भएको पाइन्छ । सो फैसला अनुसार आफ्नो बन्डा छुट्याइपाउँ भनी सो मुद्दाका प्रतिवादी तिलकचन्द साह समेतले मिति २०६५।०९।२० मा सुनसरी जिल्ला अदालतमा निवेदन दर्ता गरेको पाइयो । सो निवेदनमा कोर्ट फी रू.७,६४६।- समेत दाखिल भएको भन्ने सो निवेदनमा जनिएको छ । वादीका पति जितेन्द्र साह उक्त दे.नं.११६९ को अंश मुद्दामा प्रतिवादी रहेको देखिन्छ । सो दे.नं.११६९ को मुद्दामा निज जितेन्द्र साह तथा निजको हकवालाले सो दे.नं.११६९ को अंश मुद्दामा भएको फैसला कार्यान्वयन गर्न गएको देखिँदैन । वादीका पति जितेन्द्र साह अपहरणमा परी बेपत्ता रहेको स्थिति पनि उल्लेख छ । प्रतिवादी तिलकचन्द साहले मिति २०६५।०९।२० मा उक्त दे.नं. ११६९ को अंश मुद्दा कार्यान्वयनको लागि कोर्टफी राखी अदालतमा निवेदन दिएको सोभन्दा अघि मिति २०६५।०८।०२ मा विवादित कि.नं.८३७ को जग्गा खरिद गरिसकेको स्थिति छ । उक्त दे.नं.११६९ को अंश मुद्दामा प्रतिवादी रहेका तिलकचन्द र वादीका पति जितेन्द्र साह सो कि.नं.८३७ नं. को जग्गा खरिद हुँदाको बखत सगोलमा रहेको भन्ने देखिन्छ । सगोलमा रही खरिद भएको जग्गामा जितेन्द्र साहका पत्नी वादीको समेत अंशहक निहित रहन जाने नै हुन्छ । प्रस्तुत अंश मुद्दाको फिराद मिति २०६६।१२।०४ मा दर्ता भएको पाइन्छ । मानो छुट्टिएको मिति फिराद परेको अघिल्लो दिन कायम हुने न्यायिक परिपाटी रहेको छ । सगोलमा रहेको अवस्थामा खरिद भएको कि.नं.८३७ को जग्गामा वादीलाई अंश हकबाट वञ्चित हुने गरी मानो छुट्टिएको मिति २०६१।०१।०२ कायम गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला उक्त न्यायिक सिद्धान्तको समेत विपरीत देखिने ।

यस अवस्थामा मिति २०६६ सालमा परेको प्रस्तुत मुद्दाको मानो छुट्टिएको मिति फिराद परेको अघिल्लो दिन कायम भएको र दे.नं.११६९ को अंश मुद्दाको फैसला कार्यान्वयनको निवेदनलाई एकैसाथ राखी हेर्दा प्रतिवादी तिलकचन्द साहले मिति २०६५।०८।०२ मा विवादित कि.नं.८५७ को जग्गा खरिद गरेको पाइन्छ । प्रतिवादी तिलकचन्द साहसमेतले अंश छुट्याइपाउँ भनी मिति २०६५।०९।२० मा जिल्ला अदालतमा निवेदन दिनुभन्दा अघि नै सो कि.नं. ८५७ को जग्गा खरिद भएको देखियो । फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम भएबाट सोभन्दा अगाडि यी वादी प्रतिवादी एकासगोलकै अंशियार मान्नुपर्ने हुँदा त्यस्तो सगोलको जुनसुकै अंशियारका नाउँमा रहेको जग्गा अन्यथा प्रमाणित हुन नआएसम्म सगोलकै बन्डा लाग्ने सम्पत्ति मान्नुपर्ने हुन्छ ।

सगोलमा रहेको अवस्थामा खरिद भएको सो कित्ता जग्गाको सम्बन्धमा हेर्दा, प्रतिवादी तिलकचन्द साहले निजी आर्जनको सम्पत्ति भने पनि ०६१ सालको दे.नं.११६९ नं. को मुद्दामा पनि पेसा व्यवसायबाट आफ्नो नाउँमा कि.नं.१७०२ र कि.नं.३३ जग्गा खरिद भएको हुँदा बन्डा नलाग्ने भनी निज प्रतिवादीले तायदातीमा जिकिर लिएकोमा सो कि.नं.१७०२ र कि.नं.३३ का जग्गा बन्डा लाग्ने ठहरी फैसला भएको देखिन्छ । सो फैसलामा निज प्रतिवादीले चित्त बुझाएकै देखियो । सगोलमा रहेको अवस्थामा राजीनामाबाट लिएको जग्गा निजी आर्जन भन्नलाई

त्यस्तो निजी आर्जन स्रोतको कुनै निश्चयात्मक लिखत प्रमाण प्रतिवादीले पेस गर्न सकेको मिसिलबाट देखिन आएन । यस्तो सबुद प्रमाणको अभावमा सगोलमा रहेको अवस्थामा राजीनामाबाट खरिद गरेको जग्गा निजी आर्जनको भन्न मिल्ने अवस्थासमेत देखिन आएन । सगोलको अवस्थामा खरिद भएको सम्पत्ति निजी आर्जनको भएको भन्ने प्रमाण पेस हुन नआएको स्थितिमा कि.नं. ८५७ को जग्गाबाट वादीले ५ भागको १ भाग अंश पाउने ।

तसर्थ, अप्रत्यक्ष रूपमा कि.नं. ८५७ को जग्गा बन्डा नलाग्ने गरी मिति २०६१।०१।०२ लाई मानो छुट्टिएको मिति कायम गरेको हदसम्म उच्च अदालत, विराटनगरको मिति २०७०।११।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई मिति २०६६।१२।०३ गतेलाई मानो छुट्टिएको मिति कायम गरी तिलकचन्द साह नाम दर्ताको कि.नं. ८५७ को जग्गाबाट वादीले ५ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत:- सीताराम खड्का

कम्प्युटर:- राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन २२ गते रोज १ शुभम् ।

- यसै लगाउका ०७६-WO-०१४४, उत्प्रेषण, ललितादेवी साह वि. सुनसरी जल्ला अदालत सुनसरीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WO-०१८४, उत्प्रेषण, रितेशराज पन्त वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौं*

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०५६ अठारौँ संशोधन (मिति २०७६।०३।२९) को नियम ३.२ (१)( ख) मा नेपाल नागरिक उड्डयन प्राधिकरणको प्राविधिक सेवातर्फ नवौँ तहका कर्मचारीहरूको पदपूर्ति गर्दा कुल रिक्त पदमध्ये १०% खुल्ला प्रतियोगिताद्वारा, २०% आन्तरिक प्रतियोगिताद्वारा र ७०% कार्यक्षमताको मूल्याङ्कनको आधारमा गरिने छ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा, कुल रिक्त पदको ९०% पद (२०% आन्तरिक प्रतियोगिताद्वारा र ७०% कार्यक्षमताको मूल्याङ्कनको आधारमा) आन्तरिक तवरबाट र १०% खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने गरी प्रतिशत निर्धारण गरी सोही अनुसार पदपूर्तिको लागि विज्ञापन गर्नुपर्ने भन्ने देखिन्छ । तथापि विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणले वि.सं. २०७१ साल देखि नै रिक्त रही पटक पटक खुल्लातर्फ विज्ञापन गर्दा पनि पूर्ति हुन नसकेको उक्त नवौँ तहको प्रबन्धक पदमा २ पदसंख्याको लागि पद निर्धारण गर्दा, पहिला मिति २०७६।०४।१७, विज्ञापन नं. ६१।०७६।७७ मा १००% पदसंख्या नै खुलातर्फ (महिला १ र खुल्ला १) र पछिल्लो मिति २०७६।०५।०५ को विज्ञापन नं. ८६।०७६।७७ मा ५०% मात्र पदसंख्या कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्ने गरी भएको विज्ञापनहरू उल्लिखित कानूनी व्यवस्था अनुकूल भएको देखिएन । साथै, विपक्षी प्राधिकरणबाट भएको उल्लिखित विज्ञापनहरूबाट मिति २०७४।११।२३ गतेबाट नै निवेदकको उल्लिखित रिक्त नवौँ तहको प्रबन्धक पदको लागि सम्भाव्य उम्मेदवारको योग्यता पुगी प्रतिस्पर्धामा सहभागी भई वृत्ति विकासमा असर पर्न गई निजको हक अधिकारमा समेत आघात पुग्न गएको देखिने ।

निवेदकले कार्यक्षमताको मूल्यांकनका आधारमा हुने बढुवाद्वारा पूर्ति गर्ने गरी भएको विज्ञापन नं. ८६/०७६/७७ को विज्ञापनमा आफूले प्राप्त गर्ने पदसमेत समावेश गरी उक्त दुवै पदमा बढुवा हुने कर्मचारीको एकैसाथ जेष्ठता कायम हुने गरी पदपूर्ति गर्न आवश्यक आदेश गरिपाउँ भनी लिएको निवेदन दाबीतर्फ विचार गर्नुपर्ने देखियो । यी निवेदकको वृत्ति विकाससँग सम्बद्ध विषय देखिएकोले विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०७६।०४।१७ को स्थायी पदपूर्तिसम्बन्धी सूचनाको कारबाही अगाडि नबढाई यथास्थितिमा राख्नु भनी यस

अदालतबाट मिति २०७६।०५।१५ मा अन्तरकालीन अन्तरिम आदेश भई उक्त मिति २०७६।०४।१७ को विज्ञापनबाट माग भएको खुल्लातर्फको पद पूर्ति हुन सकेको पाइएन । यी रिट निवेदकको उल्लिखित नवौँ तहको प्रबन्धक पदको मिति २०७४।११।२३ गतेबाट नै सम्भाव्य उम्मेदवारको योग्यता पुगी बढुवाको लागि योग्यता पुगिसकेको भए तापनि लामो समयसम्म उक्त रिक्त पदको लागि विज्ञापन नगरी वि.सं. २०७६ मा आएर मिति २०७६।०४।१७ (विज्ञापन नं. ६१।०७६।७७) मा १ पद खुल्लाबाट र मिति २०७६।०५।०५(विज्ञापन नं. ८६।०७६।७७) मा १ पद कार्य सम्पादन मूल्याङ्कनबाट हुने बढुवाद्वारा पदपूर्ति गर्ने भनी विज्ञापन गरेको देखिँदा यी निवेदकलाई विपक्षी प्राधिकरणले उल्लिखित पदमा मिति २०७८।०७।०७ गतेदेखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिएको भए तापनि मिति २०७६।०५।०५ (विज्ञापन नं. ८६।०७६।७७) को विज्ञापनबाट बढुवा हुने कर्मचारीको र निज निवेदकको एकैसाथ जेष्ठता कायम गर्नु न्यायोचित हुने ।

अतः विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राविधिक सेवा, एयरवर्दिनेश समूह, नवौँ तहको प्रबन्धक पदको लागि मिति २०७६।०४।१७ (विज्ञापन नं. ६१।०७६।०७७) मा विज्ञापन गर्दा कानूनबमोजिम कार्यक्षमताको मूल्यांकनको आधारमा हुने बढुवाको लागि निर्धारण गर्नुपर्ने प्रतिशत निर्धारण नगरी खुल्ला प्रतियोगिताबाट नै पद पूर्ति गर्ने गरी विज्ञापन गरेबाट यी निवेदक रितेशराज पन्त तत्काल अवस्थामा नै उक्त विज्ञापित पदको लागि सम्भाव्य उम्मेदवार भई उक्त पदमा नियुक्ति पाई सोही अनुसार जेष्ठता कायम हुन पाउने अवस्थाबाट बञ्चित हुन पुगेको देखिँदा यी निवेदकलाई मिति २०७६।०५।०५, विज्ञापन नं. ८६।०७६।७७ को विज्ञापनबाट प्राधिकरणको प्राविधिक सेवा, एयरवर्दिनेश समूह, नवौँ तहको प्रबन्धक पदमा बढुवा भएका कर्मचारीसरह जेष्ठता कायम गरिनु न्यायोचित देखिँदा सोहीबमोजिम नोकरीको जेष्ठता कायम गर्नु गराउनु भनी विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७८ साल चैत्र २९ गते रोज ३ शुभम् ।

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-१८११, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रिन्की न्यौपाने*

मिसिल संलग्न मिति २०७२।१२।१२ को सक्कल लिखतको पिठमा हेर्दा "मिति २०७२।१०।४।२ गते रू.१०,००,०००।– कपाली तमसुक गरी पैसा दिने मनोज राजवंशी र लिने रिन्की न्यौपानेले लिएको गरी भएको कपाली तमसुकको रकम र मिति २०७२।१०।१६।७ भएको रू.८,००,०००।– रूपियाँ दिने टेकनारायण राजवंशी र लिने रिन्की न्यौपानेबिच गरेको कपाली तमसुकसमेतको जम्मा रू.१८,००,०००।– रूपियाँ आज मिति २०७२।१२।१२ गते गरेको वैदेशिक रोजगारको कागजमा एकमुष्ठ गरी जम्मा रू.२२,७९,०००।– बाइस लाख उन्नासी हजार रूपियाँको वैदेशिक रोजगारको कागज नेहा न्यौपानेको नाममा गरेकोले उल्लिखित दुइवटा कागजबाहेक अरू कुनै पनि कागज छैन भनी उल्लिखित दुईवटा कागज च्यातिदिएको छ" भन्ने बेहोरा जनाएको पाइन्छ । उल्लिखित बेहोरा अनुसार मिति २०७२।१०।०४ र मिति २०७२।१०।१६ मा भएको लेनदेनको लिखत च्यातिदिएको र विवादित लिखत तयार भएको भन्ने देखिने ।

विवादित लिखतको पिठमा जनिएको बेहोरा र फट्टा गरिएको लेनदेनको कागजबाट यो विवादित वैदेशिक रोजगारको लिखत उक्त फट्टा गरिएको लेनदेनको लिखतकै लागि बनाएको भन्ने बेहोरा लिखत प्रमाणबाट पुष्टि भइरहेको छ । साथै जाहेरवालाको वैदेशिक रोजगार न्यायाधिकरणमा भएको बकपत्रको जवाफ १९ नं. मा विदेश जान भनी ऋण लिएको तर कागजमा अर्कै बेहोरा लेखिएको हो भनी उल्लेख गरेबाट

पनि माथि उल्लिखित तथ्य पुष्टि भइरहेको पाइने ।

प्रतिवादी नेहा न्यौपानेको अनुसन्धानको क्रममा तथा सुरू वैदेशिक रोजगार न्यायाधिकरणमा भएको बयानमा रिन्की न्यौपानेले पटक पटक गरी लिएको ऋण रकमलाई एकमुष्ठ गरी निजकी बहिनी नेहा न्यौपानेसँग गराएको नयाँ लिखत गराएको भनी उल्लेख भएको बेहोरालाई उक्त आधार प्रमाणहरू तथा जाहेरवालाको बकपत्रसमेतबाट पुष्टि भएको पाइने ।

प्रतिवादीको बयानमा विदेश जानलाई दिदीले जाहेरवालाबाट ऋण रकम लिएको हो भनी उल्लेख गरेको कुरालाई जाहेरवालाको बकपत्र तथा पेस भएको विवादित कागजको पिठमा जनिएको बेहोराबाट समेत समर्थित भइरहेको पाइन्छ । ऋण रकमको कागजलाई फट्टा गरी छुट्टै कागज बनाएको स्पष्ट रूपमा सो लिखतको पिठमा जनिएको बेहोराबाट समेत देखिएको अवस्थामा प्रतिवादीहरूबाट वैदेशिक रोजगारको कसुर गरेको हो भनी मान्न सकिने अवस्था नरहने ।

तसर्थ, जाहेरवाला नरेन्द्र राजवंशीलाई वैदेशिक रोजगारका लागि क्यानडा पठाइदिन्छु भनी रकम बुझिलिएको भन्ने प्रतिवादीहरू नेहा न्यौपाने र रिन्की न्यौपानेउपरको कसुर गरेको भन्ने अभियोग पुष्टि हुने सबुद प्रमाण वादी पक्षबाट दाखिला हुन नसकेको हुँदा प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न नसकी अभियोग दाबीबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७८ साल फागुन १६ गते रोज २ शुभम् ।

## २९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-CR-१३३८, वैदेशिक रोजगार कसुर, भरत भट्टराई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी र जाहेरवालाका दाजु सरोज थापाले ज्वाइँ नाताका छत्रबहादुर कोइरालालाई वैदेशिक रोजगारीका लागि क्यानाडा मुलुक पठाउनका लागि रू.१२,००,०००।– रकम दिएको भन्ने जाहेरी देखिन्छ । सो जाहेरीलाई वैदेशिक रोजगार न्यायाधिकरणमा जाहेरवाला सम्झना थापाले बकपत्र गरी लेखाएको तथा बुझिएका सरोज थापा र वादीका साक्षी अप्सरा थापाले जाहेरी बेहोरा पुष्टि हुने गरी बकपत्रमा लेखाइदिएको पाइन्छ । जाहेरी दरखास्तसाथ पेस भएको चेकको प्रतिलिपि, बैंक स्टेटमेन्ट र प्रतिवादीले भारत तथा नेपालका विभिन्न ठाउँहरूबाट यी जाहेरवालासँग भएको म्यासेज संवादसमेतबाट जाहेरी बेहोराको तथ्यहरू पुष्टि हुन आएको पाइन्छ । जाहेरवालाका पति छत्र बहादुर कोइरालालाई क्यानाडा मुलुक पठाइदिने भनी प्रतिवादी भरत भट्टराईले विश्वस्त पारी जाहेरवालाका दाजु सरोज थापा र भाउजू वर्षा के.सी. बाट चेकबाट रकम लिएको भन्ने कुरा बैंक स्टेटमेन्टबाट देखिन आउने ।

प्रतिवादीले व्यापार व्यवसायका लागि जाहेरवालाको दाजु भाउजूबाट रकम लिएको भनी दाबी लिएको देखिन्छ तर निज प्रतिवादीले के कुन व्यापार व्यवसाय गर्ने गरेको र के बापतमा रकम लिएको हो भन्ने कुरा भरपर्दो वस्तुगत रूपमा प्रमाण पेस गरेका छैनन् । केवल दाबी लिएकै भरमा प्रतिवादीको भनाइ पत्यारलाग्दो र विश्वसनीय नदेखिने ।

प्रतिवादी भरत भट्टराईले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिएको भनी निजले अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणमा लेखाइदिएको पाइन्छ । प्रतिवादीले जाहेरवालाका पति छत्र बहादुर कोइरालालाई वैदेशिक रोजगारका लागि क्यानाडा मुलुक पठाइदिने भनी जाहेरवालाको दाजु र भाउजूबाट रकम लिएको देखिएको, जाहेरवाला र प्रतिवादीका बिचमा म्यासेज संवाद भएको देखिनुका साथै प्रतिवादीले व्यापार व्यवसायका लागि रकम लिएको भने तापनि सो पुष्टि गराउन नसकेका जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीले गरेको उक्त क्रियाकलापलाई आधार लिई

प्रमाण ग्रहण गरी कसुरदार ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिने।

तसर्थ, प्रतिवादी भरत भट्टराईले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको प्रमाणित हुन आएको देखिँदा निजलाई ऐ ऐनको दफा ४३ बमोजिम १ वर्ष ८ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने र जाहेरवालाको बिगो रू.११,००,०००।– र सोको ५०% ले हुने क्षतिपूर्तिसमेत प्रतिवादीबाट जाहेरवालाले भराइलिन पाउने ठहऱ्याई मिति २०७७।०९।२१ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी भरत भट्टराईको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः- भेषराज भट्टराई

कम्प्युटरः- देवीमाया खतिवडा (देविना)

इति संवत् २०७८ साल फागुन १८ गते रोज ४ शुभम्।

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-CR-०८१७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. पारस लोहनी*

मिति २०७४।०६।०१ को वैदेशिक रोजगारको कागज हेर्दा किरण श्रेष्ठ, इन्द्रबहादुर तमु, सागर कुमार श्रेष्ठ, राजुराम मुल, र सिताराम भट्टसमेत ५ जनालाई वैदेशिक रोजगारका लागि मकाउ मुलुक पठाइदिने भनी प्रतिवादी पारस लोहनीले रू.१५,६०,०००।– लिएको भन्ने देखिन्छ। के, कुन ? जाहेरवालाको के, कति रकम प्रतिवादीले बुझेको भन्ने कुरा विवादित लिखतमा देखिँदैन। यस अवस्थामा जाहेरवालाहरूमध्ये किरण श्रेष्ठ, राजुराम मुल र सिताराम भट्टसमेत ३ जनाको दाबीको बिगो र हर्जानासमेत प्रतिवादीबाट पाइसकेको भनी वैदेशिक रोजगार विभागमा मिति २०७५।०२।२२ मा निवेदन दिई सोही मितिमा सनाखत गरेको देखियो। यस्तो के, कुन जाहेरवालाको के, कति रकम प्रतिवादीले बुझेको हो भन्ने स्पष्ट नदेखिएको अवस्थामा गोलमटोल लिखतका आधारमा कसुरदार ठहर गर्न नमिल्ने साथै जाहेरवालाहरू अदालतमा आइ बकपत्र गरेपश्चात् मात्र के, कति रकम कसको बाँकी रहेको छ भन्ने तथ्य पुष्टि हुने अवस्था रहन्छ। जाहेरवालाहरूमध्ये किरण श्रेष्ठको हकमा अभियोग दाबी नै रहेको पाइँदैन तथा निज किरण श्रेष्ठको हकमा छुट्टै मुद्दा दर्तारही कारबाहीयुक्त अवस्थामा रहेको भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा उल्लेख भएको देखिने।

मिति २०७४।०६।०१ को लिखतमा जाहेरवालाहरूको एकमुष्ठ रकम बुझेको भन्ने उल्लेख भएको देखिएको, उल्लेख भएका जाहेरवालाहरूमध्ये ३ जनाले आफ्नो रकम फिर्ता पाइसकेको भनी निवेदन दिई निवेदन सनाखतसमेत गरेको अवस्थामा निज जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि सो बेहोरा अन्यथा हो भनी उल्लेख गर्न नसकेको साथै जाहेरवालाहरूमध्ये किरण श्रेष्ठका हकमा निजले बिगो नपाएको भनी अदालतमा बकपत्र गरे तापनि निजको के, कति रकम हो भनी कागजबाट नदेखिनुका साथै निज जाहेरवाला किरण श्रेष्ठको हकमा छुट्टै मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता भई हाल कारबाहीयुक्त अवस्थामा रहेको भन्ने वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाबाट देखिएको स्थितिमा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट अभियोग दाबी प्रमाणित हुन नसकेको भनी प्रतिवादी पारस लोहनीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः अभियोग दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादी पारस लोहनीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको मिति २०७८।०५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः- भेषराज भट्टराई

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन १८ गते रोज ४ शुभम्।

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-१७९६, वैदेशिक रोजगार कसुर, सगिर खान वि. नेपाल सरकार*

प्रतिवादी सगिर खानले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने इजाजत अनुमति पत्र नलिएको भन्ने कुरा निजको अनुसन्धान अधिकृत र वैदेशिक रोजगार न्यायाधिकरणमा भएको बयानबाट स्वीकार गरेको देखिन्छ । जाहेरवालाहरू हेमराज वली, रविन्द्र थापा, सुवास श्रेष्ठ र बिक्की बुढालाई वैदेशिक रोजगारका लागि दुबई मुलुकमा पठाइदिन्छु भनी झुट्ठा आश्वासन र प्रलोभनमा पारी रकम बुझिलिई कागज गरी वैदेशिक रोजगारका लागि विदेश मुलुक दुबई पठाएको भन्ने तथ्य रहेको छ । पुनरावेदक प्रतिवादीले मिति २०७३।०८।०३ को लिखतमा भएको सहीछापलाई अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत स्वीकार गरेको पाइन्छ। पुनरावेदक प्रतिवादी सगिर खानले सो लिखत करकापमा गराएको भनी जिकिर लिए तापनि निजले कानूनका म्यादभित्रै सो लिखत बदर गराउन सकेको पनि पाइँदैन । पुनरावेदक प्रतिवादी आफू दुबईमा रहेको र जाहेरवालाहरूलाई दुबई पठाउने प्रक्रियामा कागजात मिलाइदिने कार्यमा संलग्न रहेको भनी बयान गरेबाट समेत निजको कार्य व्यवहारसमेतले अभियोग दाबीबमोजिम निजले कसुर गरेको पुष्टि भइरहेको पाइने।

यसरी वैदेशिक रोजगार व्यवसाय गर्न अनुमति नलिएको निज पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगारका लागि जाहेरवालाहरूबाट रकम बुझी लिई कागजसमेत गरेको देखियो । वैदेशिक रोजगारमा जाहेरवालाहरूलाई पठाउन नसकेपछि निजहरूको उजुरी गरेपश्चात् मात्र पक्राउ गरेपछि निज पुनरावेदक प्रतिवादीले सो वैदेशिक रोजगारको कागज मलाई फसाउने उद्देश्यले करकापबाट गराएको हो भनी जिकिर लिएको तर सो लिखत कागज बदर गराउनको लागि कानूनी उपचारको मार्ग अवलम्बन गरेको देखिँदैन। दाबी लिएको कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि गराउने दायित्व निज दाबी लिने पक्षकै हुन जाने प्रमाण ऐनको व्यवस्था रहेकोमा निजले लिएको दाबी पुष्टि गर्न नसकेको स्थितिमा निजको कथनलाई आधार मान्न मिल्ने हुँदैन। लिखत प्रमाणबाट अभियोग दाबी पुष्टि भएको हुँदा कसुर नगरेकोले उन्मुक्ति पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी सगिर खानले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको प्रमणित हुन आएको देखिँदा निजलाई ऐ.ऐनको दफा ४३ बमोजिम १ वर्ष छ महिना कैद तथा १ लाख ५० हजार रूपैयाँ जरिवाना हुने तथा जाहेरवालाहरूले दाबीबमोजिम बिगो र हर्जाना निज प्रतिवादीबाट भरिपाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५।०५।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी सगिर खानको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

संवत् २०७८ साल फागुन १८ गते रोज ४ शुभम्।

## इजलास नं. ४

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०३०८, अपुताली एवम् शेषपछिको बकसपत्रसमेत, नानीमाया भन्ने बेलमाया गिरी वि. मिनाकुमारी गिरी*

राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक शाखाको खातामा रहेको रू.५,००,०००।– रकमको हकका सो रकम आमा धनरूपाले शेषपछिको हकदारमा मलाई इच्छाएकोले सो रकम मैले एकलौटी रूपमा पाउनुपर्नेमा सो रकममा समेत आधा मात्र मैले पाउने ठहर गरेको पुनरावेदन फैसला नमिलेको भन्ने

पुनरावेदकको पुनरावेदन जिकिरतर्फ विचार गर्दा सुरू मिसिल संलग्न रहेको राष्ट्रिय वाणिज्य बैंकको च.नं.९८ मिति २०६९।४।३२ को पत्र अनुसार यस शाखा कार्यालयमा रहेको धनरूपा गिरिको मुद्दती हिसाब नं.३०२०००४३५८२२ मा भएको रू.५,००,०००।– निज खातावालाले आफ्नी छोरी बेलमाया गिरीलाई शेषपछिको हकवाला राखेको भनी जानकारी लेखी पठाएको देखिन्छ । तत्काल मौजुदा रहेको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१(१) ले निक्षेपउपरको हक दाबीका सम्बन्धमा निक्षेपकर्ताको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले अग्राधिकार पाउने व्यवस्था गरेको देखिन्छ । यसमा निक्षेपकर्ता धनरूपा गिरीले पुनरावेदक नानीमाया भन्ने बेलमाया गिरीलाई इच्छाएको भन्ने बैकको पत्रबाट देखिन्छ । खातावाला मनरूपाले पुनरावेदकलाई इच्छ्याएको भन्ने देखिँदा सो रकम पुनरावेदकले मात्र पाउने हो भन्ने कुरा बोधगम्य देखिन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विशेष ऐन भएको र सो ऐनले व्यवस्था गरेबमोजिम बैंकको रकममा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१(१) नै आकर्षित हुने देखियो । यसप्रकार पुनरावेदकले दाबी गरेबमोजिम वाणिज्य बैंक, शाखा कार्यालय पृथ्वीचोक पोखराको धनरूपाको खातामा रहेको रकम पुनरावेदकले मात्र पाउने भन्ने देखिने ।

अतः विवादित कि.नं.१०१८१ को जग्गा र सोमा रहेको घरसमेतमा नरम गरम अर्थात् समानुपातिक तवरबाट पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीलाई बराबर आधा भाग छुट्याइदिनुपर्ने र वाणिज्य बैंकमा रहेको रकम एकलौटी पुनरावेदकले पाउने भनी फैसला गर्नुपर्नेमा सो हदसम्म अन्यथा ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत पोखराको मिति २०७०।१२।११ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई राष्ट्रिय वाणिज्य बैंकमा रहेको धनरूपा गिरीको नामको खाताको रकम रू.५,००,०००।– र सोको ब्याज रकमसमेत पुनरावेदक वेलमाया गिरीको एकलौटी हक कायम हुन्छ, सो रकममा प्रत्यर्थी वादी मिना कुमारीको हक पुग्न सक्तैन । कि.नं.१०१८१ को जग्गा र सोमा रहेको घरसमेत नरम गरम अर्थात् समानुपातिक तबरवाट बराबर आधा भाग पुनरावेदक र प्रत्यर्थीलाई छुट्याइदिने ठहर्ने ।

इजलास अधिकृत: विनोद प्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम् ।

## ३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७८-WH-०२७२, बन्दीप्रत्यक्षीकरण, निता प्रसाई वि. झापा जिल्ला अदालतसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) मा "कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्था बाध्यकारी नभएर अदालतको तजबिजमा प्रयोग हुने व्यवस्था रहेको देखिन्छ । निवेदक प्रतिवादी निता प्रसाईलाई पुनरावेदन अदालत विराटनगरको फैसलाले भएको कैद र जरिवाना भुक्तानी गर्न आफूलाई अदालतसमक्ष समर्पण गरेको देखिँदैन । निज अन्तिम फैसला भएको करिब २० वर्षपछि फरार रहेको अवस्थामा अदालतको फैसला कार्यान्वयन दस्ता टोलीद्वारा पक्राउ परेको देखियो । निजउपरको कसुर हेर्दा सर्वोच्च अदालतको छाप एवम् तत्कालीन प्रधान न्यायाधीशको दस्तखत किर्ते गरेको भन्ने देखिन्छ । यस प्रकार आफूलाई लागेको कैद भुक्तानी गर्न अदालतसमक्ष समर्पण नगरेको अवस्था,

प्रधान न्यायाधीशको ओहोदा र अदालतको छापप्रति निज प्रतिवादीले देखाएको अनादर, अनास्थालगायत कसुरको गम्भीरता र कसुरको प्रकृतिलाई हेर्दा यस प्रकारको कसुरमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसार सुविधा दिनु न्यायोचित र विवेकसम्मत नदेखिने।

अतः निवेदक निता प्रसाईलाई मुलुकी ऐन किर्ते कागजको १ नं. को कसुरमा ऐ.को ९ तथा १२ न. बमोजिम १ वर्ष कैद र रू. ५०/- जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०५९/५/२५ मा भएको फैसला कार्यान्वयनको सिलसिलामा कानूनी प्रक्रिया पूरा गरी कैदमा राखेको देखिएको हुँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदकलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । निवेदन खारेज हुने।

इजलास अधिकृत: हरिप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल श्रावण १३ गते रोज ६ शुभम्।

**३४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CI-०४६०, दूषित लिखत दाखेल खारेज बदरसमेत, मनकुमारी खत्री (खड्का) वि. सुरेन्द्र विक्रम बुढा*

विवादित कित्ता नं. ४२३ को ०-८-० जग्गा पैत्रिक सम्पत्ति नभई प्रतिवादी सपना कुमारी घर्तीले २०६४।०८।०५ मा सुनिता शर्मासँग राजीनामा खरिद गरी लिएको देखिन्छ। उक्त खरिद गर्दाको अवस्थामा समेत वादी सुरेन्द्र बिक्रम बुढा साक्षीको रूपमा रहेको समेत देखिन आउँदैन यस्तो अवस्थामा सपना कुमारी घर्ती घरको मुख्य भई व्यवहार गर्दै आएको र निजले आफ्नो पालामा आर्जेको सम्पत्ति हो भन्ने कुरामा विवाद देखिँदैन । प्रतिवादी सपना कुमारी घर्तीले उल्लिखित जग्गा बिक्री गर्दा वादीलाई बिक्री लिखतमा साक्षी नराखेकोले आफू तथा नाबालक छोराहरूको जग्गा बिक्री गर्दा मन्जुरी लिएको छैन भन्ने फिराद दाबी सन्दर्भमा हेर्दा प्रत्यर्थी वादी सुरेन्द्र विक्रम बुढा जग्गा बिक्री गर्दाको अवस्थामा मलेसिया रहेको भन्ने कुरा निजको फिराद बेहोराबाट खुल्न आउँछ भने छोराहरू ३ वर्ष र १३ वर्षको भई नाबालक रहेको भन्ने देखिन्छ। वादी सुरेन्द्र विक्रम बुढा विदेशमा रोजगार गरी बस्ने हुँदा नाबालक छोराहरूको संरक्षक भई घर व्यवहार चलाएर बसेकी प्रतिवादी सपनाकुमारी घर्तीलाई घर व्यवहारका लागि रकम आवश्यक पर्ने कुरा अस्वाभाविक देखिएन। उल्लिखित जग्गा बिक्री हुँदाको अवस्थामा सपना कुमारी घर्तीका पति प्रत्यर्थी वादी सुरेन्द्र बिक्रम बुढा विदेशमा रहेको र नाबालक छोराहरूको संरक्षक सहितको घर व्यवहारको जिम्मेवारी गर्दै घरको मुख्य व्यक्ति भई बसेको प्रतिवादी सपना कुमारी घर्तीलाई विदेशबाट पैसा पठाई उक्त सम्पत्ति खरिद गरेको भन्ने पुष्टि हुने प्रमाण नदेखिएको अवस्थामा आफ्नो पालामा आर्जन गरेको सम्पत्ति बिक्रि गरेको देखिन आएकोले यस्तो अवस्थामा विदेशमा रहेको पतिको मन्जुरी लिनुपर्छ भन्नु न्यायसङ्गत नदेखिने।

अत: प्रतिवादी सपना कुमारी घर्तीले प्रतिवादी मनकुमारी खत्री (खड्का)लाई मिति २०७३।०२।३१ मा र.नं. ७६९८(ग) बाट राजीनामाको लिखत पारित गरिदिएको राजीनामा लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने हुँदा उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासको २०७४।१२।१३ को फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०७४।०२।२३ को फैसला सदर हुने।

इजलास अधिकृत: ओजा लामिछाने

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र २४ गते रोज ३ शुभम्।

**३५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CR-११७८, जालसाजी, निर कुमारी लिम्बुसमेत वि. महेन्द्रनाथ कायस्थसमेत*

दूषित कार्य गरी ऋण लिएको भन्ने कुरा वादीलाई पहिले नै थाहा जानकारी थियो भन्ने कुरा कहीँकतैबाट देखिँदैन । मिति २०५३/०९/०१ मा कि.नं. १९५ र १९७ को जग्गा बैंकका नाममा दृष्टिबन्धक पास भएको भन्ने देखिन्छ । त्यसको करिब दुई महिनापछि मिति २०५३/११/०३ मा पछि सच्याएको जग्गाधनीको नाम बदर भई साबिककै नाम कायम भएको छ। सो समयमा पनि उल्लिखित जग्गामा बैंकको रोक्का देखिँदैन । मिति २०५४/०५/१६ मा छोरा उमेश सुब्बा लिम्बूबाट निजको बुबा नरबहादुर लिम्बूको नाममा हालैको बकसपत्र लिखत पास भएको देखिन्छ । बैंकको रोक्का रहेको भए जग्गा पास हुन सक्ने अवस्था हुँदैन । बैंकले उक्त जग्गा रोक्का राखी रोक्का रहेको जानकारी मिति २०५९/०४/२६ मा नरबहादुर लिम्बुलाई गराएको देखियो । अर्थात् सोही मितिबाट प्रत्यर्थी गंगाबहादुर लिम्बुले आफू नरबहादुर लिम्बुको छोरा उमेश लिम्बु हुँ भनी नागरिकता बनाई सोही आधारमा उल्लिखित जग्गाको स्रेस्ता सच्याई बैंकबाट कर्जा लिई खाएको भन्ने पुनरावेदक/वादीलाई जानकारी भएको भन्ने मान्नुपर्ने देखियो। सो जानकारी भएपछि नरबहादुर लिम्बुले मिति २०५९/०६/२० मा सोको हिसाब किताबबारे जानकारी पाउँ भनी प्रत्यर्थी नेपाल बैंक लिमिटेड, सिटी अफिस, विराटनगरमा निवेदन दिएको पनि देखिने।

हदम्याादको सम्बन्धमा विचार गर्दा, पुनरावेदक/वादी नरबहादुर लिम्बु नामको जग्गा बैंकले मिति २०५९/०४/२३ मा रोक्का राखी सोको जानकारी नरबहादुर लिम्बुलाई मिति २०५९/०४/२६ मा दिएको देखियो । माथि उल्लिखित विवेचनासमेतबाट मिति २०५९/०४/२३ मा जग्गा रोक्का राखेपछि मुद्दा गर्नुपर्ने कारण सिर्जना भयो । त्यहीँबाट तत्काल प्रचलित किर्ते कागजको महलको १८ नं. बमोजिमको दुई वर्षको हदम्याद सुरू भयो । प्रस्तुत मुद्दामा मिति २०६०/०९/२१ मा दुई वर्षभित्रै फिराद परेको देखिन्छ । साबिक किर्ते कागजको महलको १८ नं. मा भएको हदम्याद "भए गरेको मितिले दुई वर्षभित्र नालिस दिनुपर्छ" भन्ने कानूनी व्यवस्था मिति २०५९/०५/२७ मा संशोधन भई "... काम भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस दिनुपर्छ" भन्ने व्यवस्था भएको देखिन्छ । संशोधित हदम्याद यसमा आकर्षित हुने देखिएन । मिति २०५९/०४/२३ मा जग्गा रोक्का राख्ने निर्णय भएपछि मुद्दा गर्नुपर्ने कारण पर्‍यो र सो बखतबाट किर्ते कागजको महलको १८ नं. मा रहेको दुई वर्षको हदम्याद सुरू भयो । सो मितिले अर्थात् २०५९/०४/२३ बाट दुई वर्षको हदम्याद सुरू हुने देखिँदा मिति २०६०/०९/२१ मा परेको फिराद हदम्याद भित्रैको देखिन आउने।

अतः प्रत्यर्थी/प्रतिवादी गंगाबहादुर लिम्बुले उमेश लिम्बुको नामबाट नागरिकता बनाई अर्काको हक भोगको जग्गाको स्रेस्तामा आफ्नो फोटोसमेत टाँसी दूषित कार्य गरी नेपाल बैंक लिमिटेड, सिटी अफिस, विराटनगरमा उक्त जग्गा धितो राखी ऋण लिएको देखिएको र मुद्दा गर्नुपर्ने कारण मिति २०५९/०४/२३ मा परी सोही मितिबाट हदम्याद सुरू हुने भई साबिक किर्ते कागजको महलको १८ नं. ले प्रस्तुत मुद्दाको फिराद भए गरेको मितिले दुई वर्षभित्रकै देखिँदा हदम्यादको अभावमा प्रस्तुत मुद्दाको फिराद दाबी खारेज हुने ठहर्‍याएको सुरू मोरङ्ग जिल्ला अदालतको मिति २०६६/०३/३० मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ठहर्छ भनी गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६७/११/१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई जो जे बुझ्नुपर्छ बुझी मुद्दाको विषयवस्तुमा प्रवेश गरी पुनः इन्साफ गर्नु भनी हाजिर रहेका पक्षलाई उच्च अदालत विराटनगर जानु भनी तारेख तोकी सुरू र पुनरावेदन अदालतको मिसिल पुनः इन्साफको लागि उच्च अदालत विराटनगरमा पठाइदिने।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

इति संवत् २०७८ साल श्रावण ३१ गते रोज १ शुभम्।

**३६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CI-०२०१, अंशसहित*

*सम्बन्ध विच्छेद, लक्ष्मण खनिया वि. अनु पाण्डे*

पुनरावेदक र प्रत्यर्थीसमेत नेपाली नागरिक भई मिति २०६३।८।२७ गते नेपालमा नै विवाह गरी केही समय नेपालमा सँगै बसी त्यसपछि अष्ट्रेलियामा गएको र सोही ठाउँको नागरिकता प्राप्त गरी हाल त्यहीँ बसोबास गरिआएको तथ्यमा विवाद देखिँदैन । निजहरूबिच अष्ट्रेलियाको कानूनअनुसार अष्ट्रेलियाबाट लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी भएको फैसलालाई मान्यता प्रदान हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उच्च अदालतबाट समेत सदर हुने ठहरी भएको सो हदसम्मको फैसलाउपर पुनरावेदक तथा प्रत्यर्थीले यस अदालतमा पुनरावेदन परेको नदेखिँदा सो विषयमा थप बोलिरहन परेन । अब पुनरावेदक तथा प्रत्यर्थीलाई विदेशी नागरिक मान्दा निजहरूको नाममा नेपालमा सम्पत्ति भएमा वा नेपालमा निजहरूले सम्पत्ति प्राप्त गरेमा के हुने भन्ने नेपाल कानूनको व्यवस्थातर्फ मध्यनजर राख्दा, साबिक मुलुकी ऐन, २०२० अदालतका महलको ३ नं.मा "नेपालभित्रको कुनै अचल सम्पत्तिमा कुनै विदेशी नागरिकलाई अपुताली पर्‍यो वा अंश प्राप्त भयो भने कानूनबमोजिम नेपालको नागरिकता प्राप्त गरी नेपालमा आई बसेकोमा बाहेक सो सम्पत्ति निजको नाममा दर्ता गर्न वा सो सम्पत्तिको आयस्ता खान पाउँदैन । कुनै नेपाली नागरिकहरूलाई सो सम्पत्ति बिक्री गरी वा अरू कुनै बेहोराले हक छोडिदिन पाउँछ । सोबमोजिम नगरी दिए लिएको बदर भई सम्पत्तिमा नेपाल सरकारको अधिकार हुने छ" भन्ने उल्लेख भएको देखिन्छ । यी दुवै पक्षहरू नेपाली नागरिक भई अष्ट्रेलियामा पुगेपछि त्यहाँको नागरिकता प्राप्त गरेको अवस्थामा नेपालमा रहेको सम्पत्ति विदेशी नागरिकका नाममा दर्ता हुन नसक्ने मान्ने हो भने पनि अरू कुनै नेपाली नागरिकलाई सो सम्पत्ति बिक्री गर्न वा अरू कुनै बेहोराले हक छाडी दिन पाउने भन्ने कानूनी व्यवस्था माथि उल्लिखित अदलको महलमा प्रचलनमा रहेको कुरामा स्पष्ट हुन आउँछ । यसरी यी वादी तथा प्रतिवादी दुवैथरीले अष्ट्रेलियन नागरिकता ग्रहण गरी त्यहाँ नै बसोबास गरी आएको भए पनि निजहरू साबिकमा नेपालको नागरिक भई यहाँका स्थायी बासिन्दा रहेका र निजहरूको नेपालमा विवाह हुँदाका अवस्थामा नै नेपालमा सम्पत्ति रहेको भन्ने कुरामा विवाद नदेखिएको अवस्थामा पुनरावेदक प्रतिवादीका नाममा रहेको त्यस्तो सम्पत्ति बन्डा गर्ने प्रयोजनका लागि नेपालको अदालतमा नालेस गर्न नपाउने भन्न मिल्ने नदेखिने ।

वादी प्रतिवादीको जन्मस्थान नेपाल भई दुवैको वैवाहिक जीवन नेपालबाट सुरूवात भएकोमा विवाद देखिँदैन । विवाह गर्दाको समयमा नै पुनरावेदकका नाममा नेपालमा सम्पत्ति रहेको देखिएको र सो सम्पत्तिको आधा हक हिस्सा प्रत्यर्थी वादीमा रहने स्थितिमा निजले नेपालका अदालतमा नालिस गर्न पाउने भनी यसभन्दा माथिको प्रकरणमा विस्तृत विवेचना गरिसकिएकोले त्यस्तो सम्पत्ति प्राप्त गर्न आफैँ नेपालमा आई नालिस गरी तारिखमा बस्न सम्भव नभएको स्थितिमा निजले कानूनबमोजिम आफ्नो अंश जस्तो नैसर्गिक हक प्राप्त गर्न बञ्चित गर्ने गरी अधिकृत वारेस दिन मिल्ने र त्यस्तो वारेस प्राप्त गर्ने व्यक्तिले सो हैसियतबाट अदालती कारबाहीमा सहभागिता जनाउन नमिल्ने भन्न मिलेन । यस स्थितिमा विवाहपश्चात् वादी प्रतिवादी दुवै अष्ट्रेलिया गई बसेको र त्यहाँको नागरिकता प्राप्त गरेको कारणले वादीले नेपालमा मुद्दा दर्ता गर्न अधिकृत वारेसनामा दिन मिल्दैन भन्ने पुनरावेदकको पुनरावेदन जिकिर न्यायोचित देखिन आएन । अष्ट्रेलियामा बसेकै अवस्थामा वादीलाई अंशबापत ६७,२००।– अष्ट्रेलियन डलर दिइसकेकोले अंश दिनुपर्ने होइन भनी पुनरावेदन जिकिर लिएकोमा सोतर्फ हेर्दा निजका नाउँको Australia को Common Wealth Bank Recipt No. ९२४५०९४२११९ को खाताबाट विभिन्न मितिमा Australian Dollors भागबन्डा भनी प्रत्यर्थी वादी अनु पाण्डेका नाममा केही रकम उपलब्ध गराएको देखिन्छ । जुन कुरालाई प्रत्यर्थी/वादीले पनि स्वीकार गरी उक्त रकम अंशबन्डाबापत लिएको नभई जीविकोपार्जनको लागि

लिएको हो भन्ने वादीको भनाइ रहेको देखिन्छ । सो भनाइलाई अन्यथा मान्नुपर्ने कुनै कारण मिसिलबाट नदेखिएको अवस्थामा जीविकोपार्जनका लागि रकम लिनु स्वाभाविक नै मानिन्छ । अंशबन्डा गर्दा समान अंशियारमध्ये एउटा पक्षको उच्च आर्थिक हैसियत रहने गरी र अर्को पक्षको सोभन्दा न्यून हुने गरी असमान अंशबन्डा गर्नु न्यायोचित हुँदैन । यस अवस्थामा पुनरावेदक शिवजी खनियाले वादी अनु पाण्डेलाई अष्ट्रेलियामा दिएको उक्त रकम अंशबापत नै लिएको भनी मान्न मिलेन । त्यसैगरी पुनरावेदक/प्रतिवादी र प्रत्यर्थी/वादीबिच May १, २०१७ बाट सम्बन्ध विच्छेद प्रभावकारी भएको, सोभन्दा पहिला सेप्टम्बर २३, २०१५ (२०७२।६।६) मा बैंकमार्फत केही रकम भागबन्डा गरेको र जुलाई २१, २०१६ (२०७३।४।६) मा Separation खर्च भनी रकम उपलब्ध गराएको देखिँदा सेप्टम्बर २३, २०१५ मा भागबन्डा भनी दिएको रकम अंशबन्डाबापत नै भनी लिएको मान्न नमिल्ने ।

अब अष्ट्रेलियामा सम्बन्ध विच्छेद भइसकेकोले नेपालको सम्पत्तिबाट अंशबन्डा पाउनुपर्ने होइन भन्ने पुनरावेदक जिकिर रहेकोमा सोतर्फ विचार गर्दा, वादी र प्रतिवादीका बिचमा १ मे. २०१७ मा Australia को Family Law Act, १९७५ बमोजिम सम्बन्ध विच्छेद भइसकेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर रहेकोमा मिसिल सामेल रहेको Federal Circuit Court of Australia को फैसलाबाट पुष्टि भएको छ । तर वादी अनु पाण्डेले सम्बन्ध विच्छेद हुनुभन्दा पूर्व नै प्रतिवादी शिवजी खनियाबाट अंश दिलाई सम्बन्ध विच्छेदसमेत गरिपाउँ भनी नेपालको चितवन जिल्ला अदालतमा फिराद दायर गरेको देखिन्छ । सामान्यत: सम्बन्ध विच्छेद हुनुभन्दा पछि अंश मुद्दा दायर भएको अवस्थामा पति पत्नीको सम्बन्ध कायम नभई छुट्टिइसकेको स्थिति उत्पन्न हुने भएकोले त्यस्तो स्थितिमा पतिबाट पत्नीले र पत्नीबाट पतिले अंश नपाउने स्थिति रहन्छ । यस मुद्दामा १ मे, २०१७ तदनुसार मिति २०७४ वैशाख १८ गते यी पुनरावेदक र प्रत्यर्थी वादीबिच सम्बन्ध विच्छेद भएको भन्ने देखियो । प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादी शिवजी खनियासँग मिति २०७३।०९।०३ मा नै अंश दिलाई सम्बन्ध विच्छेदसमेत गरिपाउँ भनी चितवन जिल्ला अदालतमा नालेस गरेको देखिँदा निजहरू पति पत्नी रहेभएकै अवस्थामा अंशसमेतको फिराद परेको देखिन आएकोले प्रत्यर्थी/वादी अनु पाण्डे खनियाले पुनरावेदक/प्रतिवादी शिवजी खनियाबाट अंश पाउने नै अवस्था देखियो । यस अवस्थामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादी अनु पाण्डेले प्रतिवादी शिवजी खनियाबाट २ भागको १ भाग अंश पाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६।५।१ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम् ।

## ३७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CI-०१०९, ०७६-CI-०२३१, अंश चलन, सिता कोइरालासमेत वि. प्रतिक्षा कोइरालासमेत, शोभाकान्त कोइराला वि. प्रतिक्षा कोइरालासमेत*

मिति २०७३।८।१३ मा प्रतिवादी शोभाकान्त कोइरालाउपर वादीहरूले अंश मुद्दा दायर गरी शोभाकान्तको प्रतिउत्तर जिकिरबाट सिता कोइरालासमेतका प्रतिवादीहरूलाई कास्की जिल्ला अदालतबाट बुझी प्रतिवादीसरह कायम भएको अवस्थामा विचाराधीन मुद्दालाई असर पार्ने गरी शोभाकान्तको नाममा रहेको कि.नं. १४४ र २९६ का कित्ता जग्गाहरू शोभाकान्तको निजी नभई सगोलको हो भन्ने कुरा प्रमाणित गर्ने उद्देश्यबाट गुपचुप गरी अदालतलाई समेत गुमराहमा पारी गरिएको मिति २०७४।९।४ को मिलापत्र वादीहरू विरूद्धको प्रमाण लाग्ने अवस्था देखिँदैन । मुद्दा चल्दा चल्दैको अवस्थामा

सो मुद्दालाई असर गर्ने गरी भएका अन्य कुनै पनि काम कारबाही कानूनत: मान्य हुन सक्ने देखिँदैन । यसर्थ शोभाकान्त कोइरालाको नाउँमा कायम भएका कि.नं. १४४ र २९६ को साबिक कि.नं. २२८८, २२८९, २९७२ र २२९१ का जग्गाहरू हाल साबिकबाट कि.नं. ३२ र १४४ कायम भई कि.नं. ३२ बाट कित्ताफोड गरी कि.नं. २९३,२९४ र २९५ प्रतिवादीहरूमध्ये परशुराम कोइराला, दिपक कोइराला र पृथ्वी कोइरालालाई हालैको बकसपत्रको लिखतबाट बिक्री गरी बाँकी रहेको कि.नं. २९६ र कि.नं. १४४ समेतका उक्त जग्गाहरू मिति २०४९।५।१४ र २०४९।५।१५ मा कविश्वालाल श्रेष्ठबाट शोभाकान्त कोइरालाले खरिद गर्दा सगोलको सम्पत्तिबाट खरिद भएको भन्ने देखिँदैन । उक्त जग्गाहरू शोभाकान्तको नाउँमा २०४९ देखि २०७३ सालसम्म वादीले फिराद गर्दाको अवस्था २५ वर्षसम्म एकलौटी निजी आर्जनको रहेको पाइन्छ । उक्त जग्गा शोभाकान्तको निजी आर्जनबाट खरिद गरेको हो भन्ने तथ्य मिति २०६८।१०।२३ को सर्तनामा, सोही मितिमा शोभाकान्त कोइरालाका दाजु परशुराम, भाई दिपक र पृथ्वी कोइरालाले शोभाकान्त कोइरालाबाट कि.नं. ३२ बाट कित्ताफोड गरी कि.नं. २९३, २९४ र २९५ का जग्गा हालैको बकसपत्रबाट खरिद गरी लिएको लिखत र शोभाकान्त नेदरल्याण्डमा २०४४ सालबाट काममा गई सोबाट आर्जन गरी नेपाल इण्डोस्वीज बैंकमा २७-०८-१९९२ (२०४९।५।११) मा रू.१६,०५,७१४।६० र रू.१५,५१,५५०।- रकम पठाएको भौचर सोही रकमबाट तत्काल मिति २०४९।५।१४ र २०४९।५।१५ मा शोभाकान्त कोइरालाको नाममा कि.नं. १४४ र २९६ को जग्गा खरिद गरेको राजीनामा लिखत र दर्ता स्रेस्ता साथै यी वादीहरूलाई अंश हक कम गराउने उद्देश्य र मनसायबाट प्रतिवादीहरूबाट भएका अन्य कामकारबाहीसमेतबाट पुष्टि हुने ।

बदनियत र खराब मनसायको परिभाषा फौजदारी अपराधमा मात्र नभई देवानी प्रकृतिका काम कारबाहीमा पनि उत्तिकै लागु हुने हुन्छ, जुन कुरा प्रस्तुत मुद्दामा शोभाकान्त कोइरालासमेतको प्रतिवादीहरूको कामकारबाहीबाट देखिन्छ । किनकि वादीहरूबाट मुद्दा दर्ता नहुँदासम्म कि.नं. १४४ र २९६ का जग्गा शोभाकान्त कोइरालाको एकलौटी निजी आर्जन हुने तर मुद्दा दर्ता भइसकेपछि सगोलको हुने भन्ने हुँदैन । वादीहरूले निजका पति/पिता शोभाकान्तउपर अंश मुद्दा दायर गरेपछि मात्र शोभाकान्तको नाममा रहेका कित्ता जग्गालाई सगोलको हो भनी प्रमाणित गराउन गुपचुप रूपमा स्याङ्जा जिल्ला अदालतमा प्रतिवादीहरूकै मिलेमतोमा आमा वादी र छोराहरू प्रतिवादी भई कास्की जिल्ला अदालतमा तायदाती पेस गर्नुभन्दा ४ दिनअगाडि कि.नं. १४४ र २९६ सगोलको सम्पत्ति हो भनी मिलापत्र गर्नु र एकपटक उक्त जग्गा शोभाकान्त कोइरालाको स्वआर्जनको हो भनी स्वीकारिसकेपछि पुन: आफू नै विबन्धित हुने गरी सगोलको हो भन्नुबाट प्रतिवादीहरूको बदनियत रहेको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यस अवस्थामा शोभाकान्त कोइरालाका नाउँमा दर्ता रहेको कि.नं. १४४ र २९६ जग्गाहरू सबै अंशियारको सगोलको हुने ठहरी भएको सुरू अदालतको फैसला उल्टी गरी उक्त जग्गा प्रतिवादी शोभाकान्त कोइरालाको निजी आर्जनको सम्पत्ति भई वादीहरू/प्रत्यर्थीहरू र पुनरावेदन/प्रतिवादी शोभाकान्त कोइरालाबिच मात्र बन्डा लाग्ने गरी उच्च अदालत पोखराबाट मिति २०७६।३।२५ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिने ।

अत: प्रतिवादीमध्येका शोभाकान्त कोइरालाको नाममा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ५ को कि.नं. २९६ र कि.नं. १४४ को जग्गा वादी दाबी अनुसार प्रतिवादी शोभाकान्त कोइरालाको निजी आर्जनको ठहर गरी उक्त कित्ता जग्गाबाट समेत प्रत्यर्थीहरू/वादीहरू र पुनरावेदक/प्रतिवादीहरू शोभाकान्त कोइरालाबिच मात्र बन्डा लाग्ने गरी उच्च अदालत पोखराबाट भएको फैसला कानूनबमोजिम मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम् ।

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CI-०३२६, अंश, नजामुद्दिन धुनिया वि. मकरूद्दिन मुसलमान*

वादी प्रतिवादीबिच भएको मिति २०७४।०१।१२ को र.नं. १३७०४ को बन्डा पत्रबाट उक्त कि.नं. ५२५ को जग्गा प्रतिवादीको अंश भागमा पारी घटी बढी भए गरेको देखिन आएकोले कि.नं. ५२५ को जग्गा प्रतिवादी कमरूद्दिन मुसलमानको अंश भागमा पारेको हदसम्म दाबीको बन्डा पत्र बदर भई उक्त कि.नं.५२५ को जग्गा वादी प्रतिवादीबिच नरम करम मिलाई २ भाग लगाई १ भाग ०-२-१८ जग्गा वादीको अंश हक भई निजको नाउँमा दा.खा. नामसारीसमेत हुने ठहरी सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसलामा वादी नजामुद्दिन धुनियाले चित्त नबुझाई प्रस्तुत पुनरावेदन गरेको देखियो। प्रतिवादी र प्रत्यर्थी वादीबिच मालपोत कार्यालय नवलपरासीबाट मिति २०७४।१।१२ मा पारित अंशबन्डा पत्र लिखतमा जिल्ला नवलपरासी गा.वि.स. सरावल वडा नं. ९ख कि.नं. ५२५ क्षेत्रफल ०-५-१६ जग्गा पुनरावेदक प्रतिवादीको अंश भागमा परेको देखिन्छ। उक्त बन्डा पत्र लिखतमा अंशियारहरू आपसमा असल कमसल, नरम करम घटी बढी मिलाई जग्गा आ-आफ्नो अंश भागमा पारी लियौँ दियौँ। उल्लिखित जग्गाबाहेक अरू जग्गा लुकाए छिपाएको छैनौं भन्ने बेहोरासमेत उल्लेख गरेको देखिन्छ। यसरी बन्डा गर्नुपर्ने जग्गा असल कमसल मिलाउने उद्देश्यले कुनै अंशियारको नाममा कुनै जग्गाको क्षेत्रफल घटी बढी हुन सक्ने कुरा स्वाभाविक नै हुन्छ। साबिक मुलुकी ऐन अंशबन्डाको महलको २८ नं. मा समेत अंशबन्डा गर्दा असल कमसल मिलाई दिने लिनेका मन्जुरी भएकोमा मन्जुरीबमोजिम हुने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। मिति २०७१।१।२२ मा बन्डापत्रमा उल्लिखित कि.नं. ५२५ को जग्गा प्रतिवादीले खरिद गरी लिँदा पुनरावेदक वादीले उक्त राजीनामा लिखतको साक्षी किनारामा बसी सहीछाप गरेको उक्त लिखतबाटै देखिन्छ। उक्त लिखतको कैफियतमा प्रतिवादीले उक्त जग्गा मेरो आय आर्जन तथा कमाइबाट खरिद गरेको हो भनी उल्लेख गरेको देखिन्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर मुद्दामा उल्लिखित तथ्य, मिसिल संलग्न रहेको प्रमाण कागजात र प्रचलित कानूनअनुसार पुष्टि हुन सकेको नदेखिँदा उच्च अदालत तुलसीपुर बुटवल इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआएबाट पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

तसर्थ, वादीकै रोहबरमा बन्डापत्र पारित भएको देखिएको र कि.नं. ५२५ को जग्गा राजीनामा गरी लिँदा वादीको रोहबरमा बसी कैफियतमा निजी आर्जन हो भन्ने उल्लेख भएको देखिएकाले सुरू अदालतको फैसला उल्टी हुने ठहरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७६।२।१९ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम्।

**३९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७३-CR-१०९५, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. कृष्णदेव यादवसमेत*

पुनरावेदन अदालतले कसुरदार ठहर गरेका प्रतिवादीहरूमध्ये यस अदालतमा धर्मदेव यादवको मात्र पुनरावेदन परेको देखिन्छ। कसुरदार ठहर भएका प्रतिवादीहरू कृष्णदेव यादव, भोलेन्द्र प्रसाद यादव, गुलाव शर्मा र अशोककुमार यादवले यस अदालतमा पुनरावेदन गरेको देखिँदैन भने प्रत्यर्थी झिकाउने आदेश हुँदासमेत निजहरू यस अदालतमा हाजिर हुन आएको देखिएन। कसुरदार ठहर भएका प्रतिवादीहरूमध्ये केहीको पुनरावेदन परेको र कसैले पुनरावेदन नगरी म्यादमा समेत हाजिर हुन नआएका अवस्थामा निजहरूको हकमा समेत यस अदालतले फैसला गर्न

मिल्छ वा मिल्दैन प्रश्न स्वाभाविक रूपमा खडा हुन आएको देखिन आयो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) हेर्दा "तल्लो अदालतले गरेको फैसलाउपर कुनै खास कसुरदारको वा प्रतिवादीको मात्र पुनरावेदन परेको रहेछ र त्यस्तो पुनरावेदनको निर्णय गर्दा पुनरावेदन नगर्ने कसुरदार वा प्रतिवादीको हकमा तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई त्यस्तो कसुरदार वा प्रतिवादीको हकमा पनि उपदफा (१) मा उल्लिखित अधिकारको प्रयोग गरी कानूनबमोजिम फैसला गर्न सक्ने छ भनी पुनरावेदन सुन्ने यस अदालतको अधिकार क्षेत्रअन्तर्गत कानूनी व्यवस्था गरेको पाइयो । ऐ. ऐनको दफा १४४(३) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतलाई भएको अधिकार आवश्यकताअनुसार प्रयोग गर्न सक्ने व्यवस्था गरेको पाइयो । उल्लिखित व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा समेत पुनरावेदन नगर्ने वा झिकाइएको म्यादमा समेत हाजिर हुन नआएका प्रतिवादीहरूको हकमा समेत "फैसला फरक पर्न सक्ने" भन्ने देखिएको अवस्थामा र "आवश्यकता अनुसार तल्लो अदालतको अधिकार" यस अदालतले प्रयोग गर्न पाउने कुरामा द्विविधा मान्नुपर्ने देखिएन । यसका अतिरिक्त पुनरावेदन नगर्ने प्रतिवादीहरूका हकमा यदाकदा मिसिल संलग्न प्रमाणहरूको समुचित मूल्याङ्कन नभएको कारणले प्रतिवादीहरूलाई गम्भीर अन्याय भएको देखिएको (Gross injustice) वा न्यायमा विचलन वा कानूनी प्रकियाको दुरूपयोग (miscarriage of justice) भएको देखिएको अवस्थामा तल्लो अदालतको त्यस्तो निर्णय सच्याउन सक्ने अधिकार पुनरावेदन सुन्ने माथिल्लो तहको अदालत सर्वोच्च अदालत (Apex Court) ले प्रयोग गरेको न्यायिक अभ्यास व्यवहारमा रहे भएकै देखिने ।

जाहेरी दरखास्त नै सन्देहात्मक र प्रमाणमा ग्रहण गर्न मिल्ने अवस्थाको नरहेको भनी माथिका शीर्षकमा विचेचना भइसकेको छ । तसर्थः विवेचित आधार कारण तथा प्रतिपादित सिद्धान्तसमेतबाट जाहेरी नै कायम रहन सक्ने अवस्थाको नदेखिएकोले प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहर गरी तदनुरूप प्रतिवादीहरूलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७३।५।१५ को फैसला त्रूटिपूर्ण देखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी धर्मदेव यादव तथा पुनरावेदन नगर्ने अन्य प्रतिवादीहरू कृष्णदेव यादव, भोलेन्द्र प्रसाद यादव, गुलाव शर्मा र अशोककुमार यादवले समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत: विनोद प्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक १८ गते रोज ६ शुभम् ।

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WO-१२४९, उत्प्रेषण, रामचन्द्र यादवसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमान्डौंसमेत*

निवेदक तथा प्रत्यर्थी शंकरप्रसाद साह समायोजन ऐन, २०७५ अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१२।११ को निर्णयानुसार मधेश प्रदेशको दशौँ तह, कृषि विकास सेवाअन्तर्गत समायोजन भएको र निजहरू सबैको प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३०(१) अनुसार बढुवाको लागि न्यूनतम योग्यता पुगेकोमा विवाद देखिँदैन । निवेदक र प्रत्यर्थीहरू सबैको उक्त पदमा बढुवा हुन न्यूनतम योग्यता पुगेका अवस्थामा प्रत्यर्थी शंकरप्रसाद साहले दिएको रिट निवेदनको आधारमा उच्च अदालत जनकपुरबाट मिति २०७८।९।२७ मा जारी परमादेशको आदेशलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश लोकसेवा आयोग मधेस प्रदेशबाट सूचना नं. ११०/०७८/७९ मा कृषि सेवाअन्तर्गत एघारौं तह, कृषि एग्रो एण्ड मार्केटिङ सेवा समूहअन्तर्गत १ पदको विज्ञापन कानून विपरीत प्रकाशन भएको भन्ने निवेदन जिकिर रहेको देखिन्छ । उच्च अदालत

जनकपुरबाट जारी भएको आदेशमा प्रदेश निजामती सेवा नियमावली बन्न ढिलाई हुँदा प्रदेशमा कार्यरत दशौँ तहमा कार्यरत कर्मचारीहरू एघारौ तहमा बढुवा हुन पाउने बैध अपेक्षाको हकमा कुठाराघात हुने हुँदा यी निवेदकको हकमा कुन समूह उपसमूह आकृष्ट हुने हो भन्ने विषयमा निर्णय गरी विज्ञापन गर्नु भन्नेसम्मको परमादेश जारी भएको देखिन्छ। उक्त आदेशमा यो सेवा समूहको उम्मेदवारलाई यसरी एकल प्रतिस्पर्धीको मात्र सहभागिता रहने गरी विज्ञापन गर्नु भनी किटानीका साथ भनेको नदेखिने।

प्रत्यर्थी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि सेवाको लागि समूहीकृत नहुने दुई पद विज्ञापनका लागि माग गरिएको अवस्थामा १ पद एग्रो इको एण्ड मार्केटिङ समूहको लागि छुट्याउँदा बाँकी १ पद कुन समूहको लागि विज्ञापन गर्न बाँकी राखिएको हो भन्ने स्पष्ट कारण खुल्दैन। यसप्रकारको अवस्थामा के कुन आधारमा कृषि सेवा समूहीकृत नहुने एघारौँ तहका दुई पदबाट एक पद एग्रो इको एण्ड मार्केटिङ समूहका लागि विज्ञापन गर्नका लागि पत्राचार गरेको हो भनी औचित्य प्रमाणित हुने स्पष्ट आधार कारण आफ्नो लिखित जवाफ र मिसिल सामेल रहेको श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति २०७८।११।२७ को पत्रबाट देखिँदैन। त्यस्तै एउटै मितिमा विज्ञापनका लागि माग गरिएको पदमा एकै पटक विज्ञापन नगरी कुनै व्यक्ति अगाडि र कुनै व्यक्ति पछाडि बढुवा भई कर्मचारीहरूको वृत्ति विकासमा असर पर्ने र बढुवाको समान अवसरबाट बञ्चित हुनुपर्ने अवस्था रहन्छ। यस्तो विषय नीतिगत विषयभित्र पर्ने भई कानून बनाएर मात्र कार्यान्वयन गर्नुपर्ने हुन्छ। उच्च अदालत जनकपुरको मिति २०७८।९।२७ को फैसला उक्त न्यायिक मूल्य, मान्यता र सिद्धान्तविपरीत हुने गरी भएको देखियो। सार्वजनिक सेवामा समूहीकृत पदहरू कुन सेवा समूहअन्तर्गत समूहकृत हुने, कुन समूहमा कुन समूहका कर्मचारीहरू बढुवा हुन पाउने हो भन्ने विषयको निर्धारण सेवा सञ्चालन गर्ने कानून वा कानूनले निर्दिष्ट गरेका निश्चित मूल्य मान्यता र कार्यविधिका आधारमा गर्नुपर्ने हुन्छ। यस आधारमा हेर्दा एक पटक समूहीकृत नहुने कृषि सेवाका पद भनी विज्ञापन गर्न प्रदेश लोकसेवा आयोगमा माग आकृति पठाउने र कुनै आधार कारणबिना पुन: कृषि सेवाका २ पदमध्ये १ पद कृषि एग्रो एण्ड मार्केटिङ सेवा समूहअन्तर्गत कायम गरी असमानता देखिने गरी विज्ञापन गर्नु भनी लोकसेवा आयोगमा पठाउने प्रत्यर्थीबाट भएका कार्य सार्वजनिक प्रशासनका निश्चित मूल्यमान्यता विपरीत हुन्छ। त्यस्तो कार्यलाई समन्यायिकता र समानताको दृष्टिकोणले उपयुक्त मानिँदैन। सार्वजनिक सेवामा कार्यरत सबै कर्मचारीहरूले वृत्ति विकासमा समान अवसर पाउनुपर्दछ। यो कर्मचारीहरूको वैध अपेक्षाको विषय पनि हो। यस्तो अपेक्षा, कानूनी मूल्यमान्यता र औचित्यता प्रमाणित नहुने गरी कुनै निकाय, अदालत वा अधिकारीबाट निर्णय एवम् कामकारबाहीहरू हुन्छन् र गरिन्छन् भने त्यस्ता कानून प्रतिकूलका निर्णय एवम् कामकारबाहीलाई नियन्त्रण गर्नु बान्छनीय हुन्छ। यसप्रकारको स्थितिमा प्रत्यर्थीहरूबाट भएका विज्ञापन प्रकाशित गर्नेलगायतका काम कारबाहीहरूले मान्यता पाउने स्थिति नरहने।

तसर्थ, कृषि सेवाको समूहीकृत नहुने एघारौँ तहको पदमा बढुवा हुन न्यूनतम योग्यता पुगेका निवेदकहरूलगायत सबै प्रतिस्पर्धीहरू पद रिक्त रहेसम्म क्रमश: बढुवा हुन पाउने निर्विवाद हक रहेको अवस्थामा त्यसप्रकारको मान्यताविपरित निवेदक प्रत्यर्थी शंकरप्रसाद साहको पदसँग मिल्ने गरी प्रत्यर्थी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाएको मिति २०७८।११।२७ को पदपूर्ति गर्न लेखिएको पत्र र सोको आधारमा प्रदेश लोकसेवा आयोग मधेस प्रदेशबाट प्रकाशित मिति २०७८।१२।२४ को सूचना नं.११०/०७८/७९ विज्ञापनलगायतका प्रत्यर्थीहरूबाट भएका सम्पूर्ण कामकारबाही कानून प्रतिकूलको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब प्रत्यर्थी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रहेको

कृषि सेवाअन्तर्गतको एघारौँ तहको समूहकृत नहुने पदमा पदपूर्ति गर्न प्रकाशित विज्ञापनमा योग्यता पुगेका निवेदकहरूलगायत सबै उम्मेदवारहरूलाई समान हिसाबले भाग लिन पाउने गरी विज्ञापन गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज २६ गते रोज ४ शुभम् ।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०६९-CI-१२४१, अंश चलन, प्रज्ञान शम्शेर ज.ब.रा. वि. प्रदीप शम्शेर ज.ब.रा.*

प्रत्यर्थी वादीका पिताले वादीसमेत तीनै जना छोराहरूलाई मिति २०३०।३।६ मा र.नं. ५२०२, ५२०३ र ५२०४ को पारित लिखतबाट अंश दिएको देखिँदा प्रत्यर्थी वादीले सो मितिमा नै अंश पाइसकेको हो कि भनी शंका गर्नुपर्ने अवस्था देखिए पनि यी प्रत्यर्थी वादीका पिता इन्दु शम्शेरले वादीका दाजुहरू प्रकृति शम्शेर र प्रज्वल शम्शेरलाई र.नं.१०२०६ मिति २०४३।३।१९ को पारित लिखतबाट अंश दिएको र सो पारित लिखतमा श्रीमती मन्जु राणाको भाग र कान्छो छोरा यी प्रत्यर्थी वादी प्रदीप शम्शेरको भाग "म जिम्मा राखेको" भनी सो लिखतमा उल्लेख भएको देखिँदा यी वादीको अंश पिता इन्दु शम्शेरकै जिम्मामा रहेको अवस्था देखिन्छ । पिता इन्दु शम्शेरको मृत्यु भइसकेकोले वादीले आमा मन्जु राणालाई प्रतिवादी बनाई अंश मुद्दा दायर गरेको अवस्था देखिन्छ । वि.सं.२०३० सालमा छुट्टी भिन्न भएको भनी पुनरावेदक प्रतिवादीले जिकिर लिए पनि यी प्रत्यर्थी वादीका दाजुहरूले २०४३।३।१९ मा पिताबाट अंश प्राप्त गरेको देखिँदा यी वादीले पनि दाजुहरूसरह अंश पाउने नै हुन्छ । मुलुकी ऐन, अंशबन्डाको महलको २ नं. मा अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा दाजुहरूसरह यी प्रत्यर्थी वादीले अंश पाउँदैनन् भनी अर्थ गर्नु न्यायोचित नहुने ।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी भएको फैसला उल्टी गरी वादीले २ भागको १ भाग अंश पाउने गरी पुनरावेदन अदालत पाटनवाट मिति २०७०।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भेषराज कोइराला/ओजा लामिछाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १३ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७१-CR-०८९३, ०७०-CI-०२०५, ०७०-CR-०२४४, ०७१-CI-०९०८ को मुद्दामा समेत यसैअनुसार फैसला भएको छ ।

**४२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री कुमार चुडाल,** *०७७–WO-०७५१, उत्प्रेषण, प्रतिषेध एवम् परमादेशसमेत, सुशिल कुमार झा वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

रिट निवेदक सुशिल कुमार झालाई निज कार्यरत स्वास्थ्य कार्यालय, सर्लाहीबाट मलंगवा अस्पताल, सर्लाहीमा सरूवा गरेको तथ्यमा विवाद देखिएन । निवेदक कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस प्रदेश नं. २ मा समायोजन भई जानु भएको कुरा निवेदनमै उल्लेख भएको छ । प्रदेशमा समायोजन भई आएका कर्मचारीलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो ऐनबमोजिम प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई प्रदेश कानूनमा तोकिएको अवधि पूरा भएपछि सम्बन्धित प्रदेश वा अन्तर्गतका कार्यालयमा सरूवा गर्न सकिने छ भन्ने उल्लेख भएको देखिन्छ । यसरी समायोजन भएका कर्मचारीलाई सरूवा गर्नुपर्दा प्रदेश कानून भए सोही कानूनबमोजिम सरूवा गर्नुपर्ने हुन्छ । यसैगरी प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १४ मा “प्रदेश निजामती सेवाको अधिकृत नवौं तह वा सोभन्दा

माथिको तहको पदमा प्रदेश सरकारले सुरूको नियुक्ति तथा पदस्थापना गर्ने छ र अधिकृत छैठौँ, सातौँ, आठौँ तहको नियुक्ति तथा पदस्थापना सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले गर्ने छ। त्यस्तो नियुक्तिको सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिने छ" भन्ने उल्लेख भएको देखिन्छ । यस सम्बन्धमा उक्त मितिसम्म प्रादेशिक कानूनसमेत नभएकाले उक्त कानून नबनेसम्म सङ्घीय कानून नै लागु हुने र यसले कर्मचारीको सरूवा सोहीबमोजिम हुने देखिन्छ। निवेदकलाई मिति २०७६।१०।६ मा सरूवा गरिएको अवस्थामा एक वर्षपछि २०७७।०९।२४ मा मात्र थाहा जानकारी पाएको भन्ने भएको र निवेदकलाई आफ्नै घर बसोबास रहेको जिल्लाको एउटा कार्यालयबाट सोही जिल्लाको अर्को कार्यालयमा सरूवा भएको देखिने।

साथसाथै रिट निवेदकले उक्त सरूवा सम्बन्धमा उच्च अदालत, जनकपुरमा रिट निवेदन दिएको र सो रिट निवेदनउपर "रिटको प्रकृतिले अपेक्षाकृत २०७६।१०।०८ को निर्णय बदरको लागि एक वर्षपछि अर्थात् २०७७।१०।१२ मा ढिलो गरी निवेदकले उपचारको लागि अदालत आएको देखिएबाट पनि निवेदकलाई सहयोग गर्न सकिने अवस्था रहेन। रिट खारेज हुने ठहर्छ" भनी उच्च अदालत जनकपुरबाट मिति २०७८।०९।२० मा फैसला भएको पाइन्छ । निवेदकले सो रिट निवेदन सम्बन्धमा उल्लेख नगरी प्रस्तुत रिट निवेदन गर्न आएको देखिन्छ। यसरी निज रिट निवेदक सफा हात र स्वच्छ हृदय (clean hand and pure heart) साथ यस अदालतमा प्रवेश गरेको भन्न सकिने अवस्था नदेखिने।

अतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरबाट यी रिट निवेदकको सरूवा गर्ने गरी भएको निर्णय कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिम आदेश गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ओजा लामिछाने
कम्प्युटर: विजय खड्का
इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम्।

## ४३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री कुमार चुडाल,** *०७७-WO-०७१६, उत्प्रेषण, नीरा कुमारी शर्मा वि. नेपाल सरकार मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक राहत कोटामा कार्यरत विद्यालय शिक्षक भएको र विपक्षी प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७६।१०।१२ गते शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत गरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटाको दरबन्दी मिलान गर्ने कार्य अगाडि बढाएकोले सोही कार्यविधिको दुरूपयोग गर्दै फेटा गाउँपालिकाको गाउँ शिक्षा समिति निवेदकको संवैधानिक तथा कानूनी हक हनन हुन पुगेको हुँदा उक्त कार्यविधि उत्प्रेषणको आदेशले खारेज गरी शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम नै दरबन्दी मिलान र व्यवस्थापनको कार्य गर्नु, गराउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी गरिपाउँ भनी निवेदन दिएको देखियो। प्रत्यर्थीहरूबाट जिल्लाभित्रको दरबन्दी मिलानको कार्य जिल्ला शिक्षा समितिले साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा २ को खण्ड (ज) ले स्थानीय तहलाई सामुदायिक विद्यालयको माध्यमिक शिक्षाको अधिकार स्थानीय तहका नगरपालिका र गाउँपालिकाको क्षेत्राधिकारभित्र भएको र हाल कार्यरत शिक्षकहरूको दरबन्दी मिलान गरी व्यवस्थापन गर्नका लागि शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ जारी भई सोबमोजिम कार्य भइरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको देखिने।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको माननीय मन्त्रीस्तरबाट निर्णय भई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ जारी गरी दरबन्दी वितरण र मिलान गर्ने कार्य भएको देखिन्छ। निवेदक राहत महिला शिक्षिका पदमा नियुक्ति

पाई शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ को कानूनबमोजिम मिति २०६७/०३/०६ गतेदेखि नै अध्यापन गराउँदै आएको मिसिल संलग्न कागजातबाट देखिने।

शिक्षा नियमावली, २०५९ को नियम ९९ को सरूवासम्बन्धी व्यवस्थाबमोजिम "महिला तथा अपाङ्ग शिक्षकलाई साधारणतया अपायक पर्ने स्थानमा सरूवा गरिने छैन" भन्ने व्यवस्था देखिन्छ । हाल सरूवा गरेको स्थान यातायातको सुविधा नभएको, आफूभन्दा कनिष्ठ व्यक्तिलाई पायक पर्ने स्थानमा राख्ने कार्य गरेकोसमेत भन्ने उल्लेख भएको निवेदकको दाबीमा देखिन्छ । लिखितजवाफ प्रस्तुतकर्ताले दुरीको हिसाबले निवेदकलाई हालको सरूवा भई जाने विद्यालय नजिक रहेको भन्ने जिकिर प्रस्तुत गर्नुभएको भए तापनि भौगोलिक दुरी मात्र पायक अपायकको निर्क्यौलको आधार बन्न सक्ने अवस्था रहन्न । त्यसैगरी, मन्त्रिपरिषद्बाट भएको निर्णयबाट ल्याइएको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ परिच्छेद २ दफा ८ देहाय (ग) मा शिक्षक व्यवस्थापनका आधारहरूअन्तर्गत "... शिक्षकहरूको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथासक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने" भन्ने व्यवस्था रहेको र निवेदिकाले आफू महिला भएको र अपायक स्थानमा सरूवा गरेको भनी लिएको जिकिर बमोजिम पनि निवेदिकाको सरूवा अपायक स्थानमा भएको भन्ने अवस्था स्थापित हुने देखिन्छ । शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद ४ दफा ८ देहाय च मा दरबन्दी मिलान गर्दा, "राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने" भन्ने व्यवस्था रहेकोमा निवेदकभन्दा कनिष्ठ व्यक्ति हुँदाहुँदै निवेदिकालाई नै सरूवा गर्ने गरेको कार्यको युक्तियुक्त आधार कारण पनि केही नदेखिने।

अतः निवेदक नीरा शर्माको सम्बन्धमा मिति २०७७/०९/१३ गते शिक्षा समितिका अध्यक्षतामा बसेको बैठकमा गरेको निर्णय र मिति २०७७/०९/१४ को सरूवा निर्णय प्रचलित कानूनबमोजिमको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: ओजा लामिछाने / निशा फुयाल
कम्प्युटर: विजय खड्का
इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम्।

## ४४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७४-CI-०७८७, निषेधाज्ञा, दिलिपकुमार श्रेष्ठ वि. भैरवमान श्रेष्ठसमेत*

पुनरावेदन जिकिर र मिसिल संलग्न कागजातहरू हेर्दा, पुनरावेदन जिकिरबमोजिमको कि.नं.१९१ र २५८ का जग्गामा निवेदकको अंश हक लाग्ने गरी फैसला भई सो फैसलाबमोजिम बन्डा छुट्टयाई निवेदकको नाममा उक्त जग्गाको जग्गा धनी दर्ता पुर्जा प्राप्त भएको देखिँदैन । अंश मुद्दाबाट निवेदकले आफ्नो अंश हक प्राप्त गरे पनि फैसला कार्यान्वयन गराई पुर्जा दाखिल खारेज नगराएसम्म निवेदकको उल्लिखित सम्पत्तिमा कुन तर्फ हक स्थापित भएको हो भनी भन्न मिल्ने अवस्था हुँदैन । निवेदकले फैसला कार्यान्वयनतर्फ दिएको दरखास्त आफैँले मुलतबी राखेको र निजकै कारण हालसम्म उक्त निवेदन मुलतबीबाट जागी कारबाहीमा आउन नसकेको भन्ने तथ्य निजको पुनरावेदन जिकिरबाट खुल्न आएको देखिन्छ । यस प्रकार आफूले फैसला कार्यान्वयनतर्फ दिएको दरखास्त मुल्तबी गराई बसेको अवस्थामा प्रत्यर्थीहरूको नाममा दर्ता रहेको दाबीका कि.नं.१९१ र २५८ का जग्गामा निर्माण भइरहेको टहरा/घरमा प्रतिवादीहरूले भोग चलन वा सोको स्याहार सम्भार गर्न नपाउने भन्न मिल्ने अवस्था हुँदैन । निवेदकलाई वैकल्पिक उपचारको बाटो छैन भने मात्र निषेधाज्ञा जारी हुने हो । तर प्रस्तुत विषयमा निवेदकले जिल्ला अदालतमा दिएको अंश मुद्दाको फैसला कार्यान्वयनको निवेदनमा उल्लिखित जग्गामा प्रतिवादीले बन्डा नछुट्टिँदै कुनै निर्माण कार्य गर्न लागेको अवस्थामा तत्कालीन जिल्ला अदालत नियमावली,

२०५२ को नियम ७८ बमोजिम सम्पत्तिमा कुनै थप निर्माण गर्न नपाउने र यथास्थितिमा राख्न माग गरी थप निवेदन दिन पाउने वैकल्पिक उपचारको मार्ग पनि रहेको देखिन्छ । यसरी कानूनबमोजिम आफ्नो हक पूर्ण रूपमा स्थापित भई जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरी नसकेको र थप निवेदन दिन पाउने वैकल्पिक उपचारको बाटो रहिरहेको अवस्थाको विद्यमानता देखिँदा निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब र सान्दर्भिक नदेखिने ।

निवेदक / पुनरावेदक दिलिपकुमार श्रेष्ठको मागबमोजिम विवादित कि.नं.१९१ र २५८ को विषयमा अहिले निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब नदेखिएको हुँदा उच्च अदालत पाटनबाट मिति २०७४/९/२६ मा भएको फैसलालाई अन्यथा परिवर्तन गरिरहन नपर्ने ।

इजलास अधिकृत: भेषराज कोइराला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १७ गते रोज ६ शुभम् ।

- यसै लगाउका ०७४-CR-११२३, अदालतको अवहेलना, दिलिपकुमार श्रेष्ठ वि. भैरवमान श्रेष्ठसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CI-०३८७, ०७१-CI-०४६९, निर्णय दर्ता बदरसमेत, हरिप्रसाद जोशी वि. तीर्थराज शाक्यको नाउँमा नानी छोरी शाक्य, जनार्दन शर्मा वि. तीर्थराज शाक्यको नाउँमा नानी छोरी शाक्य*

पुनरावेदन जिकिरमा विवादित जग्गा हाडीगाउँ टुँडालदेवी गुठी र पुनरावेदक प्रतिवादी जनार्दन शर्माको आमा लिलादेवी उपाध्यायनी सो जग्गाको जोताहा मोही रहेकोमा निजको मृत्युपछि सो जग्गाको मोही निजको छोरा पुनरावेदक जनार्दन शर्माका नाउँमा नामसारी हुने गरी काठमाडौं गुठी तहसिल कार्यालयबाट मिति २०५६/२/६ मा र सो निर्णयको आधारमा मालपोत कार्यालय काठमाडौंबाट मिति २०५६/९/२९ मा निर्णय भएको पाइयो । उक्त जग्गामा लिलादेवी उपाध्यायनीको मोही हक कायम हुने गरी गुठी तहसिल कार्यालयबाट मिति २०४३/३/३० मा र सोअनुसार मालपोत कार्यालय काठमाडौंबाट मिति २०४३/३/३१ मा निर्णय भएको देखिन्छ । सो निर्णय हालसम्म बदर भएको भन्ने देखिन आएन । विवादित निर्णय गुठी संस्थान, काठमाडौं गुठी तहसिल कार्यालय कालमोचनबाट भएको देखिन्छ । गुठी संस्थान ऐन, २०३३ को दफा ३९(१) मा "गुठी तैनाथी जग्गा गुठी अधीनस्थ जग्गामा, गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता भएको प्रमाणित हुन आएमा प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले त्यस्तो गुठीको घर वा जग्गा साबिकको गुठी तैनाथी जग्गा गुठी अधीनस्थ जग्गा वा गुठी रैतान नम्बरीमा नै दर्ता गर्न सक्ने छ । त्यसरी दर्ता भइसकेपछि सो घर वा जग्गाको पहिले दर्ता भएको लगत कट्टा हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसरी गुठी संस्थानका प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयउपर उक्त ऐनको दफा ३९(२) बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको देखिन्छ । तर प्रस्तुत विवादित निर्णय प्रत्यर्थी गुठी संस्थानका प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले गरेको नभई काठमाडौं गुठी तहसिल कार्यालय कालमोचनबाट भएको तथ्यमा विवाद छैन । जग्गामा हक बेहकको प्रश्न खडा भएको छ । यस अवस्थामा गुठी तहसिल कार्यालयबाट भएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था गुठी संस्थान ऐनमा उल्लेख भएको देखिँदैन । मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्न कुनै निकाय वा अधिकारीलाई नतोकिएकोमा त्यस्ता मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने कुरा क्षेत्राधिकारसम्बन्धी आधारभूत मान्यता नै हो । यस अवस्थामा गुठी तहसिल कार्यालयको निर्णयउपर पुनरावेदन गर्नुपर्ने भनी हक-बेहकको प्रश्न

निरूपण गर्न इन्कार गर्नु मनासिब देखिँदैन । तसर्थ, फिराद दाबी खारेज हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला बदर गरी विवादित जग्गा राजगुठी वा निजी गुठी के हो? फिराद दाबी पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा जो जे बुझ्नुपर्ने प्रमाण बुझी निर्णय गर्न सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (ख) मा मातहतका अदालत वा निकाय वा अधिकारीले गर्न पाउने फैसला पुनरावेदन अदालतले गर्न पाउने कानूनी व्यवस्था रहेको भए पनि प्रस्तुत मुद्दाको तथ्यगत सन्दर्भ र प्रमाण बुझी निरूपण गर्नुपर्ने कानूनी प्रश्नको समग्र अवस्थातर्फ विचार गर्दा सुरू तहको अदालतबाट नै प्रमाण बुझी विवादित पक्षहरूको हक-बेहकसम्बन्धी प्रश्नको निरूपण गरी इन्साफ हुनु मनासिब देखिन्छ । त्यसैले पुनरावेदन अदालत पाटनले गरेको फैसला कानूनसम्मत् नै देखिने ।

अत: सुरू जिल्ला अदालतको फैसला बदर गरी विवादित जग्गा राजगुठी वा निजी गुठी के हो ? फिराद दाबी पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा जो जे बुझ्नुपर्ने प्रमाण बुझ्नुपर्ने हो बुझी इन्साफ गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/३/२३ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक २० गते रोज १ शुभम् ।

**४६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CI-०१०४, करारबमोजिम बहाल रकम भराइपाउँ, कुमुदप्रसाद गौतम वि. प्रेमकुमार गौतमसमेत*

करारका प्रथम पक्ष चार जनाको जग्गाको अनुपातमा भाडा रकम प्राप्त गर्नुपर्ने हो भन्ने प्रतिवादी कुमुदप्रसाद गौतमको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिसिल संलग्न करार सम्झौतामा द्वितीय पक्षले प्रथम पक्षलाई मासिक रूपमा एकमुष्ट रू.२५,०००।– का दरले भाडा बुझाउनुपर्ने छ भन्ने उल्लेख भएको देखिन्छ । सो भाडा रकम प्रथम पक्षले यो अनुपातमा भागबन्डा गर्ने भन्ने करारमा कतै उल्लेख गरेको देखिँदैन । जग्गा घटी, बढी लगानी गरेको भन्नेतर्फ हेर्दा जग्गाको प्रकृति, अवस्थिति अनुसार मुल्याङ्कन र महत्त्व घटी बढी हुने हुन्छ । जग्गाको क्षेत्र घटी बढी लगानी भएको आधारमा मात्र करारका उल्लेख नभएको विषयलाई अदालतले यसो होला भनी अनुमान गर्न मिल्दैन । करारको बुँदा नं. ९.२ मा यस करारनामामा उल्लेख भएका सर्त बन्देजहरू यसैबमोजिम हुने भनी उल्लेख गरेको पाइन्छ । प्रथम पक्ष चार जनाले रकम प्राप्त गर्दा घटी बढी गरी प्राप्त गर्ने अवस्था हुन्थ्यो अथवा करारीय मनसाय हुन्थ्यो भने अवश्य पनि सो कुरा करार सम्झौतामा उल्लेख हुनुपर्दथ्यो । कानूनसम्मत् कार्यान्वयनयोग्य करार सम्झौता छ भने सो करारका सम्बन्धमा विवाद उत्पन्न भएमा विवाद निर्क्योलको प्रथम आधार करारका सर्तहरू नै हुन् । जब करार सम्झौतामा भाडा रकम घटी बढी गरी प्राप्त गर्ने अथवा जग्गा लगानीको अनुपातमा प्राप्त गर्ने भन्ने उल्लेख हुँदैन भने सबै पक्षले समान रूपले भाडा रकम प्राप्त गर्ने हुन्छ । यसबाट जग्गाको क्षेत्रफलको अनुपातमा भाडा पाउनुपर्ने भन्ने पुनरावेदन दाबी स्थापित नहुने ।

कि.नं. १६९२ को जग्गा मिति २०७३।९।११ को अंश मुद्दाको मिलापत्रबाट प्रत्यर्थी प्रेमकुमार गौतमको नामबाट पुनरावेदक कुमुदप्रसाद गौतमको नाममा आई निजको नाउँमा सम्झौतामा उल्लिखित कुनै पनि जग्गा बाँकी नरहेको सन्दर्भमा वादी प्रेमकुमार गौतमसमेतले चार भागको ३ भाग करारबमोजिमको घर भाडा भरिपाउने ठहऱ्याएको उच्च अदालत पाटनको फैसलामा मुलुकी ऐन, अंशबन्डाको महलको १, २ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ५४ को व्याख्यात्मक त्रुटि भएको भनी यस अदालतबाट मुद्दा

दोहोऱ्याई हेर्ने आदेशमा उल्लेख भएको आधार छ त्यसतर्फ हेर्दा, करारको लिखत २०६४।११।२८ मा भएको देखिन्छ भने २०७१ पौषदेखि फिराद गर्दाको दिनसम्मको करारबमोजिको बहाल रकम भराइपाउँ भनी मिति २०७३।१।२३ मा प्रस्तुत फिराद परेको देखिन्छ। फिराद परिसकेपछि यिनै वादी प्रतिवादीबिच अबन्डा जग्गामा बन्डा गरिपाउँ भन्ने मुद्दा परी मिति २०७३।९।११ मा मिलापत्र भएको देखिन्छ। तथापि सो मिलापत्रमा मिति २०६४।११।२८ को करारको सर्तबमोजिम बहाल रकम र बहाल पाउने व्यक्तिका सम्बन्धमा केही उल्लेख नभएको अवस्थामा उक्त मिलापत्रले करारका सर्तहरूलाई संशोधन गरेको रहेछ भनी मान्न मिलेन। मिति २०७३।९।११ मा भएको मिलापत्र मिति २०६४।११।२८ मा भएको करारका प्रथम पक्षहरूबिच नै भएको देखिँदा सो मिलापत्रका कारण उल्लिखित करारका सर्तहरूमा संशोधन/परिवर्तन हुनुपर्ने भएमा सो मिलापत्रमा उल्लेख हुन सक्नेमा उल्लिखित बहाल सम्बन्धमा मिलापत्रमा केही उल्लेख भएको नदेखिँदा सो मिलापत्रले पहिले भएको करारका सर्तलाई परिवर्तन गरेको भनी मान्न मिलेन। त्यसैगरी करारका प्रथम पक्ष एउटै पैत्रिक सम्पत्तिको अंशियारभित्रका नाताका व्यक्ति भए तापनि प्रस्तुत विवाद अंशबन्डाको विवाद भन्ने देखिँदैन। बाबुआमा दाजुभाइका नाममा रहेको जग्गा लगानी गरेकोसम्म देखिन्छ। आ-आफ्ना नामको सम्पत्ति लगानी भएकोमा बाबुआमा दाजुभाइको नाताको व्यक्ति देखिएको आधारमा मात्र अंशको विवाद जसोगरी मुलुकी ऐन, अंशबन्डाको कानूनी व्यवस्था यहाँ आकर्षित हुने नदेखिएकोले यस अदालतबाट मिति २०७५।४।१५ मा दोहोऱ्याई हेर्ने गरी अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने।

करारबमोजिमको भाडा रकम चार भागको तीन भाग वादीहरूले प्राप्त गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७३।८।१४ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।७।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १० गते रोज ६ शुभम्।

**४७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-१७१४, कर्तव्य ज्यान, हरिहर कार्की वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले घटित वारदात मनसाययुक्त अपराध नभई भवितव्य वा उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी राधिका कार्कीको मृत्यु भएको भन्ने तथ्यलाई आधार बनाई प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. वा १४ नं. को कसुर ठहर हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भनी उल्लेख भएको देखिन्छ। यो कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत घटनाको अवस्थालाई हेर्दा प्रतिवादीले मृतकलाई मसला पिँध्ने लोहोरो र चक्कु पटक पटक प्रहार गरेको र त्यसैको चोटपिरको कारणबाट मृतकको मृत्यु भएको तथ्य प्रमाणित भएको स्थिति छ। पटक पटक लोहोरो र चक्कुले शरीरको संवेदनशील भागमा प्रहार गर्दा मानिस मर्ला जस्तो नदेखिने भन्न मिल्ने देखिँदैन। अन्य कुनै काम गर्दा मृतकलाई लाग्न गई मृत्यु भएको भन्ने अवस्था पनि होइन। त्यसैले पुनरावेदक प्रतिवादीले जिकिर लिए जस्तो प्रस्तुत घटना मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा परिभाषित गरिएबमोजिमको कसुर हो भनी मान्न सकिएन। यसैगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को व्यवस्था हेर्दा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकीचोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले

हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भनी उल्लेख भएको पाइन्छ। यो कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत घटनाको अवस्थालाई हेर्दा प्रस्तुत घटनामा मृतकलाई मार्ने कार्यमा साधारण लाठा, ढुङ्गा, लात, मुक्का मात्र प्रयोग भएको अवस्था नभई चक्कुजस्तो जोखिमी हतियार पनि प्रयोग भएको अवस्था देखिन्छ । चक्कुसमेत प्रयोग गरी मृतकलाई प्रहार गरेकोमा प्रतिवादी स्वयं साबित रहेको देखिन्छ। यो स्थितिले गर्दा प्रतिवादीले जिकिर लिए जस्तो प्रस्तुत कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर मान्न पनि सकिने अवस्था नरहने।

अब प्रतिवादीका हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहऱ्याई सुरू जिल्ला अदालत तथा उच्च अदालत पाटनबाट भएको फैसला मिलेको देखिन्छ वा देखिँदैन भन्ने प्रश्नमा विचार गरौं। ज्यानसम्बन्धी महलको १३(१) नं. को व्यवस्था हेर्दा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा उक्त १३(१) नं. बमोजिमको कसुर ठहरिने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा मृतकको मृत्यु कर्तव्यबाट भएको र प्रतिवादीकै कर्तव्यबाट चक्कुसमेतका धारिलो हतियार प्रहार गरी मृत्यु भएकोमा विवाद रहेको देखिँदैन । प्रतिवादीले प्रस्तुत पुनरावेदन गर्दा आफ्नो कर्तव्यबाट मृत्यु भएको होइन भन्ने जिकिर लिएको नदेखिई सजायको हकमा सम्म कम सजाय हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ। निज प्रतिवादीले जिकिर लिएबमोजिम प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ र १४ नं. बमोजिमको कसुर नभएको कुरामा माथि प्रकाश पारी सकिएको छ। त्यसैले निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहराएको उच्च अदालतको फैसला नमिलेको नदेखिने।

प्रतिवादीको हकमा भएको सजायको हकमा विचार गर्दा सुरू तथा उच्च अदालतबाट निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहराएको भए पनि अदालती बन्दोबस्तको महलको १८८ नं. प्रयोग गरी ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने व्यवस्था हुँदा हुँदै पनि निज प्रतिवादीलाई ४ वर्ष कैदको सजाय हुने ठहराएको देखिन्छ । अदालती बन्दोबस्तको महलको १८८ नं. को व्यवस्थालाई हेर्दा ऐनले सर्वस्वसहित जन्मकैद गर्नुपर्ने मुद्दामा साबित ठहरे पनि अपराध गर्दाको अवस्थालाई विचार गर्दा कसुरदारलाई ऐन बमोजिमको सजाय गर्दा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नुहुन्छ भनी उल्लेख भएको देखिन्छ। यसरी हेर्दा सुरू तथा उच्च अदालतले ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहराई सजायको हकमा उक्त १३(१) नं. बमोजिम हुने सजायमा घटाई घटी सजाय हुने गरी राय जाहेर गर्न पाउने कुरामा विवाद रहेन। तर अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम घटी सजाय गर्न राय जाहेर गर्दा के विषयलाई आधार मान्ने र यसको मनासिब मापदण्ड के हुने भन्ने प्रश्न विचारणीय छ । प्रतिवादीले प्रस्तुत पुनरावेदन गर्दा आफूले गरेको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर मानिनुपर्ने भनी दाबी लिएको देखिन्छ। निजको दाबी जिकिर अनुसार नै ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर मानिएको खण्डमा पनि निजलाई १० वर्ष कैदको सजाय हुने अवस्था रहेको देखिन्छ। वास्तवमा प्रस्तुत वारदातमा चक्कु जस्तो जोखिमी हतियारको प्रयोग नभएको अवस्था रहेको भए ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर ठहरिने अवस्था रहेको पनि पाइन्छ। तर प्रस्तुत वारदातमा चक्कु जस्तो जोखिमी हतियारको पनि प्रयोग भएको अवस्था रहेको र चक्कु

जस्तो जोखिमी हतियारको प्रयोग गरिएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर मान्न नमिली ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहरेको अवस्था देखिन्छ। यो अवस्थालाई हेर्दा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर भन्दा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरको गम्भिरता बढी रहेको देखिन्छ तर सुरू तथा उच्च अदालतबाट हुने ठहरेको सजायको मात्रालाई हेर्दा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको ठहर्दा हुनसक्ने सजायको मात्रा १० वर्ष कैदभन्दा पनि कम अर्थात् ४ वर्ष कैदको सजाय हुने ठहरेको देखिन्छ । यसरी हेर्दा उच्च अदालतसमेतबाट हुने ठहरेको सजायको मात्रा निज प्रतिवादीले गरेको कसुरको गम्भीरताको अनुपातसँग मिलेको देखिन आउँदैन । यसैगरी कसुर गर्दाको परिस्थितिलाई हेर्दा पनि मृतक र प्रतिवादी पति पत्नी नाताका रहेको देखिन्छ। पहिल्यैदेखि झगडा परी बाहिर बस्ने गरेकी पत्नीलाई वारदातको दिन प्रहरी कार्यालयमा बोलाई सँगै डेरा कोठामा बस्ने सहमति गरी लिई आएको देखिएको र सोही राति चक्कुसमेतका हतियार प्रहार गरी कर्तव्य गरी मारेको देखिन्छ। यद्यपि प्रस्तुत वारदात घट्नुमा मृतक स्वयंको पनि कुनै भूमिका नरहेको होइन तथापि कसैको ज्यान मार्ने गरी भएको कसुरलाई सामान्य रूपमा लिन सकिँदैन। कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम हुने पूरा सजायसम्म गर्न चर्को पर्ने देखिए पनि ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा हुने सजायभन्दा पनि घटी सजाय गर्न पनि मनासिब हुने नदेखिने।

तसर्थ प्रतिवादी हरिहर कार्कीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहराएको हदसम्म सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहराएको उच्च अदालत पाटनको मिति २०७३।९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादीले घटाएको वारदातको स्वरूप र प्रकृति तथा घटनाक्रमसमेतको विचार गर्दा सजायको हकमा ४ वर्ष कैद हुने गरी व्यक्त गरेको रायको हदसम्म केही नमिलेको देखिँदा केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने।

इजलास अधिकृत: श्यामहरि अधिकारी/ शैलेन्द्र खड्का
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७९ साल कार्तिक २२ गते रोज ३ शुभम्।

## इजलास नं. ५

### ४८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CI-१५४४, हाल साबिक निर्णय दर्ता बदर दर्तासमेत, तारादेवी डंगोल वि. महचाम महर्जनसमेत*

पुनरावेदक वादीले बाटोको रूपमा प्रयोग गरेको भनेको सोतो आकारको जग्गाको क्षेत्रफल ०-०-३-१ रहेको र प्रत्यर्थी प्रतिवादीले सो जग्गा नयाँ नापीको समयमा आफ्नो जग्गामा घुसाई नापी गराएको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । प्रत्यर्थी प्रतिवादीको कि.नं. ७०६ को क्षेत्रफल ०-८-०-० र कि.नं. ७३० को क्षेत्रफल ०-७-०-० समेत गरी जम्मा क्षेत्रफल ०-१५-०-० स्रेस्तामा कायम भएको देखिन्छ। उक्त दुवै कित्ता जग्गा हालको नापीमा कि.नं. ५३ मा नापी भएको र अदालतबाट भएको स्थलगत नापनक्सा हेर्दा प्रत्यर्थी प्रतिवादीको जग्गाको क्षेत्रफल ०-१४-०-३१/२ कायम भएको देखियो । यदि नयाँ नापीको बखत दाबीको जग्गासमेत आफ्नो जग्गामा च्यापी घुसाई प्रतिवादीले नापी गराएको भए निजको जग्गाको क्षेत्रफल बढ्नुपर्ने थियो । तर त्यसो भएको देखिँदैन। साबिक कि.नं ७०९ हाल कि.नं. १३२ को जग्गाको पूर्वतर्फ सोतो आकारको जग्गा सर्भे नक्सा र अदालतबाट भई आएको नक्साबाट समेत देखिँदैन

भने पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीको जग्गाको बिचमा कि.नं. १३२ को जग्गा मौजुद रहेको अवस्थामा प्रतिवादीले बिचको एक कित्ता जग्गा छाडी वादीको जग्गा खिचोला गरी आफ्नो जग्गामा घुसाउन सक्ने देखिएन। यस अवस्थामा पुनरावेदक वादीको जग्गाको क्षेत्रफल घटेको भन्ने आधारमा मात्र खिचोला ठहर गर्नु न्यायोचित नहुने।

यसर्थ, पुनरावेदक वादीले सर्भे नक्सामा देखाइएको न.नं.८ को बाटोबाट आफ्नो जग्गामा आवत जावत गर्ने गरेको, प्रत्यर्थी प्रतिवादीको कि.नं.५३ र पुनरावेदक वादीको कि.नं.१३३ को जग्गाको बिचमा कि.नं.१३२ को जग्गा देखिएको, प्रत्यर्थी प्रतिवादीको जग्गाको क्षेत्रफल स्रेस्तामा भन्दा कम देखिएको यस अवस्थामा वादी दाबी नपुग्ने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालबहादुर कार्की / शंकरप्रसाद अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल पौष ११ गते रोज १ शुभम्।

- यसै लगाउको *०६८-CI- १५१०, निर्णय बदर बाटो कायमसमेत, महचाम महर्जनसमेत वि. केशव मान डंगोल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-WO-०५८३, उत्प्रेषणसमेत, भरतबहादुर बानियाँ वि. कृषि विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

निवेदक कृषि विकास बैंक लि. स्वयम्भू शाखाको प्रबन्धक पदमा कार्यरत रहँदाको अवस्थामा मिति २०७१।०४।०१ देखि मिति २०७२।०३।१० सम्म जम्मा रू.३३,९३,००,०००।– (रू. तेत्तिस करोड त्रियानब्बे लाख मात्र) रकम अनधिकृत रूपमा बैंकिङ प्रणालीभन्दा बाहिर गई कारोबार भएको देखिन्छ। निवेदक शाखा प्रमुख रहँदा यति ठुलो रकम बैंकमा अनधिकृतरूपमा कारोबार भएको अवस्थामा निज शाखा प्रमुखको हैसियतले समय समयमा बैंकको ADBL रेमिटसमेतको आर्थिक कारोबारको अभिलेख राख्ने, उक्त अभिलेखको जाँच गर्ने, रूजु गर्ने, कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त गरी दैनिकरूपमा कार्यालयका सम्पूर्ण युजरको कारोबार निरीक्षण गरी प्रमाणित गर्नुपर्ने, दैनिक खोलिने खाताहरूको निरीक्षण गर्ने, आफ्नो मातहतको कर्मचारीको कार्य सम्पादन के- कस्तो छ निगरानी एवम् निरीक्षण गर्ने जस्ता कार्य नगरी आफ्नो जिम्मेवारी एवम् दायित्वप्रति विमुख भई प्रबन्धक (शाखा प्रमुख) को हैसियतले गर्नुपर्ने दायित्व एवम् जिम्मेवारी निष्ठापूर्वक सम्पन्न गर्न नसकेको प्रस्ट देखिने।

यसरी शाखा प्रमुखको कमी कमजोरीको कारण मातहतको कर्मचारीले आफ्नो खुसी गर्न पाई बैंकले करोडौंको नोक्सानी बेहोर्नु परेको स्थितिमा त्यस्तो शाखा प्रमुखलाई विभागीय कारबाही नगर्ने हो भने भविष्यमा बैंक तथा वित्तिय संस्थामा अझ बढी अनियमितताको सम्भावना प्रबल हुने देखिन्छ। साथै शाखा प्रमुख आफ्नो जिम्मेवारी एवम् दायित्वबाट पन्छिन सक्ने सम्भावनासमेत हुने हुँदा आफ्नो कर्मचारीलाई कामप्रति जिम्मेवार एवम् दायित्वबोध गराउन बैंकले कानूनबमोजिमको कार्यविधि पालना गरी विभागीय कारबाही गर्ने गरेको आन्तरिक निर्णयलाई अदालतले अन्यथा भन्न मिल्ने अवस्था रहँदैन। यदि कुनै संस्था वा निकायले आफ्नो कर्मचारीलाई सेवाबाट निष्कासन गर्नुपूर्व कानूनले तोकेको कार्यविधि पालना नगरी आफू विरूद्ध लागेको आरोपको सफाइ एवम् स्पष्टिकरण पेस गर्न पाउने अधिकारबाट बञ्चित गरी सेवाबाट हटाएको छ भने त्यस्तो स्थितिमा मात्र अदालतले रिट मार्फत हस्तक्षेप गर्न मिल्ने देखिन्छ। तर प्रस्तुत निवेदनको सन्दर्भमा त्यस्तो स्थिति नभई प्रबन्धकले आफ्नो पदीय जिम्मेवारी निष्ठापूर्वक पूरा नगरेको भन्ने देखिन्छ जुन अदालतले स्वाभाविक मान्न सक्दैन। प्रबन्धक जस्तो तत्कालको प्राप्त जिम्मेवार

व्यक्तिले आफ्नो पदीय जिम्मेवारी एवम् दायित्व समयमै पूरा गर्न नसकेकै कारण बैंकले करोडौंको हानि नोक्सानी बेहोर्नु परेकोले निजलाई कानूनबमोजिम सफाइको मौकासमेत प्रदान गरी सेवाबाट निष्कासन गरेको अवस्थामा निज निवेदकलाई कृषि विकास बैंक लि. को प्रबन्धक पदबाट हटाउने गरी भएको प्रमुख कार्यकारी अधिकृतको मिति २०७२।१२।२१ को निर्णय एवम् सो निर्णयलाई सदर गर्ने गरी भएको सञ्चालक समितिको मिति २०७३।०३।१६ को निर्णयमा कुनै कानूनी त्रुटि भए गरेको नदेखिने।

तसर्थ, निवेदक भरतबहादुर बानियाँलाई भविष्यमा बैंकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी बैंकको अधिकृत स्तर द्वितीय श्रेणीको शाखा प्रमुख पदको नोकरीबाट हटाउने गरी प्रमुख कार्यकारी अधिकृतको मिति २०७२।१२।२१ को निर्णय र सो निर्णय सदर गर्ने गरेको बैंकको सञ्चालक समितिको मिति २०७३।०३।१६ को निर्णय कानूनबमोजिम नै भए गरेको देखिँदा निवेदक भरतबहादुर बानियाँको निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल कार्तिक २२ रोज ३ शुभम्।

**५०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७५-CR-१३३०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. राजन घोर्सानै भन्ने राजिन्द्र घोर्साइने*

प्रतिवादीको मौकामा र अदालतमा गरेको दुवै बयान हेर्दा, पहिला कसले कुलो लगाउने भन्ने क्रममा विवाद भई भनाभन हुँदा रिस थाम्न नसकी बाँसको भाटाले हानेको भन्ने देखिन्छ। जाहेरवाला, पीडित साथै घटना विवरण कागज गर्ने व्यक्तिहरू सबै जनाले एकै मिलानमा बाँसको भाटाले कुटेको भन्ने भनाइसमेतबाट प्रतिवादीबाट पीडितलाई कुटपिट घातक हतियारबाट नभई बाँसको भाटाबाट कुटेको साथै घाउ जाँच केस फारामबाट समेत अङ्गभङ्ग भएको देखिँदैन। उल्लिखित अवस्थामा प्रतिवादीले गरेको उल्लिखित कार्य कुनै योजनाबद्ध रूपमा वा मनसायपूर्वक गरेको नभई तत्काल आवेशमा आई रिसको झोकमा हानेको र हान्नमा प्रयोग गरेको वस्तु घातक हतियार नभएको साथै हाल पीडितको अवस्था सन्चो भइरहेको छ भन्ने पीडित तथा जाहेरवालाको बकपत्रबाट देखिने।

यसरी प्रतिवादीले मौकामा र अदालतमा गरेको बयान, उल्लिखित कार्य कुनै योजनाबद्ध रूपमा गरेको नभई तत्काल उठेको रिसको झोकमा गरेको साथै पीडितको अवस्थासमेत सन्चो भइरहेको भन्ने जाहेरवालालगायतका व्यक्तिहरूले गरेको बकपत्रसमेतबाट प्रतिवादीबाट भएको उल्लिखित कार्य ज्यानमार्ने उद्योग नभई मुलुकी ऐन, कुटपिटको महलअन्तर्गतको भन्ने मिसिल संलग्न कागजबाट देखिने।

अतः पीडितलाई मार्न नै चाहेको भए पुनः प्रहार गरी मार्नलाई कुनै बाधा अवरोध उत्पन्न नभएको साथै पीडितको शरीरमा लागेको चोटपटकको अवस्थासमेतबाट ज्यानमार्ने नियतले मार्नेसम्मको कार्य गरिसकेको भन्ने प्रमाण पुग्न आएको देखिएन। तसर्थ सुरू फैसला उल्टी भई प्रतिवादीले सफाइ पाउने र प्रस्तुत वारदात मुलुकी ऐन कुटपिटको महल अन्तर्गतको देखिँदा कुटपिटमा परिणत हुने भन्नेसमेत ठहर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७५।४।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

इति संवत् २०७९ साल असोज ५ गते रोज ४ शुभम्।

**५१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-CI-१४१५, अपुताली हक कायम, सितादेवी कनुईन वि. बाबुलाल साह कानूसमेत*

प्रत्यर्थीहरू झगरू साह, बाबुलाल साह र पुनरावेदिका सितादेवीका पति जवाहिरलाल साह

रामऔतार साहका छोराहरू भई दाजुभाइ नाताको भन्ने देखिन आई निजहरूबिच अघि नै अंशबन्डा भएको भन्ने तथ्यमा विवाद छैन । प्रत्यर्थी वादी सितादेवीका पति जवाहिरलाल साहको परलोक भइसकेको र निज सितादेवीका छोरा बृजेश प्रसाद गुप्ताको हकमा १२ वर्षको उमेर लेखाई सितादेवीका ससुरा रामऔतारले मिति २०५५।३।१६ मा ज.वि.१-१-६ जग्गा प्रत्यर्थी बाबुलाल साह संरक्षक बनी अंश दिई र.नं.९६६६बाट मालपोत कार्यालय बाराबाट अंश भरपाई पारित भएको र सो पारित अंश भरपाइउपर कसैको चुनौती नरही अन्तिम रहेको देखिन्छ । यसका अतिरिक्त वादी झगरू साह र प्रतिवादी सितादेवीसमेत भएको बिगो नं.४३/४९४ को फैसलाबमोजिम अंश छुट्याइपाउँ भनी दिएको बिगोतर्फको मुद्दामा यिनै पुनरावेदिका सितादेवीसमेतले दिएको नि.नं.६९७७ मिति ०६७।३।१० निवेदनमा सितादेवीका ससुरा रामऔतारले बृजेश प्रसादलाई र.नं.९०९१ बाट मिति २०६०।१।२५ मा कि.नं.३६४ को ज.वि.०-१०-२ जग्गा हा.व. गरिदिएको भनी उल्लेख भएको देखिन आउँछ । त्यसैगरी सोही निवेदनमा दिने रामऔतार र लिनेमा बृजेश प्रसाद, सीतादेवी र मुन्ना कुमार उल्लेख भई र.नं.१०३९६ मिति २०६१।२।२४ बाट मटिअर्वा गाउँको कि.नं.१२९ को ज.वि.०-०-४ र कि.नं.४०६ को ज.वि.०-४-६ जग्गा हा.ब. पारित भएको देखिन आउँछ । यस्तो लिखतबाट पुनरावेदिका र निजका छोराहरू बृजेश र मुन्नासमेतले अंश लिए पाएको देखिने ।

अदालतमा चलेको उल्लिखित मुद्दा र विभिन्न मितिमा पारित हा.ब.को लिखतबाट मूल पुरूष रामऔतार र निजको छोराहरू झगरू, बाबुलाल र स्व. जवाहिरका छोराहरू र श्रीमती सितादेवीले आ-आफ्नो पिता / ससुरा र बाजे / काकाबाट अंश पाइसकेको भन्ने तथ्य स्थापित भएको देखिन आयो। यसरी अंश भई बेगल बसेकी पुनरावेदिका वादीले निजको सम्पत्ति रामऔतारसँग अंश जोडी सगोलमा बसेको भन्ने प्रमाणसमेत पेस गर्न सकेको अवस्था छैन। निजले मात्र ससुरा रामऔतारलाई लालन पालन हेरविचार गरी बसेको भन्ने कुरा पुष्टि हुन नसकेकाले मैले मात्र ससुरालाई लालन पालन हेरविचार गरेको भन्ने निज सितादेवी कनुईनको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । यस अवस्थामा रामऔतारको मृत्युपछि निजको नाउँ दर्ताको कि.नं. ५७१ को जग्गामा रामऔतारका छोराहरू झगरू, बाबुलाल र जवाहिरलालको हकमा निजको सम्पत्ति पुनरावेदिका सितादेवीले बराबर रूपमा अपुताली प्राप्त गर्ने देखिने।

अतः रामऔतार साहको नाउँमा दर्ता रहेको कि.नं.५७१ को जग्गामा पुनरावेदिका (वादी) सितादेवी कनुईन मात्रको अपुताली हक कायम हुने ठहर गरेको सुरू बारा जिल्ला अदालतको मिति २०७०।९।२८ को फैसला सो हदसम्म मिलेको नदेखिई केही उल्टी हुने भई रामऔतार साहको नाउँमा दर्ता रहेको कि.नं.५७१ को जग्गामध्ये ३ भागको १ भागसम्म नरम गरम मिलाई पुनरावेदिका (वादी) सितादेवीको अपुताली हक कायम भइ निजको नाउँमा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७१।८।१४ को फैसला परिवर्तन गर्नुपरेन । उक्त फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विनोदप्रसाद घिमिरे / हरिप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७१-CI-१४१४, अपुताली नामसारी दर्ता लिखत खिचोला मेटाई चलन, सितादेवी कनुईन वि. बाबुलाल साह कानू भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्।

## इजलास नं. ६

### ५२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००२५,*

*बन्दीप्रत्यक्षीकरण, नेगन के.सी.समेत वि. कपिलवस्तु जिल्ला अदालतसमेत*

निवेदकलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको मुद्दामा तत्कालीन मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.को कसुरमा ३ नं. बमोजिम १३ वर्ष कैद, ७ नं. बमोजिम २ वर्ष थप कैद र ९ नं. बमोजिम २ वर्ष थप गरी १७ वर्ष कैद सजाय र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने फैसला भएको देखिन्छ । हाल मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १७ मा अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरअन्तर्गत दफा २१३ मा अपहरण वा शरीर बन्धक लिएमा हुने सजायको व्यवस्था भएको पाइन्छ भने दफा २१४ मा थप सजाय हुने भन्ने शीर्षकअन्तर्गत उपदफा ३ मा सङ्गठित रूपले कसुर गरे गराएकोमा थप सजाय गर्ने व्यवस्था भए तापनि साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गत ९ नं.मा भएको "महिला वा नाबालक विरूद्ध कसुर गरेकोमा थप सजाय गर्ने" भन्ने छुट्टै व्यवस्थालाई हाल मुलुकी अपराध संहिता, २०७४ ले निरन्तरता दिएको पाइएन । यसरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ, भने मुलुकी अपराध संहिता लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था रहेकोबाट साबिक अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिमको थप सजाय हुन सक्ने नदेखिने।

हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २११ वा २१२ को कसुर गरेमा ऐ.२१३ नं. बमोजिम सजाय हुने तथा २११ र २१२ को दुबै कसुर गरेमा थप २१४ नं. बमोजिम १५(पन्ध्र) वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको हुँदा निवेदकहरूलाई साबिक मुलुकी ऐनको अपहरण तथा शरीर बन्धक लिनेको १ र २ नं. बमोजिमको कसुरमा ऐ. को दफा ३ र ५ नं. बमोजिमको सजायलाई हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ नं. बमोजिमको न्यूनतम ७ वर्ष कैद र रू.७०,०००।- (सत्तरी हजार) जरिवाना गरी सजाय घटाउन मिल्ने अवस्थाको विद्यमानता देखिँदैन । यी निवेदकहरूलाई मुलुकी अपराध संहिता, २०७४ ले तोकेको अधिकतम सजायभन्दा बढी सजाय भएको अवस्था नरहेको र निवेदकहरूका हकमा अन्तिम भई बसेको फैसलाबमोजिम १५ वर्षको कैद सजाय भुक्तान गरिसकेको अवस्थासमेत नदेखिँदा उपर्युक्त आधार कारणसमेतबाट रिट निवेदकहरूलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. र ७ नं. बमोजिम ठहर भएको कैदको लगत बाँकी नै रहेकोले हाल निवेदकहरूको हकमा विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिँदैन । तर साबिकमा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिम थप सजाय हुने व्यवस्था हालको मुलुकी अपराध संहिता, २०७४ मा नरहेकोले निवेदकहरूलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिम थप भएको २ वर्षको कैदको लगत कट्टा गरिदिनुपर्ने अवस्था देखिँदा सोबमोजिम थप २ वर्ष कैद सजाय गरिएको लगत कट्टा गर्न विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गम्भिर राना मगर

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असोज ६ गते रोज ४ शुभम्।

**५३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-००७९, विष सेवन गराई कर्तव्य ज्यान, नेपाल सरकार वि. संगितादेवी साह*

जाहेरवाली गिता देवी साह र प्रतिवादी संगिता देवी साह दुई भाइका श्रीमतीहरू रही देवरानी जेठानी नाताका रहेको भन्ने तथ्यमा विवाद रहेको देखिएन । प्रतिवादी संगिता देवी साहले अनुसन्धानको क्रममा

अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानको स.ज. ११ मा घटना वारदात हुनुभन्दा ५ दिनअगाडि मेरो छोरी प्रीति कुमारीलाई राजन साह र मेहुल साहसमेतले धक्का दिई लडाएको विषयमा निजको आमा जाहेरवाली र निज राजन साह र मेहुल साहसँग झै-झगडा हुँदा सोही विषयमा रिसइवी थियो भनी लेखाएको देखिन्छ । यस घटनाबाट राजन साह र मेहुल साहले आफ्नी छोरीसँग झगडा गर्ने गरेका कारणबाट प्रतिवादीको रिसइवी रहेको देखिन्छ । निज प्रतिवादीको बयानको स.ज. १३ र १८ मा मेरो घर र जाहेरवाली गितादेवी साहको घरको एउटै आँगन रहेकोले सो आँगनमा मेरो छोरी प्रीति कुमारी खेल्न गएको अवस्थामा बारम्बार जाहेरवालीको छोरा राजन साह र मेहुल साहसमेत मिली कुटपिट गर्ने गरेको र मेरो एक छोरी मात्र भएकोले सोही कारणले गर्दा राजन साह र मेहुल साह घरको आँगनमा एक्लै खेलिरहेको अवस्थामा देखी मैले भातमा विषादी मिसाई खुवाई कर्तव्य गरी मारेको हो भनी लेखाएबाट आफूले राजन साह र मेहुल साहलाई विष खुवाई कर्तव्य गरी मारेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखियो । यी प्रतिवादीले अदालतसमक्ष अभियोग दाबीमा इन्कार रही बयान गरेको भए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई यातना दिई वा यातना दिने धम्की दिई निजको इच्छा विरूद्ध गराएको हो, आफूले अनुसन्धानको क्रममा दिएको बयानभन्दा फरक अवस्था परिस्थिति छ वा जाहेरवालीले यिनै प्रतिवादीलाई किटान गरी आरोप लगाउनुको पछाडि के कारण थियो, आफ्नो कोठामा के कसरी विषादी बरामद भएको हो आदि बारेको तथ्य कुनै प्रमाणबाट पुष्टि हुने कुनै कुरा उल्लेख गर्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष विष खुवाई मारेको तथ्यलाई स्वीकार गरी गरेको बयानलाई निजको विरूद्ध प्रमाणमा लिन सकिने ।

त्यस्तै वस्तुस्थिति मुचुल्काका साक्षी रामकृपाल यादवले अदालतसमक्ष गरेको बकपत्रमा वस्तुस्थिति मुचुल्कालाई समर्थन गर्दै स.ज. १३ मा संगितासँग सोधपुछ गर्दा मैले भातमा विष मिसाई बच्चाहरूलाई खुवाएको भनिन् भन्ने बेहोरा लेखाएको देखिन्छ । त्यस्तै प्रहरीमा कागज गर्ने शोलेन्द्र साह र वस्तुस्थिति मुचुल्काका व्यक्तिले अदालतसमक्ष गरेको बकपत्रमा संगिता देवीले बालकहरूलाई भातमा मिसाएर विष खुवाएको हो भनी लेखाएको देखिएको छ । यी व्यक्तिहरूले निज प्रतिवादीको विरूद्ध बोल्नुपर्ने कारण के थियो भन्नेबारे प्रतिवादीले कुनै कुरा खुलाएको नदेखिने ।

जाहेरवालीको २ छोरा र १ छोरीको जन्म भएको र प्रतिवादीको १ छोरीको जन्म भएको, प्रतिवादीलाई छोरा नभएको डाह रहने गरेको, जाहेरवाली र प्रतिवादी दुवैको घर जोडिई आँगन एउटै भएकोले सँगै खेल्ने गरेको, खेल्ने क्रममा जाहेरवालीको मृतक छोराहरूले प्रतिवादीको छोरीलाई कुटपिट गर्ने गरेको र सोही कारण प्रतिवादी र जाहेरवालीबिच पटक-पटक झगडा भएको, वादविवादको क्रममा मेरो छोरा छैन तिम्रो छोरा हुन् यी दुवैलाई मारिदिन्छु भनी पटक पटक भन्ने गरेको भन्ने तथ्यहरूसमेत मिसिलबाट खुल्न आउँछ । घटनाको प्रत्यक्षदर्शी अन्य कोही नभए पनि प्रतिवादीको मृतक बालकहरू एवम् मृतककी आमासँगको पूर्वरिस, घटनाको समय यिनी घरमै हुनु, यिनको कोठाबाट विष रहेको झोला बरामद हुनु, साबिकमा बच्चाहरूलाई मारिदिन्छु भनी भनेको तथ्य खुल्न आउनु, अनुसन्धानमा सविस्तार घटनाबारे उल्लेख गरी कसुरमा आफू साबित हुनु तथा आफ्नो साक्षी एवम् अन्य सबुत प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गर्न नसक्नुसमेतका मालाकार रूपमा आएका परिस्थितिजन्य प्रमाणहरूबाट यिनै प्रतिवादी संगिता देवी साहले विष खुवाई वर्ष ५ को राजन साह र वर्ष ३ को मेहुल साहलाई कर्तव्य गरी मारेको तथ्य प्रमाणित हुने ।

तसर्थ प्रतिवादी संगितादेवी साहलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(२) नं. बमोजिमको कसुर गरेकोले निजलाई

अभियोग दाबीबमोजिम ऐजनको १३(२) नं. अनुसार सर्वस्वसहित जन्म कैद हुने ठहऱ्याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०७०/१०/२० को फैसला सदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी संगितादेवी साहलाई जन्मकैदको सजायसम्म हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७६/२/२९ को फैसला साधकको रोहमा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल साउन ३२ गते रोज २ शुभम्।

**५४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७५-CI- ११९६, क्षतिपूर्ति (उपभोक्ता), निजामती कर्मचारी अस्पताल, काठमाडौं वि. दीपादेवी ऐर*

रातको समयमा आकस्मिक कक्षमा आएको नाजुक स्थितिको बिरामीलाई तत्काल उपलब्ध सेवा सुविधाको व्यवस्था मिलाई उपचार गरिएको अवस्थामा चिकित्सकहरूले चिकित्सा गर्न इन्कार गरेको वा जानाजान लापरवाही वा हेलचेक्राइँ गरेको आवस्था नदेखिए पनि अभिलेख राख्ने विषयमा चिकित्सकहरूको सामान्य मानवीय कमजोरी भएको देखिएको तथ्य नकार्न सकिएन। चिकित्सक, नर्स, स्वास्थ्य सहायक, प्राविधिक र अस्पतालको कर्मचारी भएको कारण उपचारका क्रममा गरेको बदनियतपूर्वक, लापरवाही वा हेलचेक्राइँका अवस्थाबाहेक सामान्य अवस्थाका कमजोरीमा संस्था पनि जवाफदेही हुने अवस्था रहन्छ। प्रस्तुत विवादमा चिकित्सकले चिकित्सा गर्दा बदनियत वा हेलचेक्राइँ गरेको भन्ने मिसिल कागज प्रमाणहरूबाट स्थापित हुन सकेको पाइएन। यसमा पेसागत रूपमा संलग्न चिकित्सकहरूबाट CT Scan गर्दा दिइएको औषधीबारे बिरामीलाई अन्य अस्पतालमा Refer गरी पठाउँदा उल्लेख गर्न छुट भएको र सोही कारणबाट मात्र पछिल्लो अस्पतालले फरक प्रकृतिको उपचार गरेको नदेखिएको अवस्थामा सामान्य मानवीय कमजोरीमा चिकित्सकहरूलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याएको जिल्ला क्षतिपूर्ति समितिको निर्णय केही उल्टी भई संस्थागत रूपमा जवाफदेही बहन गर्नुपर्ने गरी गरेको उच्च अदालत पाटनको मिति २०७५/०६/०९ को फैसला मिलेकै देखिन आयो।

अतः प्रस्तुत मुद्दामा निजामती कर्मचारी अस्पतालबाट रू.१०,३६,९५६।-, अस्पतालका कार्यकारी निर्देशक डा.दीर्धराज आर.सी. को तर्फबाट रू.४,००,०००।-, आकस्मिक कक्षका विभागीय प्रमुख डा. दिनेश लम्सालको तर्फबाट रू.३,००,०००।- र उपचारमा प्रत्यक्ष संलग्न डा.राजिव थपलियाको तर्फबाट रू.३,००,०००।- गरी जम्मा रू.२०,३६,९५६।- (बिस लाख छत्तिस हजार नौसय छप्पन्न मात्र) पीडित उजुरीकर्तालाई भराइदिन पाउने गरी भएको जिल्ला क्षतिपूर्ति समितिको मिति २०७४।०४।१२ को निर्णयलाई केही उल्टी गरी मिति २०७५।०६।०९मा चिकित्सकहरूबाट समेत क्षतिपूर्ति भराउने गरेको सुरू निर्णय सो हदसम्म केही बदर भइ प्रतिवादी निजामती कर्मचारी अस्पतालको तर्फबाट क्षतिपूर्तिबापतको जम्मा रू.२०,३६,९५६।- (बिस लाख छत्तिस हजार नौ सय छप्पन्न मात्र) निवेदकले भराइपाउने गरी भएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम्।

**५५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-WO-०३६४, उत्प्रेषण, प्रा. डा. मनराज कोलाक्षपति वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

त्रिभुवन विश्वविद्यालयले यस अदालतमा पठाएको मिति २०७८।३।१६, च.नं. ५७६।०७८।०७९ को पत्रमा हाल कृषि क्याम्पस रामपुरका कर्मचारी र भौतिक संरचनाहरू आफ्नो मातहतमा आएको र

त्रिभुवन विश्वविद्यालयलाई चितवनकै शक्तिखोर, जुटपानी र चैनपुरमा कृषि क्याम्पस सञ्चालन गर्न नेपाल सरकारबाट जग्गा उपलब्ध गराउने तथा उक्त स्थानमा भौतिक संरचना निर्माण गर्न आ.ब. ०७४/०७५ मा रू.१५०,०००,०००।- (पन्ध्र करोड) उपलब्ध गराउने र हेटौंडामा रहेको वन क्याम्पसको नाममा रहेको जग्गामध्ये ६० रोपनी जग्गा त्रिभुवन विश्वविद्यालयले कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई हक हस्तान्तरण गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१।७ मा निर्णय भएको र सो निर्णयमा त्रिभुवन विश्वविद्यालयसमेत सहमत भई त्रिभुवन विश्वविद्यालय सभाले मन्त्रिपरिषद्को उक्त निर्णय कार्यान्वयन गर्ने गरी मिति २०७४।४।२९ मा निर्णय गरिसकेको, उक्त निर्णय कार्यान्वयन हुँदा हालको समस्या समाधान हुने उल्लेख भएको र बहसको क्रममा इजलाससमक्ष उपस्थित हुनुभएका दुवै पक्षका कानून व्यवसायीले सो कुरालाई स्वीकार गर्नुभएको हुँदा यस परिवर्तित सन्दर्भमा अब यी दुई विश्वविद्यालयहरूको जिकिरहरूमा प्रवेश गरी अब कुनै फरक प्रकृतिबाट न्यायिक निर्णय गर्नुपर्ने अवस्था भने देखिएन। सो हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

उपर्युक्तबमोजिम निर्णय भएको कारण प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे पनि त्रिभुवन विश्वविद्यालयले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरको नाममा रहेको जग्गामध्ये बिगाहा २९४-१५-१ जग्गा र हेटौंडाको ६० बिगाहा जग्गा गरी ३५४-१५-१ बिगाहा जग्गा कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई हक हस्तान्तरण गर्नुपर्ने र सोको सट्टा त्रिभुवन विश्वविद्यालयलाई नेपाल सरकारले चितवन जिल्ला, शक्तिखोर, जुटपानी र चैनपुरमा जग्गा दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१।७ मा निर्णय भएको र नेपाल सरकारको उक्त निर्णय कार्यान्वयन गर्ने त्रिभुवन विश्वविद्यालय सभाबाट मिति २०७४।४।२९ मा निर्णय भइसकेको अवस्थामा उक्त निर्णय कार्यान्वयन हुँदा प्रस्तुत विवाद समाधान हुने र दुवै विश्वविद्यालयहरूले निर्वाध रूपमा आफ्नो शैक्षिक गतिविधिहरू सञ्चालन गर्न सक्ने अवस्था देखिएको हुँदाहुँदै पनि हालसम्म नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयको नाममा चितवन जिल्ला, शक्तिखोर जुटपानी र चैनपुरको जग्गा नआएको र आ.व. ०७४।०७५ मा भौतिक संरचना स्थापना गर्न दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएबमोजिम रू.१५०,०००,०००।– (पन्ध्र करोड) पनि उपलब्ध भइसकेको नदेखिएको तथा त्रिभुवन विश्वविद्यालयले पनि कृषि तथा वन विश्वविद्यालयलाई जग्गाको हक हस्तान्तरण नगरेका कारण शैक्षिक गुणस्तरको विकासमा काम गर्नुपर्ने दुई विश्वविद्यालयहरू मुद्दा मामिलामा अल्झिनु परेको अवस्था देखिएकाले यस अदालतबाट प्रस्तुत विवाद समाधानका लागि समय नै निर्धारण गरेर निर्देशनात्मक आदेश जारी गर्नुपर्ने देखियो । अतः प्रस्तुत विवाद के कसरी समाधान गर्ने भन्नेमा अझै अन्यौलको अवस्था नरहोस् र दुवै विश्वविद्यालयहरूको पठन पाठनमा थप व्यवधान र नकारात्मक असर नपरोस भन्नका लागि प्रस्तुत विवाद समाधानका लागि निम्नबमोजिम गर्ने गरी निर्देशनात्मक आदेश जारी गरिएको।

नेपाल सरकारको मिति २०७४।१।७ को निर्णयबमोजिम त्रिभुवन विश्वविद्यालयलाई चितवन जिल्ला शक्तिखोर, जुटपानी र चैनपुरमा जग्गा र भौतिक संरचना निर्माण गर्न लाग्ने रू.१५०,०००,०००।– (पन्ध्र करोड) प्रस्तुत आदेश प्राप्त भएका मितिले १२० दिनभित्र सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी त्रिभुवन विश्वविद्यालयलाई उपलब्ध गराउने।

नेपाल सरकारबाट माथि उल्लिखित जग्गाको स्वामित्व र रकम प्राप्त भएका मितिले ६० दिनभित्र त्रिभुवन विश्वविद्यालयले रामपुर कृषि क्याम्पस चितवनको २९४-१५-१ बिगाह र हेटौंडा वन क्याम्पसको ६० बिगाह जग्गा कृषि तथा वन विश्वविद्यालयलाई हक हस्तान्तरण गरिदिने।

उपर्युक्त कार्यका लागि नेपाल सरकार शिक्षा मन्त्रालयले निरन्तर रूपमा दुवै विश्वविद्यालय तथा

अन्य निकायहरूसँग समन्वय गरिदिने।
इजलास अधिकृत: अञ्चन भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७९ साल मंसिर १८ गते रोज १ शुभम्।

**५६**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०३३०, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. विजयप्रसाद थारू*

प्रतिवादीको साथबाट १ ग्राम ५३० मिलिग्राम लागु औषध बरामद भएको भन्नेमा विवाद नरहेको अवस्थामा समेत प्रतिवादीले लागु औषधको कारोबार गरेको वा गर्न सक्दछन् भन्ने शंकारहित वा निर्विवाद ढङ्गले स्थापित वा प्रमाणित नभएसम्म अभियोग मागदाबी लिएकै भरमा वा अभियोजन गरेकै आधारमा मात्र प्रतिवादीले दाबीको कसुर गरेको भनी कसुर स्थापित हुन नसक्ने भएकाले बरामद लागु औषधको मात्रा, बरामद हुँदाको अवस्था, प्रतिवादीको बयान बेहोरा तथा वादी पक्षका साक्षीसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी लागु औषधका दुर्व्यसनी मात्र भएको भन्ने देखिने।

प्रत्यर्थी प्रतिवादीको साथबाट बरामद भएको लागु औषध बिक्री वितरणको लागि ओसारपसार, सञ्चय गरेको तथ्य प्रमाणबाट पुष्टि भएको देखिँदैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दा बरामद भएको लागु औषध बिक्री वितरण, सञ्चय, ओसारपसार प्रयोजनका लागि ल्याएको होइन, कुलतको बानी परेकोले सेवन गर्नका लागि खरिद गरी ल्याएको हो भनी जिकिर गरेको देखिन्छ। सेवन गर्नका लागि पनि कुनै न कुनै मूल्य चुकाई खरिद गर्नुपर्ने, एक ठाउँबाट अर्को ठाउँसम्म लैजानुपर्ने र सेवनका लागि आफ्नो साथमा राख्नुपर्ने कुरा स्वाभाविक हुन्छ । यसलाई नितान्त प्राविधिक अर्थमा हेरी सङ्कुचित अर्थमा ग्रहण गर्नु उचित हुँदैन। व्यापारिक कारोबार प्रकृतिको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा खरिद बिक्रीतर्फको कसुर कायम हुन सक्दछ। त्यसप्रकारको स्थिति नदेखिएसम्म केवल सेवन प्रयोजनका लागि केही लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँमा गएको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसुर ठहर गर्नु मनासिब हुँदैन। मिसिल संलग्न सबुद प्रमाणबाट यी प्रतिवादी विजयप्रसाद थारूले अभियोग मागदाबीअनुसार लागु औषध कारोबारको कसुर गरेको नभई लागु औषध सेवनको कसुर गरेको भन्ने देखिएकोले प्रतिवादी विजयप्रसाद थारूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ठहरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मनासिब नै देखिने।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रत्यर्थी प्रतिवादीलाई सुरू रूपन्देही जिल्ला अदालतबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (छ) (१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू. ५,०००।– (पाँच हजार रुपियाँ) जरिवानासमेत हुने ठहरी भएको फैसलालाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट केही उल्टी गरी प्रतिवादीलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ठहरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुशिला पाण्डे
इति संवत् २०७८ साल असार १५ गते रोज ३ शुभम्।

**५७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CI-१७२५, बाटो निकास खुलाइपाऊँ, ललिता कुमारी साह वि. खुमादेवी अधिकारी आचार्यसमेत*

विपक्षी रक्षा कोइराला नाम दर्ताको साबिक जतुवा कटकप्पा १(ख) हाल विराटनगर ११ को कि.नं. ६४४० को ०-९-१३२/३ को जग्गाको पश्चिमतर्फको उत्तर दक्षिण अन्दाजी ०-०-५ जग्गाको सार्वजनिक बाटोलाई मेटी सच्याई हिंड्डुल गर्न अप्ठ्यारो पारेकोले उक्त बाटोलाई सार्वजनिक निकास

बाटो कायम गरी खुलाइपाउँ भन्ने वादी दाबी रहेको देखियो । रक्षा कोइरालाले उक्त कि.नं. ६४४० को जग्गा मिति २०६८।१।२१ मा कित्ता काट गरी कायम कि.नं. ६६७७ को ०-०-८ जग्गा माधवप्रसाद आचार्यको नाममा र कि.नं. ६६७८ को ०-०-५३/४ जग्गा मन्दिरा रिमालको नाममा राजीनामा गरी दिएको देखिन्छ। कि.नं. ६६७८ को जग्गा मिति २०६८।३।५ मा मन्दिरा रिमालले यी प्रतिवादी ललिता कुमारी साहलाई राजीनामा पारित गरिदिएको देखिन्छ । त्यसैगरी कि.नं. ६६७७ को जग्गामध्येबाट कित्ता काट भई कायम भएको कि.नं. ६६९५ को ०-०-११/४ जग्गासमेत यीनै ललिता कुमारी साहको नाममा मिति २०६८।३।५ मा जग्गा धनी स्रेस्ता पुर्जा बनेको देखिन्छ। प्रस्तुत विवाद कि.नं. ६४४० मा बाटो रहेको भनी मिति २०६७।७।१० मा फिराद दायर भई आएको देखिन्छ । मिति २०६७।७।१० मा उक्त मुद्दाको उठान भए तापनि सुरू अदालतको आदेशानुसार मिति २०६८।५।२० मा नक्सा मुचुल्का भई आएको देखिन्छ। ललिता कुमारी साहलाई सुरू मोरङ जिल्ला अदालतको मिति २०६८।८।२७ को आदेशले मुलुकी ऐन, अदालती बन्दोबस्तको १३९ नं. बमोजिम प्रतिवादी कायम गरी बुझिएकोसमेत देखिन्छ । नक्सा मुचुल्का हुँदा विवादित जग्गा यी पुनरावेदक प्रतिवादीको नाममा कायम भइसकेको अवस्था छ भने हालको जग्गाधनी यी प्रतिवादी ललिता कुमारी साहलाई सो नक्सा मुचुल्कामा रोहबरमा राखेको अवस्थासमेत देखिँदैन। निज ललिता कुमारी साहलाई अ.वं. १३९ नं. बमोजिम प्रतिवादी कायम गरिसकेपछि मिति २०६९।३।२७ मा अदालतसमक्ष गरेको बयानको स.ज. ५ मा वादीको दाबी झुट्ठा हो, मैले जग्गा खरिद गर्दा पनि त्यहाँ सार्वजनिक बाटो थिएन, हाल पनि छैन भनी बाटो भएको तथ्यलाई इन्कार गरी बयान गरेकोसमेतको अवस्थामा ललिता कुमारीलाई अ.वं. १३९ नं. बमोजिम प्रतिवादी कायम गरिसकेपछि निजलाई समेत रोहबरमा राख्नुपर्नेमा सो गरिएको नदेखिएकोले साबिक मिति २०६८।५।२० मा गरेको नक्सा बदर गरी निजकोसमेत रोहबरमा पुनः नक्सा मुचुल्का तयार गरी गराई निर्णय गर्नुपर्ने अवस्था देखिने । यसरी प्रस्तुत विवादमा निज पुनरावेदक प्रतिवादीलाई रोहबरमा राखी नक्सा गरेको नदेखिएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा १४ को उपदफा (१) को देहाय (ग) (घ) बमोजिम सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।९।२३ को फैसला बदर गरिदिएको छ। अब मिति २०६८।५।२० को नक्सा बदर गरी यी प्रतिवादी ललिता कुमारी साहलाई नक्सा मुचुल्काको रोहबरमा राखी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७७ को प्रक्रिया पूरा गरी नक्सा मुचुल्का गरी अरू जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी पुरानो मुद्दा भएकोले मिसिल प्राप्त भएको मितिले ६ महिनाभित्र मुद्दा किनारा गर्नु भनी मिसिल उच्च अदालत विराटनगर पठाइदिने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल साउन ३१ गते रोज १ शुभम्।

## ५८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७०-CI-०८८२, जग्गा खिचोला, इनमाया वि.क. वि. प्रेम दमै*

अदालतबाट भई आएको नक्सा मुचुल्कामा वादीको न.नं. १ को जग्गाको क्षेत्रफल ११३.२२४ वर्ग मिटर रहेको देखिन्छ भने विवादित जग्गा न.नं. २ लाई बाहेक गरी प्रतिवादीको न.नं. ३ को जग्गाको जम्मा क्षेत्रफल ९४.२०८ वर्ग मिटर मात्र रहेको देखिन्छ। अब विवादित न.नं. २ को क्षेत्रफल ३८.३१८ वर्ग मिटर जग्गालाई प्रतिवादीको न.नं. ३ को जग्गामा मिसाई जोड्दासमेत प्रतिवादीको जग्गाको क्षेत्रफल जम्मा १३२.२०८ वर्ग मिटर मात्र भई प्रतिवादीको कि.नं. ९२६ को वास्तविक क्षेत्रफल १४१.१२ वर्ग मिटर जग्गा पुग्नसकेको अवस्था देखिँदैन। प्रतिवादीले खरिद गरी लिएको कि.नं. ९२६ को जग्गाको क्षेत्रफलमा विवादित न.नं. २ को जग्गासमेत जोड्दा

स्रेस्ताबमोजिमको जग्गाभन्दा बढी नभएको अवस्थामा वादीको कि.नं. ९२५ को जग्गा प्रतिवादीले खिचोला गरेको भनी मान्नसक्ने अवस्था नदेखिने।

नक्सा मुचुल्काको कैफियतमा न.नं. ४ को जग्गा वादीले प्रतिवादीको भने तापनि प्रतिवादीले उक्त जग्गा आफ्नो नभएको भनी लेखाएको देखिन्छ । न.नं. ४ को जग्गाको आकृति प्रकृतिबाट समेत प्रतिवादीको न.नं. ३ को जग्गाको आकृति प्रकृतिसँग मिल्न आएको अवस्था पनि देखिँदैन । उक्त जग्गालाई प्रतिवादीकै मान्दासमेत प्रतिवादीको जग्गाको क्षेत्रफल स्रेस्ताबमोजिमको नै हुन आउने देखिन्छ । प्रतिवादी प्रेम दमैले कृष्णबहादुर वि.क.बाट राजीनामा पारित गरी मिति २०५९/११/४ मा खरिद गरी लिएको देखिन्छ । निज कृष्णबहादुर वि.क.ले प्रतिवादीका साक्षी भई अदालतमा गरेको बकपत्रमा जग्गा मिचिएको छैन, फिराद दाबी झुठ्ठा हो भनी वादी दाबी खण्डन हुने गरी लेखाएको देखिन्छ । अंश बन्डाबाट वादीसमेतसँग बाँडफाँट गरी आफ्नो हकको जग्गा बिक्री गर्ने कृष्णबहादुर वि.क. स्वयम्ले उक्त जग्गा खिचोला भएको होइन भनी स्पष्ट पारेको अवस्था देखियो । सो हुँदा वादीको जग्गा नपुगेको भन्दैमा यी प्रतिवादीले खरिद गरी लिएको जग्गाभन्दा बढी क्षेत्रफल भोगचलन नगरेको देखिएको अवस्थामा प्रतिवादीको जग्गाबाट वादीको जग्गा पुर्‍याइदिनुपर्ने भन्नु न्यायसङ्गत हुने नदेखिने।

तसर्थ प्रतिवादीले वादीको कि.नं. ९२५ को जग्गा खिचोला गरेको अवस्था नदेखिँदा सुरू म्याग्दी जिल्ला अदालतबाट वादी दाबी अनुसारको खिचोला नठहर्ने गरी भएको मिति २०६९/९/१७ को फैसलालाई केही उल्टी गरी विवादित न.नं. २ को जग्गामध्येको वादीको भोगको न.नं. १ को जग्गाभन्दा उत्तरतर्फको ९.६६ वर्ग मिटर जग्गा प्रतिवादीको कब्जा खिचोला मेटाई उक्त जग्गा वादीलाई चलन चलाइदिने ठहरेको पुनरावेदन अदालत बागलुङको मिति २०७०/७/१२ को फैसला नमिलेको हुँदा उल्टी भई सुरू जिल्ला अदालतको फैसलाबमोजिम वादी दाबी खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल मंसिर २८ गते रोज ३ शुभम्।

## इजलास नं. ७

### ५९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-०१४७, मानव अपहरण तथा शरीरबन्धक तथा डाँका, नेपाल सरकार वि. कुमार गुरूङसमेत*

पुनरावेदक प्रतिवादी कुमार गुरूङले आफूलाई नचिनेका व्यक्तिहरूले अपहरण गरी ९ दिनपछि छाडेको र सोही दिन पक्राउ परेको हुँ भनी बयान गरे पनि त्यस्तो अपहरणका सम्बन्धमा कानूनी उपचारको कुनै बाटो अवलम्बन गरेको वा आफू अपहरणमा परेको पुष्टि हुने कुनै सबुत प्रमाण पेस गर्न सकेको पाइँदैन । मौकाको आफ्नो साबिती बयान स्वेच्छा विपरीत यो यस कारणले हुन गएको हो भनी विश्वसनीय आधारसमेत प्रस्तुत गर्न सकेको पनि देखिँदैन । यस स्थितिमा निजको मौकाको साबिती, अन्य प्रतिवादीहरूले कसुर गरेकोमा आफू साबित भई यी प्रतिवादीलाई समेत पोल गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको, घटना विवरण कागज गर्ने महेश सारडालगायतका अन्य व्यक्तिहरूले आफ्नो मौकाको कागज समर्थन गरी अदालतमा गरिदिएको बकपत्र, घटनास्थल प्रकृति मुचुल्कासमेतका तथ्य प्रमाणबाट निजउपरको जाहेरी बेहोरा समर्थित हुन गई अभियोग दाबीको कसुरमा निजको संलग्नता रहेभएको पुष्टि हुन आएकोले अनुसन्धानको बयानलाई प्रमाणमा लिन नमिल्ने, कसुरसँग सम्बन्धित वस्तु सामाग्री आफूबाट बरामद नभएकोले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भनी लिएको पुनरावेदन जिकिर तथा निजका तर्फबाट प्रस्तुत गरिएको बहस जिकिरसँग सहमत हुन

नसकिने ।

पुनरावेदक प्रतिवादी निरञ्जन खनालको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, वारदातको दिन आफू भारत भएकोले म वारदातमा संलग्न छैन, अनुसन्धानको बयान मेरो होइन भनी कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि प्रतिवादीहरू कुमार गुरूङ, निरञ्जन खनाल, दावा दोर्जे भन्ने हेमकुमार लामा, कुमार राई, टेकबहादुर लामा, बत्तिमान लामासमेतले प्रतिवादीहरूबिच पीडित महेश सारडाको घरमा डाँका गरी निजलाई अपहरण गर्ने योजना बनाई वारदातको दिन डाँका गरी पीडित महेश सारडालाई अपहरण गरी फिरौती लिई छाडेको हो भनी परस्पर कसुरमा संलग्नता रहेको पोल गरी साबिती बयान गरेको देखिन्छ । घटना विवरण कागज गर्ने पीडित भनिएका महेश सारडासमेतले मौकाको कागज बेहोरा समर्थित हुने गरी निज प्रतिवादीको समेत उक्त वारदातमा संलग्नता रहेको भनी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादी निरञ्जन खनाललगायत अन्य प्रतिवादीहरूले डाँका गरी पीडितलाई अपहरण गरी फिरौती रकम लिने गरी योजना बनाई वारदातको दिन योजना मुताबिक कार्य कसुर भएको भनी आफूसमेत साबित भई अनुसन्धान अधिकारीसमक्ष निज प्रतिवादीले साबिती बयान गरेको देखिन्छ । आफू वारदातमा संलग्न नभई सो समयमा भारतमा रहेको भनी अदालतको बयानमा प्रतिवादीले उल्लेख गरे पनि सो कुरालाई भरपर्दो र विश्वसनीय प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । अनुसन्धान अधिकारीसमक्षको बयान यातना दिएर स्वेच्छा विपरीत भएको भन्ने वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न देखिन आएन । उक्त साबिती अन्य प्रतिवादीहरूको बयान बेहोराबाट समेत समर्थित भइरहेको, निजउपर कसुरमा संलग्नता रहेको भन्ने पीडितको मौकाको कागज समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएकोसमेतका तथ्य प्रमाणबाट निजउपरको जाहेरी बेहोरा समर्थित हुन गई अभियोग दाबीबमोजिमको कसुरमा निजको संलग्नता रहे भएको पुष्टि हुँदा निजले पुनरावेदनमा लिएको जिकिर एवम् निजको तर्फबाट प्रस्तुत भएको बहस जिकिरसँग समेत सहमत हुन नसकिने ।

प्रतिवादीहरू अमर टण्डन, राजेश अग्रवाल र रवि शेरचनलाई अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला नमिलेकोले अभियोग मागदाबीबमोजिम नै सजाय गरिनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा प्रतिवादी अमर टण्डनले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा निज डिल्लीबजार कारागारमा थुनामा रहँदा डाँका मुद्दामा थुनामा परेका हेमकुमार लामा र जबरजस्ती चोरी मुद्दामा थुनामा परेका निरञ्जन खनालसँग चिनजान भएको, निजहरू दुवै जना जेलबाट छुटेपछि कहिलेकाहीँ भेटघाट गर्न निरञ्जन खनाल आउने गर्दथे, हेमकुमार लामासँग भेट भएको छैन, मैले मोहीत भन्ने भारतीय नागरिकसमेतलाई चिन्दिँन, महेश सारडाको घरमा डाँका चोरी गरी निजलाई अपहरण गरी बन्धक बनाई रकम लिने कार्यमा मेरो संलग्नता छैन भनी उल्लेख गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा अभियोग दाबीको कसुरमा आफ्नो संलग्नता नरहेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । त्यसै गरी प्रतिवादी राजेश अग्रवालले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा अनिल सारडाको घरमा डाँका गर्ने तथा महेश सारडालाई अपहरण गरी फिरौती लिनेसमेतको कार्यमा मेरो कुनै संलग्नता छैन । निजहरूलाई म चिन्दिन, जाहेरीसमेतमा उल्लिखित कुमार राई, हेमकुमार लामा, निरञ्जन खनालसमेतलाई चिन्दिँन, अमर टण्डन भने चिनजानका व्यक्ति हुन् भन्नेसमेत बेहोरा उल्लेख गरी निजले अदालतमा म हाल जेलमा रहेको र मैले जाहेरवाला एवम् प्रतिवादीसँग चिनजान नै नभएको हुँदा मैले जाहेरवालालाई निजबाट फिरौती माग गरी अपहरण गरेको भन्ने अभियोग दाबी झुट्टा हो भन्नेसमेत बेहोराको इन्कारी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूउपर दुरूत्साहन र आदेश दिएको भनी मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ४ नं. को कसुरमा अन्य प्रतिवादीहरूसरह नै सजाय हुन अभियोग मागदाबी रहेको देखियो ।

निजहरू वारदात समयमा कारागारमा थुनामा रहेको भन्ने विषयमा विवाद रहेन । अन्य प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्षको बयानमा निज प्रतिवादीहरूलाई पोल गरेको देखिएतापनि कसुर गर्न अन्य प्रतिवादीहरू निज रहेको कारागार जस्तो स्थानमा आई भेटी वा अन्य कुनै माध्यमबाट अभियोग दाबीको कसुर गर्ने योजना सल्लाह, आदेश दिएको भन्ने वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । निजहरूले अभियोग दाबीको कसुरमा संलग्नता रहेको पुष्टि हुने अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा केवल सहअभियुक्तहरूले अनुसन्धान अधिकारीसमक्षको बयानमा निज प्रतिवादीहरूसमेतलाई पोल गरेकै आधारमा मात्र कसुर गरेको हो भनी निष्कर्षमा पुग्नु न्यायसङ्गत हुन नआउने।

प्रतिवादी रवि शेरचनका हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरीमा उल्लिखित व्यक्तिहरूमध्ये कुमार राईसँग मेरो राम्रो चिनजान छ। अन्य व्यक्तिहरूलाई म चिन्दिँन। मिति २०६६।२।२२ गते महेशकुमार सारडाको घरबाट धनमाल डाँका गरी निजलाई कुमार राई, हेमकुमार लामा, निरञ्जन खनालसमेतका व्यक्तिहरूले अपहरण गरी बन्धक बनाई फिरौती रकमसमेत लिएको भन्ने थाहा पाएको हो । जाहेरवाला तथा पक्राउ प्रतिवादीहरूले उक्त कार्यमा मेरो संलग्नता रहेको भनी किन बयान गरे खुलाउन सक्दिन भन्नेसमेत बेहोराको बयान रहेको देखिन्छ भने निजको अदालतको बयानमा जाहेरी बेहोरा झुट्टा हो। मैले अपहरित तथा जाहेरवाला कसैलाई चिनेको नहुँदा किन झुट्टा बेहोरासँग मेरो नाम किटानी गरे मलाई थाहा छैन भन्नेसमेत बेहोराका साथ इन्कारी बयान गरेको देखिन्छ । निजले अनुसन्धान अधिकारी र अदालतसमक्ष दिएको इन्कारी बयानलाई खण्डन हुने गरी वादी पक्षले कुनै सबुत पेस गर्न सकेको पाइँदैन । निजउपर प्रहरीमा पोल गर्ने ठाकुर थापा र दिपक थापाको बकपत्रसमेत हुन नसकी निजहरूको अनुसन्धानको क्रममा गरिएको पोल समर्थित हुन सकेको देखिएन । निजबाट कसुरजन्य सामान पनि बरामद नभएको अवस्था छ । सहअभियुक्तमध्येका केहीले निजको कसुरमा संलग्नता रहे नरहेको थाहा छैन भनी लेखाइदिएको देखिने । प्रतिवादीको सँगसाथबाट कसुरजन्य कुनै दसीका सामान बरामद नभएको, सहअभियुक्तमध्येका केहीले कसुरमा संलग्नता रहेको बारेमा अनभिज्ञता देखाएको, मौकामा प्रहरीमा पोल गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई बकपत्र नगरेको, प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको, सो इन्कारी बयान खण्डन हुने गरी वादी पक्षबाट कुनै सबुत पेस गर्न नसकेको अवस्थामा केबल जाहेरीकै आधारमा मात्र दोषी करार गर्न उपयुक्त हुन नआउने।

प्रतिवादी दिपेन्द्र तिमिल्सिनालाई अभियोग दाबीबमोजिम डाँका कसुरमा पनि सजाय हुनुपर्ने भन्ने नेपाल सरकारले लिएको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादी दिपेन्द्र तिमिल्सिनाले अदालतमा बयान गर्दा आफू अभियोजित कसुरमा निर्दोष रहेको भनी इन्कारी बयान गरेको देखिए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष मैले चिनेका निरञ्जन खनालले मेरो घरमा मोहीत भन्ने भारतीय नागरिकलाई ल्याई चिनाए, मलाई आर्थिक प्रलोभनमा पारेकोले मेरो घरमा रहेको कुखुरा पाल्ने काली घर दिएको र जाहेरीमा उल्लेख भएका हेमकुमार लामासमेतले महेश सारडाको घरमा डाँका चोरी गरेपछि महेश सारडालाई नियन्त्रणमा लिई मेरो घरमा कुखुरा पाल्ने उक्त काली घरमा ल्याई बन्धक बनाई फिरौती रकम लिई छाडेको हो। मैले भाग बन्डा रकम नपाएकै अवस्थामा पक्राउ परेको हुँ भनी बयान गरेको देखिन्छ। निजले पीडितलाई आफ्नो घरको कुखुरा पाल्ने खाली घरमा बन्धक बनाई राख्नको लागि ठाउँको बारेमा कुराकानी भएको भन्ने सहअभियुक्तको अनुसन्धानको क्रममा भएको भनाइबाट देखिएको छ । मौकाको कागजलाई समर्थन गर्दै पीडित महेश सारडाले समेत अदालतमा बकपत्र गरेको भए पनि निज पनि डाँकाको कसुरमा संलग्न रहेको कुरामा स्पष्ट रूपमा भन्न सकेको

देखिँदैन । अन्य घटना विवरणका मानिससमेतले डाँकाचोरीमा निजको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको भनी खुलाउन सकेको देखिँदैन । प्रतिवादीले अनुसन्धानको क्रममा पीडितलाई आफ्नो घर कम्पाउन्डमा कुखुरा पाल्ने घरमा बन्धक बनाइराखेको कुरामा स्वीकार गरे पनि डाँकाको कसुर गरेमा इन्कार रहेको, निजबाट डाँकाको कसुरसँग सम्बन्धित सामान नगद केही पनि दसीका सामान बरामद भएको नदेखिएको र प्रतिवादी उक्त डाँकाको वारदातमा समेत संलग्न भएको वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन नसकेकोबाट प्रतिवादी दिपेन्द्र तिमिल्सिनाको उक्त वारदातमा डाँकाको कसुरमा पनि संलग्नता रहेको भन्ने पुष्टि हुन नआएकोले निजलाई डाँकाको कसुरमा पनि सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर एवम् बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीमध्येका कुमार गुरूङ, कुमार राई, बत्तिमान लामा, टेकबहादुर तामाङ, दावा दोर्जे भन्ने हेम कुमार लामा र निरञ्जन खनालका हकमा मुलुकी ऐन, चोरीको महलको ६ नं. र अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १,२ नं. बमोजिमको कसुरमा बरामद नगद रू.१७,०००।- र बरामद सामानको मूल्य रू.२,३६०३४।- गरी जम्मा रू.२,५३,०३४।- बराबरको पीडित महेश सारडाको धनमाल डाँका गरेकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र बिगो रू.२,५३,०३४।- को बिगोको डेढीले हुने रू.३,७९,५५१।- जरिवाना भई बरामद सामान फिर्ता लगिसकेकोले नगद रू.१७,०००।- सम्म पीडितले भरिपाउने, निज प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धक लिने महलको ३ नं. ले जनही ४ वर्षका दरले कैद र रू.२५,०००।- का दरले जरिवानासमेत हुने, हुल भई सङ्गठित रूपमा अपहरण गरी शरीर बन्धक बनाएको देखिएकोले ऐ. को ७ नं. बमोजिम २ वर्षका दरले थप कैद सजायसमेत हुने, पीडित महेश सारडालाई अपहरण गरी बन्धक बनाई आठौं दिनमा मुक्त गरेको भन्ने देखिँदा पीडितले प्रतिवादीहरूबाट ७ दिनको प्रतिदिन रू.५००।- का दरले ऐ. को १२ नं. बमोजिम रू.३५००।- क्षतिपूर्तिसमेत भरिपाउने, प्रतिवादीमध्येका दिपेन्द्र तिमिल्सिनाको हकमा निजउपर डाँकाको अभियोग स्थापित नभएबाट चोरीको महलको ६ नं. को कसुरमा ऐ.को १४(४) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने अभियोग दाबी पुग्न नसक्ने तर मानिस अपहरण गर्ने योजनामा निज पनि संलग्न भएको पुष्टि भएकोले निजलाई अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १,२ नं. को कसुरमा ३ नं. बमोजिम ४ वर्ष कैद रू.२५,०००।- जरिवाना र ऐ. को ७ नं. बमोजिम थप २ वर्ष कैद सजाय हुने र क्षतिपूर्तिबापतको रू.३५००।- यी प्रतिवादीसमेतलाई भाग लाग्ने र प्रतिवादीमध्येका रवि शेरचन, अमर टण्डन एवम् राजेश अग्रवालउपरको अभियोग दाबी पुग्न नसकी निजहरूले सफाइ पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।२।३ मा भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।६।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मन्दिरा शाही

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल मंसिर १९ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

### ६०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७५-CR-०२०५, कर्तव्य ज्यान, गोमती भन्ने गीता मगर वि. नेपाल सरकार*

प्रतिवादी गोमती भन्ने गीता मगरले बयानको क्रममा आफूलाई पतिले मादक पदार्थ रक्सी सेवन गरी कुटपिट गर्ने, झगडा गर्ने गरेको र वारदातको दिनसमेत रक्सी खाएर आई कुटपिट गर्न लागेपछि

मैले निजलाई नजिकै रहेको बञ्चरोको बिँडले हानी तथा हँसियासमेतले हानी सख्त घाइते बनाई बेहोस भएको र उपचार गर्न लैजाँदै गर्दा निजको मृत्यु भएको हो भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादी गोमती भन्ने गीता मगरले आफूलाई पतिले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने गरेको भनी बयान गरेको देखिए पनि सोबाहेक मृतक पतिले पुनरावेदक प्रतिवादी गोमती भन्ने गीता मगरलाई चरम हिंसा गरी निजउपर बारम्बार चोट, प्रहार, धक्का (Trauma) पुऱ्याएको, निजको अस्मितामा आँच पुग्ने गरी विभिन्न किसिमको लाञ्छना लगाएको एवम् दुर्व्यवहार गरेको वा निजको ज्यान मार्ने धम्कीजस्ता कुराहरू गरेको तथ्य स्थापित एवम् पुष्टि हुने अन्य सबुद प्रमाणहरू मिसिल संलग्न रहेको देखिन नआएकोले यस अदालतबाट मिति २०७६।१०।१९ मा प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने।

साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी गोमती भन्ने गीता मगरलाई १२ वर्ष कैद गर्न न्यायोचित देखिएको भनी उच्च अदालत, तुलसीपुर नेपालगन्ज इजलासबाट राय व्यक्त भएको सन्दर्भमा विचार गर्दा, मुलुकी ऐन, अ.बं. १८८ नं. मा "ऐनले सर्वस्वसहित जन्म कैद वा जन्म कैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले पतिले आफूलाई मादक पदार्थ रक्सी सेवन गरी कुटपिट गर्ने गरेको, पतिलाई मार्नुपर्नेसम्मको रिसइवी, योजना नभएको, मृतक पतिले आफूलाई कुटपिट गर्न लागेपछि आफूले प्रहार गरेको चोटको कारण निजको मृत्यु भएको भनी कसुर स्वीकार गरी न्यायिक कार्यमा सहयोग गरेको देखिन्छ । प्रतिवादीको २ छोरा १ छोरी रहेकोमा बाबुको मृत्यु भएको र आमा प्रतिवादी गोमती भन्ने गीता मगर न्यायिक प्रक्रियाको रोहमा कारागारमा रहनुपरेको अवस्थामा निज नाबालिग छोराछोरीको स्याहार सम्भारमा प्रतिकूल अवस्था सिर्जना हुन गएको देखिन्छ। प्रतिवादीको आम्दानीको स्रोत नभई ज्याला मजदुरी गरी जीवन निर्वाह गरेको देखिन्छ। यस अवस्थामा सन्तानको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने स्थितिसमेतलाई मध्यनजर गरी प्रतिवादीलाई १२ (बाह्र) वर्ष सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम निज प्रतिवादी गोमती भन्ने गीता मगरलाई १०(दश) वर्ष कैद सजाय गर्दासमेत ऐनको मकसद पूरा हुने नै देखिने।

प्रतिवादी गोमती भन्ने गीता मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर गरी सुरू बाँके जिल्ला अदालतको मिति २०७३।०६।१० को फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।०६।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ मा सर्वस्वसहित जन्म कैदको व्यवस्था नरहेबाट निज प्रतिवादीलाई जन्म कैदको सजाय हुने देखिन्छ । सजायको हकमा निज प्रतिवादी गोमती भन्ने गीता मगरलाई सुरू तथा उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासबाट तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम राय व्यक्त भएको १२ (बाह्र) वर्ष कैदको सजाय चर्को पर्ने देखिएकोले निजलाई १० (दश) वर्ष कैद कायम गर्दासमेत ऐनको मकसद पूरा हुने नै हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण र

कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम प्रतिवादी गोमती भन्ने गीता मगरलाई १० (दश) वर्ष कैद हुने।

इजलास अधिकृत (उपसचिव): इन्द्रकुमार श्रेष्ठ
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम्।

## इजलास नं. ९

६१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-१२६५, कर्तव्य ज्यान, नेपाल सरकार वि. विन्दु शर्मासमेत*

प्रतिवादी चन्दन शर्मालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगरको फैसला सो हदसम्म सदर हुने।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) मा रहेको उपर्युक्त कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगरबाट यी प्रतिवादीलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय भएकोमा मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा भएको व्यवस्था र २०७५ भाद्र १ गतेदेखि यो संहिता लागु भईसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी चन्दन शर्मालाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: शोभा पाठक
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७८ साल असोज ७ गते रोज ५ शुभम्।